# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ७, अङ्क १३, पूर्णाङ्क २८३ | २०७८ असोज १३ गते बुधबार | Wednesday, 29 Sep 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपा दैलेखद्वारा शाहीप्रति हार्दिक श्रद्धाञ्जली

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी दैलेखले पार्टीका जिल्ला सदस्य देवबहादुर शाहीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ । शनिबार जिल्ला सेक्रेटरी दीपेन्द्रले शोक वक्तव्यमार्फत ठाँटीबाँध गाउँपालिका वडा नं. ६ निवासी देवबहादुर शाहीको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचारका क्रममा अकल्पनीय दुःखद् निधनले सिङ्गो पार्टी मर्माहत भएको बताएका छन् । साथै उनले शाहीप्रति हार्दिक श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरेका छन् ।

शोक वक्तव्यमा भनिएको छ, 'हाम्रो महान् तथा जनप्रिय पार्टी नेकपा दैलेख जिल्ला समिति सदस्य ठाँटीबाँध गाउँपालिका वडा नं. ६ निवासी कमरेड देवबहादुर शाहीको हिजो राती १०:३० बजेतिर उपचारका क्रममा क्षेत्रीय अस्पताल सुर्खेतमा अकल्पनीय दुःखद् निधन भएको छ । उहाँको निधनले सिङ्गो पार्टी मर्माहत

... बाँकी पृष्ठ ३ मा

# वैज्ञानिक समाजवादबारे गम्भीर छलफल र बहस गर्दै नेपाल कम्युनिस्ट पार्टी

## क्रान्ति पूरा गर्न क्रान्तिकारी विचार र क्रान्तिकारी पार्टी अनिवार्य : महासचिव विप्लव

■ आशीषकुमार चौधरी/चितवन





**पर्सा, चितवन ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले सही विचार क्रान्तिको प्रमुख सर्त भएको बताएका छन् । क्रान्तिकारी आन्दोलनका लागि सही क्रान्तिकारी विचार निर्माण गरिसकेपछि त्यो विचार लागू गर्न क्रान्तिकारी पार्टी निर्माण गर्नुपर्ने र त्यसपछि क्रान्तिकारी कार्यदिशा निर्माण गर्नु त्यसको अनिवार्य सर्त हुने स्पष्ट पार्दै महासचिव विप्लवले क्रान्तिकारी विचारसहितको कार्यदिशा लागू गर्ने काम क्रान्तिकारी पार्टीको रहेको बताएका छन् ।

चितवनको पर्सामा सोमबारबाट सुरु भएको पार्टीको केन्द्रीय वैचारिक-राजनीतिक प्रशिक्षण कार्यक्रममा उद्घाटन मन्तव्य राख्दै महासचिव विप्लवले भने, 'कैयौं मान्छेका अनुमानहरूलाई असफल गर्दै हामीले सही क्रान्तिकारी कार्यदिशा बनायौं र त्यसलाई लागू गर्यौं । संसद्वादका विरुद्ध हामीले धावा बोल्यौं र विद्रोह गर्यौं । यो धेरैलाई विश्वास थिएन । दलाल पुँजीवादविरुद्धको विद्रोहको प्रमाण आजको कार्यक्रम हो । यो संसद्वादका विरुद्धको विद्रोह र सफलता हो । ठूला-ठूला धक्काहरूको बीचबाट, थुप्रै खालका सफलता-असफलताहरूका बीचबाट मात्र यो सफल हुनेछ । हामीले जनयुद्धको रगतमा एकीकृत जनक्रान्तिका १२ जनाको रगत मिसाएर आएका छौं । एकीकृत जनक्रान्तिको प्रक्रियामा १२ जना कमरेडको रगत बगेको छ भने २५ सयभन्दा बढी कमरेडको जेल-नेल र झूट्टा मुद्दा बेहोरेका छौं ।'

आफ्नो पार्टीले एकीकृत जनक्रान्तिका ७ आधार पेस गर्दै जनक्रान्तिको संश्लेषण गरेर जनतामा गएको र अन्तिम सफलताको शिखरतिर अघि बढ्ने र विजय प्राप्त गर्ने क्रान्तिकारी पार्टी निर्माण भइरहेको बताएका छन् । उनले भने, ' कमरेड माओले भनेझैं क्रान्ति भनेको गतिमा हुन्छ । गतिशील भएन भने क्रान्ति सम्भव छैन । पुराना चिन्तनहरूलाई नभत्काएसम्म हामी सफलता प्राप्त गर्न सक्दैनौं ।' अहिले भइरहेको पार्टीको प्रशिक्षण संसद्वाद र फासिवादविरुद्धको विजयको सङ्केत भएको भन्दै निःसर्त क्रान्तिमा हामफाल्ने पङ्क्ति जरुरी भएको महासचिव विप्लवले बताए । दलाल सत्ताका विरुद्ध विद्रोह नगरी क्रान्ति सम्भव नभएको भन्दै महासचिव विप्लवले वैचारिक रूपमा स्पष्ट, राजनीतिक रूपमा सशक्त

... बाँकी पृष्ठ ७ मा

## जनपत्रकार सङ्गठन लुम्बिनी प्रदेशमा दीपेश

**घोराही ।** नेपाल कम्युनिस्ट पार्टी निकट जनपत्रकार सङ्गठन नेपाल लुम्बिनी प्रदेशको प्रथम सम्मेलन सम्पन्न भएको छ । प्रथम सम्मेलनले दीपेश बिष्टलाई अध्यक्षमा निर्वाचित गरेको छ । दाङको घोराहीमा आइतबार सम्पन्न सम्मेलनले २१ सदस्यीय प्रदेश समिति चयन गरेको हो ।

समितिको उपाध्यक्षमा राजेन्द्र रावत क्षेत्री (प्युठान), सचिवमा अनिल नेपाली (अर्घाखाँची), सहसचिवमा केबी गुरुङ (रोल्पा) र बिहानी मगर (रूपन्देही), कोषाध्यक्षमा मुक्ति गैरे (पाल्पा) रहेका छन् भने अन्य रिक्त पदमा पछि थप हुने गरी सदस्यहरूमा हर्कबहादुर घर्ती (रोल्पा), प्रदीप पाठक (नवलपरासी),

... बाँकी पृष्ठ ३ मा

## शिक्षक सङ्गठनद्वारा अधिकारीको स्मृतिमा सभा

**रूपन्देही ।** अखिल नेपाल शिक्षक सङ्गठन रूपन्देहीको आयोजनामा शिक्षक नेता शेरबहादुर अधिकारीको निधन भएको १३ औं दिनमा बुटवलस्थित कालिका मानवज्ञान माविमा श्रद्धाञ्जली सभा सम्पन्न भएको छ ।

श्रद्धाञ्जली कार्यक्रममा प्रमुख अतिथि तथा सङ्गठनका केन्द्रीय उपाध्यक्ष गुणाखर भट्टराईले शेरबहादुर अधिकारीको निधनले सङ्गठनका साथै शैक्षिक र पेसागत आन्दोलनमा क्षति पुगेको बताए । उनले अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय सदस्य तथा नेपाल

... बाँकी पृष्ठ ३ मा

### पोखरामा राता मान्छेहरूको मार्च पास्ट

## सहमति लागू नगरिए घेरा तोडेर जनतामा जान्छौं : महासचिव विप्लव

■ रातोखबर संवाददाता/

**चिप्लेढुङ्गा, पोखरा**

नेकपाका महासचिव विप्लवले यो सरकारले इमानदारीपूर्वक ३ बुँदे सहमति कार्यान्वयन नगरी नेकपामाथि कुनै सर्त थोपर्‍यो भने घेरा तोडेर जनतामा जाने उद्घोष गरेका छन् । पोखरा चिप्लेढुङ्गास्थित मानवअधिकार चोकमा अखिल क्रान्तिकारीको २२ औं राष्ट्रिय सम्मेलनको उद्घाटनपछि रातो पोसाक लगाएका क्रान्तिकारी विद्यार्थी, युवा र जनसमुदायलाई सम्बोधन गर्दै महासचिव विप्लवले सरकारतर्फ लक्षित गर्दै भने, 'तपाईंहरूले हामीसँग गरेको तीनबुँदे सहमति लागू गर्नुभएन भने र अन्य कुनै सर्त थोपर्नीतिर लाग्नुभयो भने जनतालाई साथमा लिएर यो घेरा तोड्नेछौं ।'

शेरबहादुर देउवा नेतृत्वको सरकारले राष्ट्रघाती अमेरिकी परियोजना एमसीसी पारित गरेर सेना र प्रहरीलाई सुरक्षाको जिम्मा दिन लागेको प्रति सङ्केत गर्दै महासचिव विप्लवले राष्ट्रको सुरक्षाको जिम्मा लिएको सेना र प्रहरीले राष्ट्रघाती शासकहरूलाई साथ दिन नसक्ने र उनीहरूलाई पक्राउ गरेर देशभक्तहरूलाई जिम्मा लगाउनुपर्ने पनि प्रस्ट पारे । उनले भने, 'सेनाले सधैं गल्ती गर्दै र राष्ट्रघात गर्दै देश र जनतालाई कङ्गाल बनाउने शासकलाई साथ दिन्छ भन्ने छैन । त्यस्तै प्रहरीले पनि भ्रष्टाचारी र अपराधी शासकहरूलाई सुरक्षा दिइरहन्छ भन्ने छैन । देशका प्रशासकहरूलाई पनि यो सत्ताले देश र जनताको रक्षा र विकास गर्छ भन्ने विश्वास छैन । सेना र प्रहरी राखेर एमसीसीजस्तो राष्ट्रघाती सम्झौता पारित नगर । देश नबेच ।'

दलाल पुँजीवादी संसदीय व्यवस्था चौतर्फी असफल भएको

... बाँकी पृष्ठ ७ मा

### अखिल (क्रान्तिकारी) को अध्यक्षमा प्रकाश शाही निर्वाचित

## वैज्ञानिक समाजवादी शिक्षानीति पारित गर्दै २२ औं राष्ट्रिय सम्मेलन सम्पन्न

■ अशोक सुवेदी, बैदाम, पोखरा




अखिल क्रान्तिकारीको २२ औं राष्ट्रिय सम्मेलन प्रकाश शाहीलाई अध्यक्षमा निर्वाचित गर्दै वैज्ञानिक समाजवादी शिक्षाका लागि सङ्घर्ष गर्ने निर्णयका साथ शनिबार पर्यटकीय नगर पोखरामा सम्पन्न भएको छ ।

सम्मेलनले २४ जना छात्रासहित १०५ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको छ । नवनिर्वाचित केन्द्रीय समितिका पदाधिकारीहरूमा उपाध्यक्ष नरेन्द्र विक, महासचिव मिलन राई, सचिव वीरेन्द्र शाह र कोषाध्यक्षमा रूपा बुढामगर रहेका छन् । नवनिर्वाचित महिलाहरूमा कलसा शाही (सहिद प्रज्वल शाहीकी बहिनी), करिस्मा भट्टराई, रूपासिंह ठकुरी, छाया सापकोटा, यशोदा बम, सुषमा चौधरी, कला अधिकारी, सपना मगर, कपिला अधिकारी, डा. मान्यता थापा, प्रेरणा बुढा, अमला घर्ती, सङ्गीता विक, लक्ष्मी शाह, तारा सञ्ज्याल, रवीना, अस्मिता कुमाल, कमला परियार, जानकी खत्री, इन्दु वली, नतशा सुवेदी, प्रीतिमा चौधरी, रूपा बुढा रहेका छन् ।

... बाँकी पृष्ठ ७ मा

## पोखरा र चितवनमा महासचिव विप्लवसहित नेताको भव्य स्वागत



■ रातोखबर संवाददाता/काठमाडौं

नेकपाका महासचिव विप्लव, प्रवक्ता प्रकाण्ड, सचिवालय सदस्यहरु कञ्चन र सुदर्शनको भव्य स्वागत भएको छ । अखिल क्रान्तिकारीको २२ औं राष्ट्रिय सम्मेलन उद्घाटन गर्न पोखरा आएका र पार्टीको केन्द्रीय वैचारिक राजनीतिक प्रशिक्षण सम्पन्न गर्न चितवन आएका पार्टीका नेताहरुलाई पार्टी नेता-कार्यकर्ता र स्थानीय जनसमुदायले भव्य स्वागत गरेका हुन् ।

उसै त प्राकृतिक रूपले रमणीय नगर पोखरा, त्यसमाथि क्रान्तिकारीले झन्डा, ब्यानर र तुलहरूले झिलिमिली पारेर सिँगारेको । तनहुँमा पार्टीको केन्द्रीय समितिको एघारौं

... बाँकी पृष्ठ ७ मा

# पुँजीवाद कि वैज्ञानिक समाजवाद ?

**देश/परिवेश**

■ विप्लव



**ग) राजतन्त्रात्मक दृष्टिकोण**

नेपालको सङ्कटलाई स्वीकार गर्ने मात्र होइन, सङ्कटको कारण संसदीय व्यवस्था हो भन्नेसमेतलाई मान्ने तर कति भने गणतन्त्र ल्याउनु वा राजतन्त्र फाल्नु नै यसको मुख्य कारण हो भन्ने शक्ति पनि छ । देशमा अस्थिरता, अराजकता एवम् राष्ट्रियताको समस्या चर्किएर जानुमा राजतन्त्र फाल्नु वा नहुनु हो भन्ने यसको मत रहेको छ । त्यसमा पूर्वराजावादी पात्र, प्रतिनिधिहरू त छँदैछन्, सुसङ्गठित रूपले राप्रपाले त्यसको नेतृत्व गरिरहेको छ ।

दलाल पुँजीवादी सत्ता, संसदीय व्यवस्थाको बेथिति एवम् अलोकप्रियताले गर्दा यो धाराले आफ्ना असन्तुष्टिहरू हल्लिखल्लीका साथ राखेर बेलामौकामा देशमा तरङ्ग ल्याउने जमर्को पनि गर्दै आएको छ । श्रमिक जनताको मन जित्न पछिल्लो समय राष्ट्रिय संवर्द्धनवादको धारणा अघि सारेको छ । तर मार्क्सले कम्युनिस्ट घोषणापत्रमा लेखेजस्तै जनताले यसको पछाडिपट्टि जहिले पनि धेरै पछि परिसकेको सामन्तवादी प्रवृत्तिको छाप देखिने गरेको छ जसप्रति श्रमिक जनताको विश्वासभन्दा आशङ्का र अविश्वास बढी छ । यद्यपि देशभक्तिका विषयमा यो धाराको दृष्टिकोण सकारात्मक रहेको छ ।

**३) सङ्कटको निकास के ?**

इतिहासका विभिन्न चरण एवम् कालखण्डमा पैदा हुने सङ्कटलाई कसरी निकास दिइन्छ भन्ने विषयसँग अग्रगमन र पश्चगमन, गोलचक्कर र रूपान्तरण, स्वाधीनता र पराधीनता, युद्ध र शान्ति, दुर्गति र समृद्धि जोडिएको हुन्छ । वस्तुलाई सही तरिकाले बुझेर सही निकास दिएमा देशले अग्रगमन, रूपान्तरण, स्वाधीनता, शान्ति र समृद्धि प्राप्त गर्छ तर गलत बाटोतिर गएमा जति चिन्ता गरे पनि देश पश्चगमन, गोलचक्कर, पराधीनता र दुर्गतितिर फस्छ वा चक्कर मारिरहन्छ ।

देशको सङ्कटलाई निकास दिनुपर्छ भन्नेमा सबै सहमत छन् तर सङ्कटको कारणमा जस्तै निकासका सन्दर्भमा पनि विपरीत दृष्टिकोण छन् । हुन पनि निकास कुन वर्गको दृष्टिकोणअनुसार कुन वर्गको हितमा हुन्छ भन्नेसँग नै अन्तरविरोधी एवम् प्रतिस्पर्धी वर्गशक्तिको अस्तित्व जोडिएको हुन्छ । सचेत नागरिकले बुझेकै हुनुपर्छ हरेक

... क्रमशः पृष्ठ ८ मा

## सम्पादकीय

### जनमतसङ्ग्रह : लोकतन्त्रको उच्च प्रयोग

लोकतन्त्रमा जनताको अभिमतलाई सर्वोपरि र निर्णायक मानिन्छ। कतिपय विद्वान्हरूले यसैलाई लोकतन्त्रको सौन्दर्य मानेका छन्।

लोकतन्त्रको मान्यता र प्रयोगका सवालमा भने विश्वमा निकै फरक मान्यता र अभ्यासहरू भएका छन् । पुँजीवादीहरू विगतमा सामन्तवादविरुद्ध सङ्घर्षको नेतृत्व गरेको दाबीका साथ खुला अर्थतन्त्र र खुला समाजको पक्षधरतासहित लोकतन्त्रको वकालत गर्दछन्। कम्युनिस्टहरू पुँजीवादी संसदीय लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रताको आवरणमा नाम मात्रको लोकतन्त्र भएकाले जनवादी वा वैज्ञानिक समाजवाद नै वास्तविक लोकतन्त्र रहेको मान्यता राख्दछन् । जे होस् पुँजीवादी लोकतन्त्र मान्ने र जनवादी तथा वैज्ञानिक समाजवाद मान्ने सबै पक्ष जनताको मतलाई निर्णायक ठान्दछन्। लोकतन्त्रका अनेकौं अभ्यासमध्ये जनमतसङ्ग्रह एक महत्वपूर्ण विषय हो । जनुसुकै किसिमको लोकतन्त्र अङ्गीकार गर्नेहरू जनमतसङ्ग्रहलाई लोकतन्त्र वा जनतन्त्रको महत्वपूर्ण अभ्यास मान्दछन्। जनमतसङ्ग्रह लोकतन्त्रको उच्च प्रयोग हो।

सैद्धान्तिक मान्यता र लक्ष्यबारे वैचारिक भिन्नता रहे पनि नेपालका अधिकांश राजनीतिक पार्टी र शक्तिहरू लोकतन्त्रको वकालत गर्दछन् र आफूलाई सबैभन्दा बढी लोकतन्त्रवादी भएको दाबी गर्दछन्। नेपाली काङ्ग्रेसले आफूलाई लोकतन्त्रको नेतृत्वकर्ता ठान्दछ । त्यस्तै नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादीलगायत प्रायः सबै राजनीतिक पार्टीहरूले लोकतन्त्रप्रति प्रतिबद्धता जाहेर गरेका छन् । सबै राजनीतिक पार्टीहरू जनताको मतलाई स्वीकार गर्ने घोषणा गर्दछन् । नेपालमा पनि लोकतन्त्रकै नाममा विभिन्न प्रयोग र अभ्यास भइसकेकाछन् । २००७ सालमा राणा शासनविरुद्धको सङ्घर्षपछिको प्रजातन्त्रको अभ्यास, २०१७ सालको शाही कूपछि पञ्चायती व्यवस्थाविरुद्ध ०४६ सालमा भएको जनआन्दोलनपछि बहुदलीय प्रजातन्त्र र ०६२।६३ मा जनयुद्धको जगमा सम्पन्न ऐतिहासिक जनआन्दोलनपछि हालसम्म संसदीय लोकतान्त्रिक गणतन्त्रका रूपमा यसको प्रयोग भइरहेको छ।

तर हजारौं जनताको बलिदानसहित सम्पन्न अनेकौं ऐतिहासिक क्रान्ति तथा सङ्घर्षपछि निर्मित राज्यप्रणाली र विभिन्न पार्टीको नेतृत्वमा बनेका सरकारका नीति र व्यवहारले जनताको आकाङ्क्षा र अधिकारलाई सुनिश्चित गर्न नसकेको स्पष्टै छ। जनताको समस्या समाधान गर्नु त परैको विषय हो, आफ्नै संवैधानिक व्यवस्थाअनुरूप राज्य सरकारको व्यवस्थापन गर्नसमेत हम्मेहम्मे परेको अवस्था छ। राजनीतिक पार्टीबीच आपसी अन्तरविरोधले सरकार बनाउने र गिराउने खेलमै सीमित भएका छन्। अर्कोतर्फ पार्टीभित्रै पनि चरम अन्तरविरोध र गुटबन्दीले राजनीतिक पार्टीहरू आफैं आन्तरिक समस्याले ग्रसित बनेका छन् । देशका हरेक क्षेत्र चरम सङ्कटमा डुबेका छन् । शिक्षा, स्वास्थ्य, न्याय क्षेत्रमा लुटतन्त्र हाबी छ । कृषि, उद्योग व्यवसाय धराशयी भएको छ । सुरक्षालगायत राज्यका संवेदनशील क्षेत्रमा वैदेशिक शक्तिको घुसपैठ र हस्तक्षेप बढिरहेको छ। बेरोजगारीका कारण युवा जनशक्ति विदेश पलायन हुन बाध्य छ। हरेक क्षेत्रमा भ्रष्टाचार चरमचुलीमा पुगेको छ। प्रत्येक नेपालीको टाउकोमा करिब ५७,००० रुपैयाँ विदेशी ऋण थोपरिएको छ। यसरी वर्तमान राज्य व्यवस्था सर्वत्र असफल साबित भएको छ र आम नेपाली जनताको दृष्टिमा यो राज्यव्यवस्था, राज्यप्रणाली पूर्णतः असफल भइसकेको छ।

अहिलेसम्म पालैपालो गठित सरकारहरू कहिले नेपाली काङ्ग्रेस, कहिले एमाले, कहिले माओवादी केन्द्रका एकल र संयुक्त सरकार र केही समयअघिको दुईतिहाइ बहुमतको सरकारको अभ्यास र परिणामसमेतको विश्लेषण गर्दा यो समस्या केवल निश्चित सरकार, व्यक्ति वा पार्टीविशेषको समस्या भन्दा पनि सिङ्गो राज्यव्यवस्था र राज्यप्रणालीमै समस्या रहेको स्पष्ट छ

नेपाली जनताले यस किसिमको चौतर्फी सङ्कटको विकल्प चाहेका छन्। अबको विकल्प भनेको कुनै एक राजनीतिक पार्टीको सट्टा अर्को पार्टी वा एउटा कुनै नेताको सट्टा अर्को नेता छनोट गर्दैमा समस्या समाधान हुन सक्तैन भन्ने कुरा पुष्टि भइसकेको छ। यस अवस्थामा बौद्धिक समुदाय पनि विद्यमान राज्यव्यवस्था असफल भएकाले नयाँ वैकल्पिक व्यवस्था र प्रणालीबारे बहस गर्नुपर्ने र अब देशमा नयाँ राजनीतिक व्यवस्था र प्रणाली निर्माण गर्नुपर्ने बताइरहेका छन् । विभिन्न राजनीतिक पार्टीकै क्रियाशील नेता-कार्यकर्ताहरूको अनुभवले पनि कतिपयले आन्तरिक रूपमा र कतिले त खुलेआम ढङ्गले नै वर्तमान व्यवस्था असफल भइसकेको र नयाँ राज्यव्यवस्थामा प्रवेश गर्नुपर्ने बताइरहेका छन्। तर कुन व्यवस्था ठीक र हो देशमा कुन राज्यप्रणाली अपनाउनुपर्छ भन्ने विषयको निर्णय गर्ने अधिकार नेपाली जनतामै हुनुपर्छ र त्यो अधिकार नेपाली जनतालाई नै दिनुपर्छ। तसर्थ अब सम्पूर्ण जनताले कुनै पार्टी वा नेता छनोट गर्ने होइन, राज्य व्यवस्थाकै छनोट गर्ने अधिकार दिनुपर्छ । यो अधिकार नै जनताको सार्वभौम अधिकार हो।

यही परिवेशको निर्क्योलसहित नेपाल कम्युनिस्ट पार्टीले देशको समग्र समस्याको समाधान गर्न वर्तमान संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादको विकल्प प्रस्तुत गरेको छ । हरेक विकल्पका उपयुक्त माध्यम वा विधि पनि अनिवार्य हुन्छ । नेकपाले उपयुक्त माध्यमका रूपमा जनमतसङ्ग्रहको विधि प्रस्ताव गरेकोछ।

जनमतसङ्ग्रह आफैँमा लोकतन्त्रको उच्च अभ्यास हो । सच्चा लोकतन्त्रका पक्षधरहरू कुनै पनि विषयमा जनताको निष्पक्ष अभिमतलाई अङ्गीकार गर्दछन् । लोकतन्त्रलाई स्वीकार गर्ने कुनै पनि राजनीतिक शक्तिका लागि जनमतसङ्ग्रहमा असहमत हुनुपर्ने कुनै कारण छैन।

यसर्थ लोकतन्त्रमा विश्वास गर्ने सबै राजनीतिक शक्तिहरूले जनमतसङ्ग्रहको विषयलाई सकारात्मक र गम्भीरतापूर्वक ग्रहण गर्न आवश्यक छ। देशको राजनीतिक, आर्थिक र सांस्कृतिक समस्या समाधान गर्न सबै राजनीतिक शक्ति र पार्टीहरूबाट सकारात्मक पहल जरुरी छ। जनमतसङ्ग्रह नेपालको अग्रगामी परिवर्तनको महत्वपूर्ण माध्यम बन्न सक्छ।


### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# अखिल (क्रान्तिकारी) को कार्यभार

*"साम्राज्यवाद र दलाल पुँजीवादको गठजोडमा शिक्षाको निजीकरण, व्यापारीकरण र माफियाकरण गर्ने दलाल पुँजीवादी शिक्षा नीतिको अन्त्य जरुरी छ। शैक्षिक क्षेत्रका उपर्युक्त समस्याको सर्जक विद्यमान दलाल पुँजीपतिवर्गको संसदीय राज्यव्यवस्था हो। एकीकृत जनक्रान्तिमार्फत दलाल संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गर्नु नेपाली विद्यार्थी आन्दोलनको पहिलो लक्ष्य हो।"*



प्रकाण्ड

### १. राजनीतिक परिवर्तनमा विद्यार्थी आ(न्दोलनको भूमिका

विद्यार्थीहरू पेसागत दृष्टिले अध्ययन, अनुसन्धान र प्रयोगमा संलग्न हुन्छन्। ज्ञान आर्जन गर्न पाउनु विद्यार्थीको मौलिक र जन्मसिद्ध अधिकार हो । समाज वर्गहरूमा विभाजित भएपछि समाज विकासको ऐतिहासिक कालक्रममा अस्तित्वमा आएका शासन व्यवस्था, राज्यसत्ता र त्यसको नेतृत्वकर्ताको चिन्तन, राजनीतिक चरित्र र आचरणले विद्यार्थीको शैक्षिक अधिकार र त्यसको अभ्यासलाई निर्धारण गर्ने गऱ्यो । नेपालको राजनीतिक र सामाजिक विकासको प्रक्रियामा नेपाली भूभागलाई टुक्रा-टुक्रा पारेर शासन गर्ने बाईसे/चौबीसे सामन्ती शासकहरूले जनताका छोराछोरीले शिक्षा आर्जन गर्नु भनेको आफ्नो शासनका निम्ति दुस्मन जन्माउनु हो भन्ने दृष्टिकोण राखे। शिक्षा भुरेटाकुरे राजाहरू र उनका शाखा-सन्तानहरूको बपौती बनाइयो । जनताका निम्ति शिक्षा कुन चरीको नाम हो भन्ने अवस्थामा राखियो।

कोत पर्वबाट श्री ३ महाराज बन्न पुगेका जङ्गबहादुर राणाले त जनताको शैक्षिक अधिकार र शिक्षा आर्जनलाई निरङ्कुश जहानियाँ राणा शासनमा क्रूरतापूर्वक बन्देज र दमनमा राखे। शिक्षाको 'श' पनि जनताले उच्चारण गर्दा फाँसीको फन्दामा चढ्नुपर्ने र गोली खानुपर्ने हुन्थ्यो। २००० सालवरिपरि आउँदा राणाशासनका विरुद्ध नेपाली जनतामा पैदा भएको राजनीतिक जागरण, काङ्ग्रेस र कम्युनिस्ट पार्टीको नेतृत्वमा चेलेको राणा शासनविरोधी आन्दोलन २००६ र २००७ सालसम्म पुग्दा सशक्त र निर्णायक बन्न पुग्यो। राणाहरूको १०४ बर्से बर्बर शासनको अन्त्य भयो। स्मरण होस्, जहानियाँ राणाशासनविरुद्धको २००७ सालको निर्णायक आन्दोलनको नेतृत्व गर्ने काङ्ग्रेस र कम्युनिस्ट पार्टीका नेताहरू पनि शिक्षा आर्जनको सिलसिलामा विदेश गएका विद्यार्थी पनि थिए । राणा शासनको अन्त्य गर्ने राजनीतिक आन्दोलन त्यस बेलाका विद्यार्थीले चलाएको शैक्षिक आन्दोलन पनि थियो।

२००७ सालको राजनीतिक परिवर्तनपछि जनताका छोराछोरीहरूको शैक्षिक अधिकार र त्यसको उपभोगसम्बन्धी बहस एवम् प्रयासहरू आरम्भ भए। २०१७ सालमा राजा महेन्द्रले 'कू' मार्फत निरङ्कुश पञ्चायती शासन नेपाली जनतामाथि लादेपछि नेपालका विद्यार्थीहरूको शैक्षिक अधिकार सामन्ती दरबारमा कैद हुन पुग्यो। राजतन्त्रात्मक सामन्ती व्यवस्थाको शैक्षिक सामन्तवादका विरुद्ध नेपालका जनवादी एवम् समाजवादी, लोकतन्त्र पक्षधर विद्यार्थी सङ्गठन, नेतृत्व र आमविद्यार्थीले ठूलाठूला राजनीतिक र शैक्षिक आन्दोलनहरू चलाए। २०३५/०३६ सालको विद्यार्थी आन्दोलन, जनमतसङ्ग्रहमा विद्यार्थीहरूको क्रान्तिकारी एवम् अग्रगामी भूमिका तथा २०४६ सालको जनआन्दोलनमा विद्यार्थी आन्दोलनको भूमिका यसका विशिष्ट उदाहरणहरू हुन् । अफसोच ! २०४६ सालको राजनीतिक आन्दोलनले राष्ट्र र जनताका मुद्दाहरूमा पञ्चायती शासकवर्गसँग सम्झौताहीन सङ्घर्ष गर्नुको सट्टा नेपाली काङ्ग्रेस र वाममोर्चाले पश्चगामी सम्झौता गरेपछि नेपालको शैक्षिक आन्दोलनले पनि धोका खानुपऱ्यो। नेपाली विद्यार्थीहरूले फेरि राजतन्त्रात्मक संसदीय प्रतिक्रियावादी व्यवस्थाको जनविरोधी शैक्षिक चरित्रका विरुद्ध पुनः सङ्घर्ष गर्नुपऱ्यो । २०५२ सालमा आउँदा नेपालको विद्यार्थी आन्दोलनले सङ्घर्षको स्वरूपलाई नेपाली जनयुद्धको पूरकको तहसम्म उठाउनुपर्ने वस्तुगत आवश्यकता पैदा भयो। नेपालको शैक्षिक आन्दोलनमा आमूल परिवर्तनको नारालाई अगाडि सारेर नेपाली विद्यार्थीहरू महान् नेपाली जनयुद्धमा सहाभागी हुन पुगे । १० वर्षको जनयुद्धमा नेपालको क्रान्तिकारी विद्यार्थी आन्दोलनले त्याग, तपस्या, वीरता र बलिदानको कीर्तिमान कायम गऱ्यो । नेपाली जनताको जनवादी शिक्षा नीति, कार्यक्रम र जनयुद्धका आधारइलाकाहरूमा जनसरकारद्वारा त्यसको प्रयोगले नेपालको शैक्षिक आन्दोलन र नेपाली विद्यार्थीले जनवादी शिक्षाको अभ्यास गर्ने दृष्टिले अभूतपूर्व र ऐतिहासिक उपलब्धि हासिल गरेका थिए। आफ्नो गन्तव्यको नजिक पुगेको नेपाली जनयुद्ध र क्रान्तिकारी विद्यार्थी आन्दोलनलाई जनयुद्धको नेतृत्व गरिराखेको पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का नेता प्रचण्ड र बाबुरामले २०६२/०६३ पछि वार्ता र शान्तिका नाममा संसदीय प्रतिक्रियावादलाई बुझाएपछि क्रान्तिकारी विद्यार्थी आन्दोलन र यसको नेतृत्व गरिराखेको अखिल (क्रान्तिकारी) ले ठूलो धक्का बेहोर्नुपऱ्यो । धक्का, प्रतिवाद र विद्रोहको प्रक्रिया पार गरेर वर्तमान नेपालको विद्यार्थी आन्दोलन विगत साढे ७ वर्षदेखि एकीकृत जनक्रान्तिको अङ्ग बन्दै अगाडि बढिराखेको छ।

कुनै पनि देशको क्रान्तिकारी राजनीतिक आन्दोलनको महत्वपूर्ण अङ्ग शैक्षिक आन्दोलन वा विद्यार्थी आन्दोलन हो । राजनीतिक आन्दोलन वा जनक्रान्ति र विद्यार्थी आन्दोलनबीच अन्योन्याश्रित सम्बन्ध छ। २००७ सालको राणाविरोधी आन्दोलन, २०३६ सालको सामन्ती निरङ्कुश राजतन्त्रविरोधी आन्दोलन, २०४६ सालको पञ्चायती शासनविरुद्धको जनआन्दोलन, १० वर्षको जनयुद्ध, २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन र वर्तमान एकीकृत जनक्रान्तिमा विद्यार्थी आन्दोलनले निर्वाह गरेका भूमिकाहरू त्यसैका उत्कृष्ट नमुना हुन्।

### २. राजनीति र शैक्षिक आन्दोलनको अन्तरसम्बन्ध

सामान्यतया राजनीतिक आन्दोलन भनेको तत् देशको विद्यमान राज्यसत्ता र शासन व्यवस्था बदल्ने आन्दोलन हो। क्रान्तिकारी राजनीतिक आन्दोलन समाजलाई आमूल परिवर्तन गर्ने आन्दोलन हो । आमूल परिवर्तनको अन्तर्य भनेको राष्ट्रिय मुक्ति र जनमुक्ति हो । यसर्थ राजनीतिक आन्दोलन समग्र आन्दोलन हो । यसले समाजको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र विकासको गति र दिशामा क्रान्तिकारी परिवर्तन ल्याउँछ। राजनीतिक आन्दोलनको उच्चतम् स्वरूप जनक्रान्ति हो जसले उपर्युक्त परिवर्तनलाई सुनिश्चितता प्रदान गर्दछ।

शैक्षिक आन्दोलन राजनीतिक आन्दोलन वा जनक्रान्तिको महत्त्वपूर्ण अङ्ग हो । यो राजनीतिक आन्दोलनको पूरक आन्दोलन पनि हो। पुँजीवादी, हाम्रो सन्दर्भमा दलाल पुँजीवादी राज्यव्यवस्थाद्वारा शैक्षिक अधिकारबाट वञ्चित बनाइएका आमविद्यार्थीहरूको साझा आन्दोलन हो। यसको उद्देश्य हाम्रो देशका सन्दर्भमा दलाल पुँजीवादी संसदीय राज्यव्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नु हो। वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र नेपालका विद्यार्थीको शैक्षिक अधिकार सुनिश्चित हुने भएकाले शैक्षिक आन्दोलनलाई नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालित एकीकृत जनक्रान्तिमा समाहित गर्नुपर्दछ। जनक्रान्तिले क्रान्तिकारी विद्यार्थी आन्दोलनको विशेषतालाई दृष्टिगत गरी संरक्षण, विकास र नेतृत्व प्रदान गर्ने कुरालाई विशेष ध्यान दिनुपर्दछ।

### ३. नेपालको समग्र रूपान्तरणमा युवा विद्यार्थीको भूमिका

युवा विद्यार्थी परिवर्तनको वाहक शक्ति हो। नेपालको विद्यार्थी आन्दोलनको काँधमा पनि नेपाली समाज रूपमान्तरणको गहन जिम्मेवारी आइपुगेको छ । अहिले देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता एकपछि अर्को खतरामा पर्दै गएको छ। एमसीसी सम्झौता यसको पछिल्लो ज्वलन्त उदाहरण हो । देशको अर्थतन्त्र साम्राज्यवादी निगम पुँजीको अतिक्रमण र दलाल पुँजीको आक्रमणले तहस-नहस भएको छ । सामाजिक क्षेत्र असुरक्षा, मानव तस्करी, लागूपदार्थ दुर्व्यसनी, जाँडरक्सी, जुवातासजस्ता विकृति र विसङ्गतिले ग्रस्त छ। साम्राज्यवादी सांस्कृतिक अतिक्रमण र हस्तक्षेप बेलगाम छ । जनजीविका कहालीलाग्दो छ । देशमा विद्यमान यी तमामखालका विकृति र विसङ्गतिहरूको समाधान र रूपान्तरणका लागि चेतनायुक्त विद्यार्थी आन्दोलनको विशेष र ऐतिहासिक भूमिका हुनेछ।

### ४. पार्टी कार्यदिशा र युवा विद्यार्थीबीच सम्बन्ध

हाम्रो पार्टीले दलाल पुँजीपति वर्गको प्रभुत्व भएको वर्तमान नेपाली समाजलाई बदल्नुपर्ने राष्ट्रिय आवश्यकता, नेपाली श्रमजीवी जनताको चाहना र नेपाल कम्युनिस्ट पार्टीको जिम्मेवारी ठानेर नेपाली क्रान्तिको कार्यदिशाका रूपमा एकीकृत जनक्रान्ति संश्लेषण गरेर प्रयोगमा छ । एकीकृत जनक्रान्तिको लक्ष्य नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्नु हो । त्यसका निम्ति विगत ७ वर्षदेखि हाम्रो पार्टी सङ्घर्षरत छ। चेतना, जोश र भौतिक सामर्थ्यको पर्याय युवा विद्यार्थीले पार्टी लाइनलाई दह्रो गरी पक्रिनुपर्दछ। कार्यदिशाको प्रयोग र विकासका दृष्टिले युवा विद्यार्थीको भूमिका अहम् हुनेछ। एकीकृत जनक्रान्तिको कार्यदिशा नेपाली श्रमजीवी जनताले विकास गरेको नेपाली क्रान्तिको कार्यदिशा हो । एकीकृत जनक्रान्तिको कार्यदिशाले यसको सैद्धान्तिक पक्षमा आधारभूत स्पष्टता, विद्यार्थी आन्दोलनमा लागू गर्ने रचनात्मकता, क्रियाशीलता र बलिदानी भाव युवा विद्यार्थीबाट मागेको छ । देश र जनताप्रतिको दायित्व र विद्यार्थीको शैक्षिक मुद्दाको समाधानका निम्ति युवा विद्यार्थीले जनक्रान्तिको मागलाई सहर्ष पूरा गर्नुपर्छ।

### ५. संयुक्त विद्यार्थी आन्दोलन

विद्यार्थी आन्दोलनको सफलताका निम्ति क्रान्तिकारी विद्यार्थी सङ्गठनको नेतृत्वमा संयुक्त आन्दोलनको विशेष महत्त्व रहेको छ र यो आजको ऐतिहासिक आवश्यकता पनि हो। राष्ट्रिय स्वाधीनताका निम्ति राष्ट्रघातका विरुद्ध सङ्घर्ष, पूर्ण जनअधिकारका निम्ति सङ्घर्ष, शैक्षिक मुद्दामा सङ्घर्ष र जनताका जनजीविकाका सवालमा सङ्घर्षलगायत विषयहरू संयुक्त विद्यार्थी आन्दोलनका साझा एजेन्डाहरू हुन् । यसको नेतृत्व आमविद्यार्थी सङ्गठनको राजनीतिक चरित्र र नीतिलाई दृष्टिगत गरी कार्यगत एकता कायम गर्न निपुण हुनुपर्दछ । अखिल (क्रान्तिकारी) ले विगतमा गरेको अभ्यासले पनि एउटा अनुभव प्राप्त भएको छ। कार्यगत एकताका निम्ति आधार पनि तयार गरेको छ। विद्यार्थी आन्दोलनको साझा नाराका रूपमा दलाल तथा भ्रष्ट संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न जनमत सङ्ग्रहको नीति प्रभावकारी बन्नेछ र बनाउनुपर्दछ । यो विद्यार्थी आन्दोलनभित्र क्रान्तिकारी ध्रुवीकरण ल्याउन शक्तिशाली हतियार बन्नेछ । देशको सङ्कटग्रस्त राजनीतिक र शैक्षिक परिस्थितिमा अखिल (क्रान्तिकारी) र यसको नेतृत्वले दृढता र लचकताको उचाइमा संयुक्त विद्यार्थी आन्दोलन सङ्गठित गर्नु र त्यसलाई नेतृत्व प्रदान गर्नु एकीकृत जनक्रान्ति र विद्यार्थी आन्दोलनको कोणबाट ऐतिहासिक आवश्यकता र जिम्मेवारी दुवै हो।

### ६. नेपालमा शैक्षिक आन्दोलनको दिशा

शिक्षा नेपाली जनताको मौलिक हक हो। विद्यार्थीहरूले शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकार हो । साम्राज्यवाद र दलाल पुँजीवादको गठजोडमा शिक्षाको निजीकरण, व्यापारीकरण र माफियाकरण गर्ने दलाल पुँजीवादी शिक्षा नीतिको अन्त्य जरुरी छ। शैक्षिक क्षेत्रका उपर्युक्त समस्याको सर्जक विद्यमान दलाल पुँजीपतिवर्गको संसदीय राज्यव्यवस्था हो । एकीकृत जनक्रान्तिमार्फत दलाल संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गर्नु नेपाली विद्यार्थी आन्दोलनको पहिलो लक्ष्य हो। वैज्ञानिक समाजवाद स्थापना गरी नेपाली जनताको मौलिक हकको रूपमा शिक्षालाई स्थापित गरी जनताका छोराछोरीलाई वैज्ञानिक र व्यावहारिक शिक्षा निःशुल्क रूपमा अनिवार्य दिने व्यवस्था गर्नुपर्दछ। शैक्षिक क्षेत्रमा रहेको निजीकरण, दलालीकरण र माफियाकरणको अन्त्य गर्नुपर्दछ। वैज्ञानिक शिक्षा प्रणालीअन्तर्गत देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्ने, देश निर्माणको महान् कार्यमा समर्पित हुने, देश एवम् जनताको सेवा गर्ने जनशक्ति तयार गर्नुपर्दछ। गाउँ र सहरको भेद अन्त्य गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने विद्यार्थी शक्ति तयार गर्नुपर्छ । जनताको सेवा र सम्मान गर्ने, राष्ट्रिय सम्पत्तिको माया र संरक्षण गर्ने, श्रमको सम्मान गर्ने र श्रमशील रहने, वृद्धहरूको सम्मान गर्ने विद्यार्थी तयार गर्नुपर्दछ। विद्यार्थीले देश, जनता र समाजको भलो चिताउने संस्कृतिको विकास गर्नुपर्छ । देश र जनताका पक्षमा निरन्तर सङ्घर्ष गर्ने संस्कृति विकास गर्नुपर्छ।

अतः एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने, दक्षतापूर्वक समाजवादी व्यवस्था सञ्चालन गर्ने र विश्व-साम्यवादी समाज निर्माणको यात्री तयार गर्ने क्रान्तिकारी विद्यार्थी आन्दोलनको दिशा हुनुपर्दछ। नेपाली युवा विद्यार्थीलाई आफू बदलिने र विश्व-मानव समुदायको सेवा गर्ने ऐतिहासिक दायित्व र महान् अवसर पैदा भएको छ । यस महान् कार्यका निम्ति नेपाली युवा विद्यार्थीहरू तयार हुनुपर्दछ। विजय र सफलता अवश्यभावी छ।

*(कम्युनिस्ट विद्यार्थीमा प्रकाशित प्रवक्ता प्रकाण्डको यो लेख हामीले शीर्षक र भूमिकामा सामान्य सम्पादन गरी पुनः प्रकाशित गरेका हौँ- सम्पादक ।)*

# वैचारिक हतियारमा सान लगाउन देशभरिका नेताहरू चितवनमा

## समाजवादको सपना बोकेर चितवन आएका जुझारु कमरेडहरू भन्छन् : क्रान्तिका लागि सही विचार पहिलो सर्त हो

**पर्सा, चितवन**

चितवनको पर्सास्थित मुख्य राजमार्गनजिकै रहेको डिज्नी पार्क रिसोर्टको सभाहलमा सोमबारबाट नेकपाका करिब ३ सय नेता-कार्यकर्ता राजनीतिक-वैचारिक विमर्शमा जुटिरहेका छन् । मध्यअसोजमा चितवनको उखर्माउलो गर्मीले गुम्सिएका ती सहभागीहरू पूर्व मेचीदेखि पश्चिम महाकालीबाट चितवन आएर वैचारिक विर्मशका जुटेका हुन् । चितवनमा यो मौसममा असाध्यै गर्मी हुन्छ । त्यसमाथि २-३ सय मानिस एउटै हलभित्र खाँदिएपछि गर्मीले सीमा नै नाघ्नु स्वाभाविक नै हो । केही थान पङ्खा र कुलर यहाँको उखर्माउलो गर्मीसँग भीषण सङ्घर्ष गरिरहेका छन् र अझ ती पङ्खा र कुलरभन्दा कार्यक्रममा सहभागीहरू बढी संघर्ष गरिरहेका छन् । पङ्खा, कुलर र फाट्टफुट्ट हुने बर्सात्लाई चुनौती दिँदै गर्मीले धेरै कमरेडका कपडा निथ्रुक्कै भिजाएको छ । कार्यक्रमको व्यवस्थापन गर्ने आयोजकहरू कार्यक्रमलाई कसरी व्यवस्थित गर्ने भनेर निकै दौडधूप गरिरहेका छन् ।

कार्यक्रमको पहिलो दिन अर्थात् असोज ११ गते चितवन जिल्ला इन्चार्ज सन्देशको गालामा देखिएका झुस्स दारी हेर्दा लाग्थ्यो उनीहरू निकै चापमा छन्, बेफुर्सदिला छन् । चितवन जिल्लाका कमरेडहरूलाई भ्याइनभ्याइ छ। जे होस्, देशभरिबाट जम्मा भएका नेताहरूलाई व्यवस्थित गर्ने भरमग्दुर प्रयास गरिरहेको थियो सन्देश पौडेल नेतृत्वको चितवन जिल्ला समिति । पहिलो दिन भान्सा व्यवस्थापनका सामान्य समस्या देखिए पनि दोस्रो दिन व्यवस्थापन चुस्त बनिसकेको थियो । हलदेखि भान्सासम्म र भान्सादेखि विश्रामगृहको अवस्थाले त्यस्तै दर्साउँथ्यो ।

महाभारत र चुरेशृङ्खलाको वरिपरि हुने उखर्माउलो गर्मीमा खचाखच भरिएको हलमा विचारमा सान लगाउने उद्देश्य बोकेर कर्णाली, राप्ती, भेरी, नारायणी, सप्तकोसी, अरुण, तमोर तरेर पर्सा आइपुगेको छ देशभरिका नौजवान क्रान्तिकारी नेता कमरेडहरूको जुझारु दस्ता । यहाँ आउने सहभागीहरूको समानखाले उद्देश्य छ- वैचारिक बन्दुकमा सान लगाएर कर्मथलो फर्कने र एकीकृत जनक्रान्तिको कार्यदिशामा जनलहर सिर्जना गर्ने । उनीहरूले यहाँबाट नयाँ ऊर्जा लिएर पार्टीलाई गतिशील बनाउने उद्देश्यसहित कार्यक्षेत्र फर्कने अपेक्षा गरेका छन् ।

हिमाली जिल्ला मुगुबाट कयौँ दिन हिँडेर चितवन आइपुगेका नेकपाका सेक्रेटरी सङ्ग्राम भन्छन्, 'अन्याय, अत्याचार, शोषण दमन, राष्ट्रघात, बेथिति, भ्रष्टाचारविरुद्ध बोल्दा हामीलाई राज्यले प्रतिबन्ध लगायो । तर २ वर्षपछि हाम्रो पाटीले राजनीतिक-वैचारिक रूपमा नयाँ उचाइ प्राप्त गरेको छ । पार्टी केन्द्रको ११ औँ बैठकपछि आयोजित यो केन्द्रीय प्रशिक्षण कार्यक्रममा महासचिव कमरेड विप्लवसहित सचिवालय सदस्यहरू, केन्द्रीय समिति र देशैभरिका कमरेडहरूमाझ मैले रिपोट राखेँ । यो कार्यक्रमको वातावरण मलाई कस्तो लाग्यो भने पार्टीको योजना साँच्चिकै कार्यान्वयन गर्ने हो भने वैज्ञानिक समाजवादी व्यवस्था टाढा छैन ।'

नेपालमा १० वर्षसम्म चलेको जनयुद्ध विजयको शिखरमा पुग्नै लागेको बेला यसलाई धोका दिएर संसद्वादको दलदलमा फसेपछि क्रान्तिका उपलब्धिहरूको रक्षा गर्न र क्रान्तिका बाँकी कार्यभार पूरा गर्नका लागि एकीकृत जनक्रान्तिको प्रक्रियामा हजारौँ योद्धाहरू सहभागी छन् । यस्तै युवाहरूमध्येका प्रशिक्षणमा सहभागी एक युवक नेकपा सल्यानका सेक्रेटरी नारायण आफ्नो अनुभूति यसरी राख्छन्, 'जनयुद्धको प्रभावबाट मेरो गाउँ पनि अछुतो रहेन । रुकुमको खारामा आक्रमण हुँदा त्यो लडाइँमा घाइते र सहिद भएका जनमुक्ति सेनाका कमरेडहरूको लावालस्कर हाम्रो घरमा थियो । संयोगले मेरो भागमा पनि उक्त कारबाहीमा आवश्यक पर्ने सरसामानहरू बोक्ने मौका मिल्यो । त्यतिबेला मैले नाम थाहा नभएका २ वटा नयाँ अत्याधुनिक हतियार बोकेको थिएँ । त्यस बेलादेखि नै मलाई क्रान्तिकारी आन्दोलनमा भाग लिने चाहना जागेको थियो । जीवनमा म त्यति बेलाजस्तो उत्साहित कहिल्यै भएको थिइनँ ।

समयक्रमले तत्कालीन पार्टी र त्यसका प्रमुख नेताहरूले बाटो बिराएपछि विप्लवको नेतृत्वमा पार्टी पुनर्गठन भयो । मैले संयोगले महासचिव विप्लवको कार्यालय सहायक (स्टाफ) भएर बस्ने अवसर पनि पाएको थिएँ । म यो पार्टी प्रशिक्षण नयाँ विचार र नयाँ उत्साह लिएर जिल्ला फर्कनेछु । क्रान्तिकारी आन्दोलनमा केही न केही भूमिका निर्वाह गर्नेछु ।'

नेकपाको राजनीतिक वैचारिक प्रशिक्षणमा खबर सङ्कलनका लागि पुगेका रातो खबरका प्रतिनिधिहरूसँग कार्यक्रममा सहभागी जिल्लास्तरीय नेताहरूले यसका राम्रा र नराम्रा पक्षका बारेमा समीक्षा, प्रशंसा, सल्लाह, सुझाव र प्रतिक्रियाहरू पनि व्यक्त गरे । यसले हामी र हाम्रो टिमलाई धेरै सकारात्मक शिक्षाहरू पनि ग्रहण गर्ने मौका प्रदान गऱ्यो ।

रातो खबरसँग कुरा गर्दै मकवानपुर सेक्रेटरी



वाटरले भने, 'पत्रकारहरू जहिले पनि राज्यसत्ताका विपक्षमा कमल चलाउँछन् । हामीलाई वैचारिक रूपले विचार, दृष्टिकोण, जनतामाझ पुऱ्याउने उद्देश्यले पार्टीको विषयवस्तु, विचार, दृष्टिकोण, जनतामाझ पुऱ्याउने, प्रतिवन्ध र सङ्कटको बेला पनि यसले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका बारेमा विचारलाई, पार्टीको दृष्टिकोणलाई जनतामा पुऱ्याउन भूमिका निर्वाह गरेको छ । रातो खबरलाई सुझावको रूपमा उनले भने, 'यसको कार्यसम्पादनमा केही समस्या छन् । स्थायी सम्पर्क नहुनु, देशैभरिका सूचना लिन नसक्नु र समाचार सम्प्रेषण गर्दा सन्तुलन मिलाउन नसकेको देखिएको छ ।'

नेकपा इलामका सेक्रेटरी मौसम रातो खबरका बारेमा यसरी प्रतिक्रिया दिन्छन् : 'रातो खबरले जनपक्षीय समाचारहरूलाई जनसमक्ष प्रस्तुत गरिरहेको छ । यसलाई अझै प्रभावकारी ढङ्गले जनताका विषयलाई उठाउँदै जानुपर्छ । समचार हरूको छनोट र सम्प्रेषण गर्दा देशका सबै ठाउँका समाचारलाई सन्तुलित र निष्पक्ष तरिकाले सम्प्रेषण गर्नुपर्छ । रातो खबरले अब साप्ताहिक, अनलाइन र मासिक मात्र होइन, दैनिक नै प्रकाशित गर्नुपर्छ । यसो भएमा जनताका समाचारहरू दैनिक जनतालाई दिन सकिन्छ । रातो खबरको संस्करण पश्चिमका पाँच ठाउँमा जस्तै इटहरी वा विराटनगरबाट पनि सुरु गर्नुपर्छ ।'

यस्तै प्रशिक्षण स्थलमा भेटिएका नेकपा दैलेखका सेक्रेटरी दीपेन्द्रले भने, 'दलाल पुँजीवाद, भ्रष्टाचारका विरुद्ध लेखरचना र खबरहरू सम्प्रेषण गरिरहेको छ । निरन्तर पार्टीका विचारहरू जनतामा सम्प्रेषण गर्ने काम गरेको छ तर यसका केही सीमा पनि छन् । पत्रिका देशैभरि सबै जिल्लामा जान नसक्नु, पार्टीभित्र र बाहिरका समसामयिक विषयका अन्तरवार्ताहरू दिन नसक्नु यसका केही सीमाहरू छन् ।'

यस्तै जनयुद्धको तुफानी केन्द्र मानिने जिल्ला हो कालीकोट । कालीकोटले बोलेको विद्रोह जययुद्धको इतिहासमा उल्लेखनीय छ । निःशस्त्र महिला हातहरूले सशस्त्र बर्दीधारीहरूका राइफल खोस्दै जनमुक्ति सेनालाई बुझाएर इतिहासमा आफ्नो नाम लेखाउने जिल्ला हो कालीकोट । प्रशिक्षण स्थलमा भेटिएका त्यहाँका सेक्रेटरी रणदीपले रातो खबर प्रकाशन विभागलाई सुझाव दिँदै भने, 'स्थापना कालको छोटो अवधिमा नेपालमा मात्र होइन, विदेशमा पनि स्थापित हुनसक्नु, सरकारी प्रतिबन्ध र दमनका बेला पनि आफूलाई निरन्तरता दिन सक्नु यसको सफल पक्ष हो । साथै गाउँका भन्दा सहरका खबरहरूलाई प्राथमिकता दिनु र जिल्लाजिल्लामा संवाददाताहरू उत्पादन गर्न नसक्नु यसको कमजोर पक्ष हो । देश र जनताको, क्रान्तिकारी विचार र आवाजविहीनहरूको आवाज बन्न सकोस्, शुभकामना ।'

कार्यक्रममा सहभागी सर्लाही सेक्रेटरी कमल सुस्लिङ भन्छन्, 'प्रतिबन्धित अवस्थामा पनि रातो खबरले पुऱ्याएको योगदान सराहनीय छ । जिल्लाहरुमा रातो खबर पुग्न सकेको छैन । रातो खबरमा यू ट्युब च्यानललाई अलि विकास गर्नुपर्छ ।'

विचार सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्दछ भनी माओले भनेझैँ सही विचार प्राप्त गर्न र एकीकृत जनक्रान्तिमा नयाँ योगदान गर्ने विचार ग्रहण गर्न प्रशिक्षण स्थलमा आइपुगेको भन्दै नेकपाका दोलखा जिल्ला सचिव आकाशले भने, 'संशोधनवादले तयार पारेको दलाल पुँजीवादी राज्यसत्ताका विरुद्ध वैज्ञानिक समाजवादी सत्ता निर्माण गर्ने महान् अभियानमा देशैभरिबाट केन्द्रित पार्टी नेताहरूको टिमले लिने प्रशिक्षणले हाम्रो तत्कालको कार्यनीति र जनमतसङ्ग्रहको कार्यनीतिलाई जनतामा लैजाने विषयमा मद्दत पुग्छ ।'

क्रान्तिकारी आन्दोलनलाई गति दिनका लागि प्रतिबद्ध पार्टीपङ्क्ति आवश्यक हुन्छ भन्ने नेकपाका महासचिव विप्लवको भनाइजस्तै रसुवाका सेक्रेटरी विराजले भने, 'राजनीतिक-वैचारिक रूपले सशक्त भएको खण्डमा क्रान्तिका युगीन कार्यभारहरूलाई पूरा गर्न सिङ्गो पार्टी जनतामा निःसर्त हामफाल्न प्रतिबद्ध भएको हलको भाव पाएको छु ।'

उनले भने, 'हाम्रो पार्टीले अघि सारेको एकीकृत जनक्रान्ति, जनमतसङ्ग्रह, वैज्ञानिक समाजवादी कार्यनीति र कार्यक्रमको यो शृङ्खलाले वैज्ञानिक समाजवादको महान् लक्ष्यलाई चुम्दै विजयको झन्डा फहराउनेछ । यो प्रशिक्षणले १० बर्से जनयुद्धको बाँकी कार्यभार पूरा गर्न जुझारु ढङ्गले लाग्ने ऊर्जा पैदा गर्नेछ ।'

यस्तै पूर्वको उदयपुरबाट चितवनको पर्सा आइपुगेका त्यहाँका सेक्रेटरी लक्ष्मण पौड्यालले रातो खबरको टिमसँग कुरा गर्दै केही सुझाव दिए । उनले भने, 'रातो खबर नेपाली श्रमजीवी जनताका पक्षमा र नेपालको राष्ट्रिय स्वाधीनताका पक्षमा निरन्तर खबर प्रकाशित गर्ने एक सहक्त सञ्चारमाध्यम हो । यसले क्रान्तिकारी आवाज बुलन्द गरिरहेको छ र दलाल सत्ताले गरेका भ्रष्टाचार, कालोबजारीलगायत, शोषण, दमन, अन्याय, अत्याचार अन्त्यको विषयमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसलाई जनस्तरसम्म पुऱ्याउन र वितवरणको प्रक्रियालाई चुस्त बनाउन नसक्नु अथवा देशैभरि संवाददाता हुन नसक्नु यसको समस्या हो ।'

यस्तै पूर्वविद्यार्थी नेतासमेत रहेका नेकपा कैलालीका सेक्रेटरी दीपेन्द्र चलाउनेले भने, 'हजारौँ मिडियाका बीचमा आफ्नो फरक परिचय स्थापित गर्न सक्षम रहनु र सङ्कटको समयमा पनि सञ्चालन हुनु मिसन पत्रकारिता केन्द्रित जनपक्षीय मिडियाका रूपमा स्थापित गर्न सक्षम रहेको यो प्रकाशन गृहको सबल पक्ष हो ।'

उनले केही सुझावहरू पनि पेस गरेका छन् । उनले भने, 'समाचार र ग्राहक प्रतिस्पर्धामा कमजोर जस्तो देखीएको छ । केन्द्रीय समाचार र राजनीतिक विषय मात्र प्राथमिकतामा राखेको जस्तो लाग्यो ।' उनले केही व्यावसायिक पत्रकार भर्ना गरी काममा लगाउने, बुस्ट गर्नुपर्ने र सबै प्रकारका विषयलाई समेट्नुपर्ने सुझाव दिए ।

उता गोरखाबाट प्रशिक्षण हलसम्म आइपुगेका नेकपाका गोर्खा सेक्रेटरी कपिल भट्टले प्रतिबन्ध र तीनबुँदे सहमतिपछि भएको केन्द्रीय समिति बैठकको राजनीतिक तथा वैचारिक प्रशिक्षणले खिया लागेको विचारमा धार लगाउने काम गर्नेछ भन्ने विश्वास व्यक्त गरे । राजनीतिक चेतनाको स्तर विकासमा ठोस सहयोग पुऱ्याउने उनको अपेक्षा छ ।

अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी महासचिव राजकुमारी शाहीले रातो खबरलाई सुझाव दिँदै भनिन्, 'राजनीतिक-वैचारिक काम गर्न सफल छ । व्यवस्था परिवर्तनका पक्षमा जनमुखी आवाज सम्प्रेषण गर्न सफल छ । वर्गीय पक्षमा आवाज उठाएको छ । विरोधीहरूले जनताका विरुद्धमा छरेका भ्रम चिर्न सफल भएको छ । यसको सुधार्नुपर्ने पक्ष भनेको वार्षिक ग्राहक बनाउनुपर्छ । अनलाइन संस्करणलाई सस्क्राइब र भिउज र लाइक बढाउन काम गर्नुपर्छ । महिलाहरूका समाचार र लेखहरू पहिलो प्राथमिकतामा प्रकाशित गर्नुपर्छ । यसलाई दैनिक बनाए अझ राम्रो । हाम्रा खबरहरू देशैभरि सम्प्रेषण गर्नुपर्छ ।'

लमजुङ जिल्ला सचिव आक्रोशले भने, 'रातो खबरको सकारात्मक पक्ष भनेकै यसलाई निरन्तरता दिनु हो ।' उनको सुझाव छ, 'यसलाई पार्टीको आधिकारिक मुखपत्रको भूमिका निर्वाह गर्ने स्तरमा पुऱ्याउनुपर्छ ।

पाल्पा जिल्लाका सेक्रेटरी भुवन जीसीले भने, 'वर्गीय दृष्टिकोण राख्ने सञ्चारमाध्यम भएकाले यसको योगदान निकै माथि छ । यसलाई थप सुदृढ, छिटोछरितो बनाउन र प्रतिस्पर्धात्मक बनाउन आवश्यक छ । यसलाई गाउँगाउँमा जनताको पहुँचसम्म पुऱ्याउन सक्नुपर्छ ।'

राता झन्डा र ब्यानरले राताम्मे देखिने चितवन पर्साको डिज्नी हलमा पछाडि एकीकृत जनक्रान्तिका सहिदहरू र जनयुद्धका सहिदहरूका तस्बिर राखेर पार्टी महासचिव विप्लवले सही विचार क्रान्तिको प्रमुख सर्त भएको बताउँदै क्रान्तिकारी आन्दोलनका लागि सही क्रान्तिकारी विचार निर्माण गरिसकेपछि त्यो विचार लागू गर्न क्रान्तिकारी पार्टी निर्माण गर्नुपर्ने र त्यसपछि क्रान्तिकारी कार्यदिशा निर्माण गर्नु त्यसको अनिवार्य सर्त हुने प्रस्ट पारेका छन् । क्रान्तिकारी विचारसहितको कार्यदिशा लागू गर्ने काम क्रान्तिकारी पार्टीको रहेको बताए । उद्घाटन मन्तव्यमा नयाँ क्रान्तिकारी पार्टीपङ्क्ति निर्माण गर्ने र देशलाई निकास, वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने र यसका लागि जनमतसङ्ग्रहको चुनाव गर्नुपर्ने महासचिव विप्लवको भनाइ छ । एकजना सहभागीले भनेजस्तै सम्भवतः प्रशिक्षणमा सहभागीहरूलाई प्रशिक्षित गर्ने एकीकृत जनक्रान्तिका निर्माताहरू विचारको हतियारलाई सान लगाउन आफ्नो प्रशिक्षणको पाटोमा भन्नेछन्- हामी मञ्चमा बसेका ४ जनाले मात्र होइन, हलका ३ सयले नै सेतो कमिज लगाउनेछौँ । त्यसमा वैचारिक हतियार रगतको मसीमा चोपेर क्रान्तिकारी आन्दोलनलाई नयाँ दिशा प्रदान गर्नेछौँ । वैज्ञानिक समाजवादको यात्रा तय गर्नेछौँ ।

***प्रस्तुति : अम्बिका चन्द (जानकी चौधरीको सहयोगमा)***

### नेकपा दैलेखद्वारा ....

भएको छ । उहाँले समाज परिवर्तन गर्न गरेको त्यागको हाम्रो पार्टी उच्च मूल्याङ्कन गर्छ । उहाँको निधनबाट पार्टीलाई अपूरणीय क्षति भएको छ । उहाँप्रति हार्दिक श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।'

### जनपत्रकार सङ्गठन ....

प्रदीप राहादी मगर (रूपन्देही), किस्मा खड्का (पाल्पा), अयन विक (अर्घाखाँची), डीबी खड्का (गुल्मी), हेमन्तप्रकाश वली (दाङ), अनिल थारू (कपिलवस्तु) चयन भएका छन् ।

जनपत्रकार सङ्गठन लुम्बिनी प्रदेश समितिको सम्मेलनमा पार्टी केन्द्रीय सदस्य तथा दाङ जिल्ला इन्चार्ज शीतलको प्रमुख आतिथ्य रहेको थियो भने जनपत्रकार सङ्गठन केन्द्रीय सम्मेलन आयोजक समितिका संयोजक शेरबहादुर विक विशिष्ट अतिथि रहेका थिए ।

प्रमुख अतिथि शीतलले वर्गीय पक्षधरताका आधारमा कलम चलाउन जनपत्रकारहरूलाई आग्रह गरे । उनले भने, 'आवाजविहीनहरूको आवाज जनपत्रकारहरूको कलमले बोल्नु पर्दछ । त्यो नै वर्गीय पक्षधरताको कलम हो ।'

सम्मेलनको उद्घाटन समाहरोहलाई अनिल नेपालीले सञ्चालन गरेका थिए भने संयोजक दीपेश बिष्ट अध्यक्ष रहेका थिए ।

### शिक्षक सङ्गठनद्वारा ....

शिक्षक महासङ्घ राष्ट्रिय समितिका अर्थउपमहासचिव एवम् जाजरकोटस्थित जनप्रिय मावि दशेराका पूर्वप्रधानाध्यापक शेरबहादुर अधिकारी एक कुशल शिक्षक नेता हुनुका साथै एक असल साहित्यकार पनि भएको स्मरण गर्दै शैक्षिक, पेसागत र साहित्यिक क्षेत्रमा उहाँले पुऱ्याएको योगदानको चर्चा गरेका थिए ।

श्रद्धाञ्जली सभामा नेपाल शिक्षक महासङ्घ लुम्बिनी प्रदेश सहअध्यक्ष छविलाल पाण्डे, नेपाल शिक्षक सङ्घ रूपन्देही अध्यक्ष कुलप्रसाद लामिछाने, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन रूपन्देहीका सल्लाहकार विष्णुहरि ज्ञवाली, कालिका मानवज्ञान माबिका प्रधानाध्यापक दिनेश थापालगायतले अधिकारीको निधनले सिङ्गो शैक्षिक र पेसागत क्षेत्र स्तब्ध भएको बताए ।

अखिल नेपाल शिक्षक सङ्गठन रूपन्देहीका अध्यक्ष रेशम चालिसेको अध्यक्षतामा सम्पन्न श्रद्धाञ्जली सभाको सञ्चालन सहसचिव शेरचन्द्र गिरीले गरेका थिए ।

## जनपत्रकार सङ्गठन रामेछापमा बोहोरा

**काठमाडौँ ।** जनपत्रकार सङ्गठन नेपाल रामेछापको जिल्ला भेला सम्पन्न भएको छ । भेलाले बद्री बोहोराको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ । सङ्गठनको उपाध्यक्षमा दीक्षा ढुङ्गेल निर्वाचित भएकी छिन् भने सचिवमा एसके शर्मा निर्वाचित भएका छन् ।

त्यस्तै सदस्यमा बबिता शाही, सुनिल उर्कुटी, रोशन बस्नेत, सजन कार्की, राम सुनार, सिर्जना उर्कुटी निर्वाचित भएका छन् । भेलाले २ जना पछि थप गर्ने भएको छ ।

भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि जनपत्रकार सङ्गठन नेपाल सम्मेलन आयोजक समितिका केन्द्रीय सदस्य शोभराज बरालले पत्रकारले सधैँभरि प्रतिपक्षीको भूमिका निर्वाह गर्नुपर्ने बताए । उनले भने, 'हामी जनपक्षीय पत्रकार हौँ । हामी जनताको आवाज उठाउँछौँ । श्रमिक, निमुखा र गरिबको आवाज उठाउँछौँ । हामी वर्गीय दृष्टिकोण राख्दै जनताका समस्या उठान गर्छौं । जनजीविकाको सवाल उठाउँछौँ ।'

भेलालाई सम्बोधन गर्दै पत्रकार महासङ्घ रामेछाप जिल्ला शाखाका अध्यक्ष बद्री नयाँघरेले पत्रकारका कारण प्रतिगमनकारी सत्ता ढलेको भन्दै यसमा जनपत्रकारहरुको ठूलो हात रहेको बताए । 'विप्लव नेतृत्वको नेकपालाई अनायासै केपी ओली सरकारले प्रतिबन्ध लगायो । हामीले घोर विरोध गरेका थियौँ', उनले भने, 'आगामी दिनमा पनि गाह्रोसाह्रो पर्दा पत्रकार महासङ्घ जनपत्रकारकै पक्षमा छ ।'

भेलालाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी रामेछापका सेक्रेटरी इन्द्रले पत्रकारिताले जनजीविकाका सवालहरु उठाउनुपर्नेमा अहिले अर्कै भइरहेको बताए । 'आफ्ना मान्छेको गुनगान गाएको छ । उसकै पछि लागेको छ । त्यसमा कहाँ पत्रकारिताको धर्मले काम गऱ्यो ?', उनले भने, 'भ्रष्टाचार भयो भनेर समाचार लेख्ने आँट गर्दैन् । किन भनेर बुझ्दा त उसले पनि भ्रष्टाचार गरेको हुँदो रहेछ । पहिल्यै सेटिङमा काम हुने रहेछ ।'

# राष्ट्रनिर्माणको बलियो आधार : शिक्षामा मौलिक अधिकार



धर्मेन्द्र बास्तोला 'कञ्चन'

**१. प्रस्तावना**

सन् १८१६ को सुगौली सन्धिदेखि हाम्रो देशमा अर्धसामन्ती र अर्धऔपनिवेशिक उत्पादन सम्बन्ध विद्यमान रहँदै आएको छ। मुलुकमा जुन प्रकारको उत्पादन सम्बन्ध हुन्छ, त्यसैअनुरूप मानवीय चेतना र सामाजिक संस्कृति विकास हुनु अनिवार्य हुन्छ। देशको सामन्ती र नोकरशाही उत्पादन सम्बन्धबाट शासक वर्गमा पैदा हुने चेतना पनि सामन्ती र नोकरशाही हुनु स्वाभाविक हो र त्यसको प्रभाव समाजका सबै क्षेत्रमा पर्नु पनि स्वाभाविक हो। देशमा एकातिर सामन्ती उत्पादन पद्धति हुने र अर्कोतिर समाजका हरेक क्षेत्रमा साम्राज्यवादी उत्पीडन र हस्तक्षेप भइरहने हुँदा शिक्षा, स्वास्थ्य, रोजगारीलगायत समाजका समग्र क्षेत्रमा अहिलेसम्म जनताले पराधीन र परमुखापेक्षी बन्नुपरेको छ। मुलुकका जनता तबसम्म सार्वभौम बन्न सक्दैनन्, जबसम्म उसले आफ्नो भाग्य र भविष्यको निर्माण आफ्नै हातले गर्न सक्दैन, अधिकारविहीन, अशिक्षित जनता भएको राज्यबाट देशको समग्र उन्नति र प्रगति गर्न नसकिने कुरा पनि स्पष्ट छ। नेपालमा विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक राज्यव्यवस्थाको अन्त्य गरी जनतालाई सार्वभौम बनाउन इतिहासमा धेरै सङ्घर्षहरू भएका छन् । नेपालको कम्युनिस्ट आन्दोलनले आधा शताब्दीदेखि क्रान्ति सम्पन्न गरी स्वाधीन र सम्पन्न देश निर्माण गर्ने प्रयत्न गर्दै आएको थियो। इतिहासका जटिल अन्तरसङ्घर्ष र वैचारिक सङ्घर्षको भट्टीबाट खारिँदै मार्क्सवाद-लेनिनवाद-माओवादको वैज्ञानिक विचारबाट निर्देशित हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले २०५२ साल फागुन १ गतेदेखि सशस्त्र विद्रोहको झन्डा उठायो । साम्राज्यवादी विश्वव्यवस्थाभित्र रहेको देश नेपालमा सशस्त्र विद्रोहको शङ्खघोष गर्नु सम्पूर्ण नेपाली जनताको आत्मनिर्णयको अधिकारका लागि एउटा महान् विद्रोह थियो। यो महान् अभियानमा नेपाली सर्वहारा वर्गले मार्क्सवाद-लेनिनवाद-माओवादलाई समृद्ध गर्दै मार्क्सवाद-लेनिनवाद-माओवादलाई नयाँ उचाइमा विकास गर्‍यो जसको सैद्धान्तिक एवम् वैचारिक आलोक र राजनीतिक नेतृत्वमा आज नेपालबाट राजतन्त्रको अन्त्य भइसकेको छ र देशको सामन्तवाद र नोकरशाही दलाल पुँजीवाद धर्मराइरहेको छ। आज देश पुराना उत्पादन सम्बन्धहरूको अन्त्य हुँदै नयाँ जनवादी उत्पादन सम्बन्धको विकासको प्रक्रियामा अगाडि बढिरहेको छ जुन प्रकारको समाजलाई हामीले नयाँ नेपालको नामकरण गरेका छौँ।

नयाँ नेपालमा राज्यबाट अपनाइने शिक्षानीति कस्तो हुनुपर्छ, राज्यको शिक्षा क्षेत्र व्यक्तिकेन्द्रित हुने वा समाजकेन्द्रित हुने, शिक्षालाई वैज्ञानिक, व्यावहारिक र जनमुखी बनाउने वा एकाङ्गी अव्यावहारिक, परम्परावादी तथा व्यापारमूलक बनाउने ? यी यस्ता मुद्दाहरू हुन् जसको कारणले देशका लाखौँ विद्यार्थी आन्दोलित रहँदै आएका छन् र अहिले यी प्रश्नहरूमा बौद्धिक जगत्‌मा देशव्यापी रूपमा बहस चलिरहेको छ। राजतन्त्रको अन्त्य भइसकेको र गणतन्त्र स्थापनासँगै नयाँ नेपाल निर्माणको सङ्क्रमणकालमा शिक्षाजस्तो संवेदनशील विषयमा यसरी बहस चल्नु राष्ट्रिय जागरणको परिचय पनि हो।

यस सन्दर्भमा शिक्षा क्षेत्रका समस्याहरूलाई निम्नबुँदाहरूमा छलफल गर्नु सान्दर्भिक हुनेछ :

१. आजका शैक्षिक समस्याहरू
२. शिक्षासम्बन्धी राज्यको दृष्टिकोण कस्तो हुनुपर्छ ?
३. शैक्षिक समस्याहरूको समाधानका विधिहरू

**१. आजका शैक्षिक समस्याहरू**

वर्गीय समाजमा शिक्षाको स्वरूप पनि वर्गीय हुने कुरामा दुईमत हुन सक्दैन । नेपालको शासन व्यवस्था निरङ्कुश राजतन्त्र र नोकरशाही दलाल पुँजीवादीहरूले सञ्चालन गर्दै आएकाले नेपालको शिक्षा पनि त्यस वर्गको आवश्यकताअनुरूपको हुने कुरा स्पष्ट हुन्छ । उत्पादनका साधनहरूमाथि अभिजात वर्गको नियन्त्रण हुनाले शिक्षामाथि उसको नियन्त्रण हुँदै आएको छ जसको कारण सामाजिक जीवन, मूल्य र प्रतिष्ठाका लागि शिक्षा ग्रहणको समयदेखि नै आत्मिक दासताको प्रदर्शन गर्नु सामाजिक बाध्यता हुने गरेको छ। तसर्थ 'बुर्जुवा राज्य व्यवस्थामा, चाहे त्यो राजतन्त्र होस् वा गणतन्त्र, विद्यालय जनसाधारणका लागि आत्मिक दासता'ज्ञ को साधन हुने गर्दछ । नेपाल लामो समयदेखि राजतन्त्र र विगत १२ वर्षदेखि संसदीय व्यवस्थाबाट अगाडि बढेको भए पनि यी दुवै परिस्थितिमा स्कुलहरूको उद्देश्य छात्रछात्राको हितबाट होइन, प्रभुत्वशाली वर्ग वा पुँजीवादी वर्गको हितद्वारा निर्धारित हुने गरेको छ तर यी दुवै परिस्थितिका शिक्षा नीतिहरूमा भिन्नता हुने नै गर्दछ।

सामान्यतया स्कुलको उद्देश्य सम्पूर्ण विद्यालयीय शिक्षा पद्धतिको संरचना, स्कुल जीवनको सम्पूर्ण व्यवस्था, स्कुल शिक्षा एवम् चरित्र निर्माणको सम्पूर्ण अन्तर्य निर्धारण गर्नु हो। देशमा जुन वर्गको सत्ता रहेको हुन्छ, स्कुल शिक्षा पद्धतिको गठन, स्कुल जीवनको सम्पूर्ण व्यवस्था, स्कुल शिक्षा एवम् चरित्र निर्माणको सम्पूर्ण अन्तर्य त्यस शासक वर्गको चरित्र, उसको वर्गीय स्वार्थ र त्यसअनुरूपको उसको शिक्षानीति हुने गर्दछ । नेपालमा सामन्ती अधिनायकवादीहरू तथा नोकरशाही दलाल पुँजीवादीहरूको सत्ता चल्ने गरेको परिवेशमा यो वास्तविकताअनुसार यहाँको शिक्षा पनि सामन्त, दलाल तथा नोकरशाहहरूका लागि एक प्रकारको हुने गरेको छ, गरिब नेपाली जनताका लागि अर्को प्रकारको स्कुलको व्यवस्था गरिएको छ र त्यहीअनुरूपको पठनपाठनको पद्धति तय गरिएको छ । प्रभुत्वशाली वर्गका बालबालिकाका लागि लक्षित गरिएका आवासीय विद्यालयहरूको उद्देश्य यस्ता व्यक्तिहरू उत्पादन गर्नु रहेको छ जसले शिक्षाबाट जीवनको आनन्द लिन सकोस् र सामान्य साक्षर जनतामाथि शासन चलाउन सकोस्। नेपालमा यस्ता स्कुलका लाक्षणिक नमुना ठूला-ठूला बोर्डिङ स्कुलहरू हुन् । यसप्रकारका स्कुलहरूमा अक्सर राजनेताहरू, सम्पन्न परिवारहरू, जागिरदार तथा सूदखोरहरू, नोकरशाही दलाल पुँजीपतिहरू तथा सामन्त जमिनदारका छोराछोरीहरूको अध्ययनका लागि बनाइएका छन् । निम्न मध्यम र निम्न वर्गका बालबालिका यस्ता विद्यालयमा आर्थिक सामाजिक कारणले पढ्न सक्दैनन्। रहर र बाध्यताले पढी नै हाले पनि उनीहरूको भविष्य त्यहाँ बन्न सक्दैन।

नेपालका कतिपय स्कुलहरू निम्न मध्यम वर्गका बालबालिका पढ्ने स्तरमा निर्धारित गरिएका छन् । यसप्रकारका स्कुलहरूको ध्येय नोकरशाहका कर्मचारीहरू तथा यस प्रकारका बौद्धिक व्यक्तित्वहरू तयार गर्नु हुन्छ जसले समाजको निश्चित अंश अधिकार प्राप्त गर्ने कुराको बदला जनतामाथि शासन गर्ने प्रभुत्वशाली वर्गलाई सहयोग गर्दछ । अधिक सङ्ख्याका माध्यमिक या उच्च माध्यमिक स्कुलहरूको उद्देश्य केवल विभिन्न तहका बहिदार तथा क्लर्कहरू र बुर्जुबा वर्गका प्रशिक्षित चाकरहरू तयार गर्नु रहेको छ।

जहाँसम्म प्राथमिक र निःशुल्क विद्यालयहरूको सवाल छ, नेपालको सामन्ती तथा नोकरशाही वर्गले आमगरिब नेपालीहरूका छोराछोरीहरूलाई शिक्षादीक्षादेखि उसको जीवनसम्म आफ्नो नियन्त्रणमा राख्ने, उदीयमान पिँढीमाथि आफ्नो अनन्त प्रभाव बनाइराख्ने उद्देश्यले निर्धारित गरिएको छ। देखाउनका लागि यो शिक्षा कक्षा ५ सम्म अनिवार्य र निःशुल्क पनि रहेको छ। यसप्रकारका आमविद्यालयहरू राष्ट्रको उन्नति गर्ने सचेत जागरुक र जिम्मेवार नागरिक उत्पादन गर्ने पाठशाला नभईकन, देशको परिवर्तनकामी उदीयमान जनशक्तिलाई सुषुप्त रूपले पक्षघात गर्ने कैदखानाका रूपमा स्थापित गरिएका छन् । यहाँ स्कुले शिक्षा निःशुल्क छ तर अत्यधिक बालबालिकालाई कक्षा ५ मै फेल गरिन्छ, त्यहाँबाट उम्केका विद्यार्थीलाई कक्षा ८ मा फेल गरिन्छ, त्यहाँबाट उम्केकोलाई एसएलसी (वर्तमानमा एसईई) टेस्टमा फेल गरिन्छ र त्यसपछिका विद्यार्थीलाई एसएलसीमा फेल गरिन्छ। मार्क्सले स्पष्ट पार्नुभएको थियो पुँजीपति वर्गले कसरी नगन्य कानुनी प्रावधानहरूबाट बाँचेर निस्कने बाटो खोज्छन् र कसरी उदीयमान पिँढीलाई मानसिक एवम् शारीरिक रूपले अपाङ्ग बनाउँछन्द्द । कानुनी हिसाबले प्राथमिक शिक्षा निःशुल्क भए पनि आँकडाहरूले बताउने गरेका छन्- देशभरमा कक्षा १ मा भर्ना भएको विद्यार्थीको केवल ५ प्रतिशत दस वर्षपछि प्रवेशिका परीक्षासम्म पुग्छन् र उत्तीर्ण गर्नेहरूको सङ्ख्या त्योभन्दा कम हुने गर्दछ। यसप्रकारका विद्यालयहरूमा विद्यार्थीहरूलाई केही मात्रामा जानकारी दिइन्छ, त्यहाँ केवल लेख्न-पढ्न मात्र सिकाइन्छ जसले आफ्नो कार्यस्थानको अनुशासन, नियम या सरकारी आदेश पढ्न सक्दैन, आफ्नो हस्ताक्षर गर्न सक्दैन, मामुली हिसाबसम्म गर्न सक्दैन अथवा पानी र बिजुलीको मिटरसम्म हेर्न सक्दैन, जसले केवल साक्षर जनसमुदायमाथि शासन चलाउन ती शासक वर्गका लागि सजिलो होस् । कुनै कारणले यसप्रकारका कैदखानाबाट उम्कन सफल भएका विद्यार्थीलाई हेर्‍यौँ भने हामीले के पाउनेछौँ भने उनीहरू टाँगामा अड्काइएका घोडाजस्तै एकोहोरा बनाइएका हुन्छन् र त्यो ज्ञान कुन सर्तमा दिइएको हुन्छ भने छात्रछात्राले सामन्ती तथा नोकरशाही पुँजीवादी विचारधारालाई निःसर्त आत्मसात गर्नेछ।

शिक्षाको परिभाषा विभिन्न विद्वान्‌हरूले जसरी गरे पनि शिक्षालाई हृदयङ्गम गर्ने काम मार्क्सवादीहरूले नै गरेका छन् । सामन्तवाद र नोकरशाह पुँजीवादहरूले शिक्षामा परिवर्तनलाई यसको रूपको परिवर्तनका रूपमा लिँदै भ्रम छर्ने कार्य गरेका छन् भने अन्तर्वस्तुका रूपमा आफ्नै वर्गस्वार्थको शिक्षालाई शिक्षाका रूपमा परिभाषित गरेका छन् । अन्तरवस्तुमा शिक्षा भनेको वस्तुको गतिको अध्ययन गर्ने क्षमताको विकास गर्ने विधि हो, यस क्षमताले व्यक्तिको ज्ञानको अर्थ, त्यसलाई प्रयोग गर्ने सीपको खोजी र त्यसैअनुरूपको अभिवृत्ति क्षमताको विकास गराउँछ। अर्थात् जीवनबोध व्यवहार र अभिवृत्तिगत क्षमताकै आधारमा व्यक्ति वा समाज शिक्षित बन्दछ । यहाँ ज्ञान भनेको समाज विज्ञानदेखि रसायन विज्ञान, जीवविज्ञान, यान्त्रिक विज्ञानलगायत भौतिक जगत्‌मा विकास भएका जति चीजहरू छन्, त्यसको सहायताबाट वस्तुको गति, त्यसको विकास र त्यसको रूपान्तरणको प्रक्रियाको बोध गर्ने क्षमता हो । यस प्रकारको ज्ञान मानिसले उत्पादनका लागि सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोगघ को विधिबाट हासिल गर्दछ। यो ज्ञानले मात्र मानिसलाई आवश्यकताको बोध गराउँछ र आवश्यकताको बोधले स्वतन्त्रताको अभ्यास गर्ने अवसर दिन सक्छ । आवश्यकता र स्वतन्त्रताका विषयमा हेगेलको प्रस्तावनालाई समर्थन गर्दै ड्युहरिङ मत खण्डनमा एङ्गेल्सले भन्नुभएको छ, 'आवश्यकता केवल त्यो हदसम्म अन्धो हुन्छ जुन हदसम्म त्यसलाई बुझ्न सकिँदैन । स्वतन्त्रता प्राकृतिक नियमबाट स्वतन्त्र हुने कुरासँग सम्बद्ध छैन, परन्तु यी नियमहरूलाई ज्ञानमा र यो ज्ञानको सहायताले यी नियमहरूबाट निश्चित उद्देश्यहरूका लागि योजनाबद्ध ढङ्गबाट काम गर्ने सम्भावना पैदा हुन सक्दछ, त्यसको सम्भावनामा निहित हुन्छ'द्ध। वस्तुतः मानिस-मानिस तथा मानिस र जनावरमा यसकारणले भिन्नता देखिन्छ कि वस्तुको गतिको नियम बुझ्ने कुरामा मानिस-मानिसमा भिन्नता रहन्छ र जनावरले त्यसलाई बुझ्नै सक्दैन । जसले वस्तुको गतिलाई बुझ्न सक्छ, त्यसले मानवजातिको हितको निम्ति परिवर्तन गर्न सक्दछ। समाज विज्ञानको सन्दर्भमा मार्क्सले भन्नुभएको छ, 'दार्शनिकहरूले विभिन्न विधिबाट विश्वलाई केवल व्याख्या गरेका छन्, तर प्रश्न विश्वलाई बदल्ने हो'छ। हाम्रो देशमा प्रचलित शिक्षा समाजलाई परिवर्तन गर्न सक्ने सचेत र स्वतन्त्र मानिसको विकास गर्नेमा होइन, शिक्षा सामन्तका लागि तिरो उठाउने बहिदारहरू, कार्यालयका क्लर्कहरू, र बढीभन्दा बढी, साम्राज्यवादी उत्पादन सम्बन्धभित्रको श्रम बजार बिक्री हुने श्रमशक्तिका रूपमा विकास गर्ने रहँदै आएको छ। यसरी तुलना गर्दा एउटा शिक्षित व्यक्ति सामाजिक मूल्यका हिसाबले केवल किसानले फलाउने त्यो आलु बराबर हुन्छ, जसमा जति बढी लागानी गरिन्छ, त्यति नै धेरै फस्टाउँछ र त्यसले बजारमा त्यति नै धेरै मूल्य प्राप्त गर्दछ । जसको कारण राजतन्त्रात्मक मुलुक होस् या पुँजीवादी, त्यहाँको उदीयमान नयाँ पिढी भ्रष्टीकृत भएको हुन्छ, अपराधीकृत बनाइएको हुन्छ । जब सचेत जनताले यस प्रकारको पाखण्डी शिक्षाको परिवर्तनको माग गर्दछ, तब यो प्रतिक्रियावादी वर्गले ठूलो स्वरले त्यसको विरोध गर्दछ, रुवाबासी गर्दछ, र विभिन्न संयन्त्रमार्फत आफ्नो सुरक्षा गर्छ र आफ्नो शिक्षा नीतिको रक्षा गर्दछ । तर, यो शिक्षा, जसको विनास हुने त्रासमा ऊ यति रुवाबासी गर्छ, अधिकांश जनताका लागि त्यो दासताको आत्मदहनबाहेक केही हुन सक्दैन र मेसिनजस्तै काम गर्ने प्रशिक्षणबाहेक केही हुन सक्दैन । नेपालमा अहिले बुर्जुवा वर्ग र कथित शिक्षाविद्‌हरू शिक्षामा वर्ग हुँदैन, राजनीति हुँदैन, शिक्षा मार्क्सवादी र गैरमार्क्सवादी हुँदैन भन्दै शिक्षाको रूपान्तरण र यसको रूपान्तरणकारी भूमिकाविरुद्ध कम्मर कसेर लागेको कुरालाई यसकै उदाहरणका रूपमा लिनुपर्ने हुन्छ।

(२) **शिक्षासम्बन्धी राज्यको दृष्टिकोण कस्तो हुनुपर्छ ?**

महान् जनयुद्धले पैदा गरेको नयाँ नेपालको नयाँ सामाजिक परिस्थितिमा मुलुकमा शिक्षा कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा अहिले व्यापक बहस चलिरहेको छ । एकातिर शिक्षाको प्रश्नलाई कतिपय संसद्‌वादी पार्टीहरूले चुनावी नारामा सीमित गर्न पुगेका छन् र अर्कोतिर हाम्रो पार्टी नेकपा माओवादीले यसलाई जनताको नैसर्गिक अधिकारका रूपमा निःशुल्क र अनिवार्य गर्ने प्रतिबद्धता गरेको छ र देशको शिक्षाको चरित्र व्यावहारिक, वैज्ञानिक र जनमुखी हुनुपर्ने अडान राख्दै आएको छ।

शिक्षा कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा कार्ल मार्क्स भन्नुहुन्छ, 'शिक्षामा हाम्रो अभिप्रायः तीन कुरामा छ : (१) बौद्धिक शिक्षा, (२) शारीरिक विकास (जिम्नेस्टिक फौजी तालिम आदि) (३) पोलिटेक्निकल शिक्षा जसले सबै उत्पादन प्रक्रियाको सामान्य वैज्ञानिक सिद्धान्तसँग परिचित गराउँछ । साथसाथै बालबालिका र किशोर हरूलाई सबै उत्पादन कार्यबाट प्राप्त औजारहरूको प्रयोग गर्न सिकाउँछ।'ट सन् १९१८ मा पार्टी कार्यदिशाको मस्यौदा तयार गर्दा लेनिनले भन्नुभएको थियो, 'यो कुरा निश्चित गरिनुपर्छ, १६ वर्षसम्मका युवकयुवतीलाई अनिवार्य, सामान्य एवम् पोलिटेक्निकल (अथवा उत्पादनका सबै साधनका सिद्धान्त र व्यवहारसँग परिचित गराउने) शिक्षा उपलब्ध होस् । शिक्षा बालबालिकाको सामाजिक उत्पादन गर्ने श्रमका साथ घनिष्ट सम्बन्ध होस्'ठ । लेनिनले गर्नुभएको यो परिभाषा नेपालका सन्दर्भमा पनि उत्तिकै महत्व राख्दछ।

एक्काईसौँ शताब्दीको पहिलो दशकभित्रै नेपाललाई आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक रूपले नयाँ ठाउँमा पुर्‍याउन शिक्षामा आमूल परिवर्तन गर्न अनिवार्य हुनेछ। यसै सन्दर्भमा हाम्रो पार्टीले नयाँ नेपालको प्रारम्भिक शिक्षा नीति कस्तो हुने भन्ने सन्दर्भमा निम्नबुँदाहरू स्पष्ट गरेको छ । हाम्रो पार्टी नेकपाले नयाँ नेपालमा 'हालको शिक्षामा व्याप्त व्यापारीकरणको अन्त्य गरी कक्षा १२ सम्म सबैलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ' भनेको छ। हाम्रो प्रतिबद्धतापत्रमा भनिएको छ, 'शिक्षालाई जीवन र उत्पादनसँग जोडिनेछ। प्राविधिक र पोलिटेक्निक शिक्षालाई विशेष जोड दिइनेछ । औपचारिक शिक्षाबाट वञ्चित ठूलो जनसङ्ख्या र विशेषतः जनयुद्धका क्रममा क्रान्तिकारी आन्दोलनमा संलग्न युवकयुवतीहरूलाई शिक्षामा पहुँच पुर्‍याउन खुला विद्यालय तथा विश्वविद्यालयको स्थापना गरिनेछ ।' प्रतिबद्धतापत्रमा अगाडि भनिएको छ, 'तिनमा व्यावहारिक ज्ञानबाट हासिल शिक्षालाई समेत आजीवन शिक्षाका रूपमा मान्यता दिने विशेष व्यवस्था गरिनेछ ।' 'प्रत्येक स्वायत्त राज्यमा कमसेकम एक विश्वविद्यालय स्थापना गरिनेछ। कृषि तथा बन, इन्जिनियरिङ, मेडिसिन, सूचनाप्रविधि, व्यवस्थापन आदि क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विशिष्ट शिक्षण तथा अनुसन्धान केन्द्रहरू स्थापना गरेर विदेशी विद्यार्थी तथा अनुसन्धानकर्ताहरूलाई समेत आकर्षित गर्ने नीति लिइनेछ।'ड

नयाँ नेपाल निर्माणका लागि हाम्रो पार्टीबाट व्यक्त गरिएका प्रतिबद्धताहरू नेपालको आजको ऐतिहासिक आवश्यकतालाई प्रतिबिम्बित गर्ने गरी तयार पारिएका छन् । यो ऐतिहासिक आवश्यकतालाई पूरा गर्न राज्यले केवल शिक्षालाई मात्र एकाङ्गी रूपमा विकास गर्न सम्भव हुँदैन । यसको विकासका लागि शिक्षाका साथसाथै, रोजगारीमा पनि विकास गर्न आवश्यक हुनेछ । शिक्षा सम्बन्धमा नीति निर्माण गर्दा यो कुरामा ध्यान दिन आवश्यक छ कि यो नीतिबाट 'समाजिक शिक्षाको काम यसप्रकारले सङ्गठित गर्न मद्दत मिलोस् जसबाट उदीयमान पिँढी सामन्ती तथा पुँजीवादी समाजको आमूल परिवर्तन गर्न सक्षम होस् ।'ढ

यसप्रकारको शिक्षा त्यतिबेला मात्र सम्भव हुनसक्छ जब आमनागरिकलाई देशको अहिलेको स्थितिबाट आगामी दस वर्षमा कहाँ पुर्‍याउने भन्ने लक्ष्य र उद्देश्यका साथ पठनपाठन गराइन्छ । अहिले दिने गरिएको मोनोटेक्निक शिक्षा खारेज गरिन्छ र देशव्यापी रूपमा पोलिटेक्निक शिक्षाको व्यवस्था गरिन्छ । यसप्रकारको शिक्षाको व्यवस्था केवल निश्चित सामाजिक परिस्थितिमा मात्र गर्न सकिन्छ किनकि यसप्रकारको शिक्षा व्यावहारिक, वैज्ञानिक र जनमुखी कुन कारणले हुँदैन भने त्यसको सञ्चालन जनवादीहरूको हातमा रहेको हुन्छ तर यसकारणले हुन्छ कि उसको उद्देश्य परिवर्तित समाजको आवश्यकताअनुरूप हुने गर्दछ। विश्लेषण गर्दा जोकोही पनि यो निष्कर्षमा पुग्छ, औपचारिक वा अनौपचारिक रूपमा दिइने परम्परागत कोरा साक्षरता अभियानको कुनै अर्थ र महत्त्व रहन सक्दैन। पोलिटेक्निक शिक्षाप्रणालीले नागरिकलाई केवल साक्षर मात्र बनाउँदैन, समाजमा आवश्यक पर्ने उत्पादनको विकासका लागि आफ्नो सीप र ज्ञानको प्रयोग गर्न सक्षम बनाउँछ।

वैज्ञानिक, जनवादी तथा जनमुखी शिक्षाप्रणालीमा कक्षा १२ सम्म निःशुल्क तत्काल लागू गर्न सकिन्छ । हाम्रोजस्तो पुँजीको विकास नभएको देशमा आधारभूत उद्योगहरू, कृषि उत्पादन र कृषि औजारहरूका बीचको सम्बन्ध, साना र ठूला उद्योगहरूका बीचको सम्बन्ध, कृषि र ठूला उद्योगहरूको सम्बन्ध, खनिज तथा जलस्रोतको विकास र प्रयोगसँग सम्बन्धित प्राविधिक, सैद्धान्तिक र व्यावहारिक शिक्षा पोलिटेक्निक क्षेत्रभित्र समावेश गरिनुपर्छ । यसले देशको विकासलाई एउटा स्तरसम्म पुर्‍याउनेछ जो हामीले आगामी १० वर्षभित्र एउटा निश्चित मापमा पुर्‍याउन खोजिरहेका छौँ।

नेपालको पुरानो सरकारले शिक्षा क्षेत्रमा राज्यको दायित्वलाई शून्यमा झारेर त्यसमा विदेशी तथा अन्तर ाष्ट्रिय वित्तीय कम्पनीहरू, गैरसरकारी संस्थाहरू तथा व्यक्तिगत सम्पत्ति लगानी गर्ने लगानीकर्ताहरूलाई जिम्मा दिने गरेको छ। मुनाफाका लागि चलेका वित्तीय कम्पनीहरूको सहयोग र नियन्त्रणमा कुनै देशको शिक्षा सञ्चालन हुनु आफैँमा ठूलो विडम्बना हो । शिक्षालाई आत्मनिर्भर नगरी विदेशी पुँजी र त्यसको नियन्त्रणमा शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु आत्मघाती कदमबाहेक केही हुन सक्दैन । त्यस्तैगरी १२ कक्षासम्म निःशुल्क शिक्षा दिनुपर्ने अहिलेको आवश्यकतामा केही जिल्लामा मात्र कक्षा ८ सम्म निःशुल्क गर्ने र यसलाई ५ वर्षभित्र सबै जिल्लाहरूमा पुर्‍याउने अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको नीति भएको पाइन्छ ।ज्ञण शिक्षामाथि विदेशी हस्तक्षेप, साम्राज्यवादीहरूको व्यापारिक प्रयोग र विद्यार्थीको आत्मसम्मानमा आँच आउने मनोविज्ञानले देशको स्वाभिमान र आत्मनिर्भरतालाई प्रोत्साहित गर्न सक्दैन । यसप्रकारको नीति र व्यवहारको तुरुन्त अन्त्य गरिनुपर्छ । नयाँ नेपालभित्र परनिर्भरता, आत्मिक दासता र भिखारी परम्पराको अन्त्य गरिनेछ र आमनागरिकका लागि व्यावहारिक, वैज्ञानिक र जनमुखी शिक्षा दिने व्यवस्था गरिनेछ।

(३) **शैक्षिक समस्याहरूको समाधानका विधिहरू**

नेपालको शैक्षिक समस्याका सन्दर्भमा केही सैद्धान्तिक एवम् राजनीतिक विषयहरूमा छलफल गरिसकेपछि नयाँ नेपालको शैक्षिक अवधारणा र त्यसमा आउने समस्याको समाधानका बारेमा सङ्क्षिप्त चर्चा गरिन्छ :

१. शिक्षा क्षेत्रमा देखा पर्ने समस्याहरू समाधान गर्न र यसका नीतिगत प्रश्नको हल गर्नका लागि शिक्षक, विद्यार्थी र अभिभाकहरूका चाहना र राष्ट्रको आवश्यकतालाई समायोजन गर्ने मालेमावाद मान्यतालाई अग्रस्थानमा राखी शैक्षिक समस्याको समाधान खोज्ने प्रयत्न गरिनुपर्दछ।

२. शिक्षा नगारिकको नैसर्गिक अधिकार हो भन्ने मान्यतालाई व्यावहारिक रूप दिन आमनेपाली जनतालाई निःशुल्क शिक्षा प्रदान गर्नुपर्छ । देशको सङ्घीय ढाँचाअनुरूप हरेक स्वायत्त गणराज्यहरूले जनताको आफ्नो मातृभाषामा उच्च शिक्षासम्म हासिल गर्न पाउने व्यवस्था गर्नुपर्छ । यसका लागि राज्यले नै स्पष्ट भाषानीतिको निर्णय र अवलम्बन गर्नुपर्छ र त्यही आधारमा केन्द्र तथा स्वायत्त राज्यहरूले विद्यार्थीको चाहनामा शोधकार्यसमेत आफ्नो मातृभाषामा गर्न पाउने व्यवस्था गर्नुपर्छ। त्यसका लागि उपयुक्त भौतिक पूर्वाधारको व्यवस्था गरिनुपर्छ जसमा हरेक स्वायत्त गणराज्यहरूमा कम्तीमा एक विश्वविद्यालय, कलेजहरू र विद्यालयको व्यवस्था गरिनुपर्छ। विद्यालयमा पाठ्यपुस्तकहरूको उचित व्यवस्था, देशको आर्थिक उत्पादनका तथा सामाजिक विकासका लागि आवश्यक पर्ने खनिज तथा जडीबुटी, जल तथा शौर्य, ऊर्जा, वायु तथा ग्याँस, जीव तथा नाभिकीय एवम् विकिरणीय तत्त्वहरूको अनुसन्धान गर्ने प्रयोगशालाहरू उपलब्ध हुनुपर्छ। कापी, कलम, मसीलगायत आवश्यक सामग्रीहरूको उत्पादन र आपूर्तिको व्यवस्था तथा त्यसको उत्पादन गर्ने यन्त्रशालाको अनुसन्धान र निर्माण गरिनुपर्छ।

३. जातीय तथा क्षेत्रीय स्वायत्त गणतन्त्रको विकास र मातृभाषामा शिक्षाको व्यवस्था गर्दा अन्धराष्ट्रवाद, जातीय तथा क्षेत्रीय अहङ्कारवाद, नेपाल र विश्वका कुनै पनि भाषाप्रति घृणा तथा विद्वेष पैदा हुने पुँजीवादी मान्यताको अन्त्य गरिनुपर्छ र मानवीय तथा सर्वहारावर्गीय अन्तर्राष्ट्रियतावादको विकास गरिनुपर्छ।

४. निःशुल्क शिक्षाका लागि आर्थिक स्रोतको व्यवस्था राज्यले गर्नुपर्छ र निरपेक्ष निःशुल्कको व्यवस्था कुनै पनि राज्यले गर्न सक्दैन, सापेक्षतामा रोजगारीको सिर्जना गरी त्यसको आम्दानीलाई शिक्षा र स्वास्थ्यमा व्यवस्थापन गर्नुपर्छ।

५. शिक्षालाई व्यवहारसँग जोड्नुपर्छ । कृषिमा औद्योगिकीकरण, कलकारखानाहरूको विकास, इन्जिन तथा यन्त्रको विकास, बायो तथा सौर्य इन्धनको विकाससँग विद्यार्थीको अध्ययन प्रक्रियालाई जोडी त्यसको सामाजिक प्रयोग गर्ने व्यवस्था गरिनुपर्दछ। यस प्रक्रियाले मात्र शिक्षालाई व्यवहारसँग जोड्न सक्छ।

६. विद्यार्थीलाई मानव समाज, मानव जाति विकास, वर्गसङ्घर्षको विकास, वस्तु तथा जगत्‌को उत्पत्ति विकासको इतिहासमा दक्ष गराइनुपर्दछ।

७. विद्यमान सरकारी स्कुलहरू जो शिक्षा प्रदान गर्ने प्रश्नमा निकम्मा देखिन्छन्, पोलिटेक्निक शिक्षा प्रणाली लागु गरी तिनलाई प्रभावकारी बनाइनुपर्छ।

८. निजी क्षेत्रमा चलेका विद्यालयहरूलाई नियमन, नियन्त्रण, निगरानी र अनुगमन गर्दै यसप्रकारका विद्यालयहरूलाई व्यापारमुखी नभईकन देशको शिक्षा नीतिलाई पूरा गर्ने सहयोगीका रूपमा विकास गरिनुपर्दछ। त्यसका लागि उनीहरूको पुँजीको लगानी तथा व्यक्तिगत शारीरिक एवम् बौद्धिक श्रमको सुरक्षा गरिनुपर्छ । यसप्रकारका विद्यालयहरूबाट भएको आम्दानीबाट राज्यले निश्चित प्रतिशतमा शिक्षाकर लिनुपर्छ र कुनै कारणले शिक्षामा राम्रो सेवा पुर्‍याउने विद्यालयहरू खतरामा पर्ने वा आर्थिक रूपले टाटपल्टने अवस्था आउँदा राज्यले त्यसलाई सब्सिडीको व्यवस्था गरी राहत दिनुपर्छ र एउटा निश्चित बिन्दुमा निजी क्षेत्रबाट चलेका विद्यालयहरूलाई सरकारी विद्यालयहरूमा समाहित गर्नुपर्दछ।

९. शिक्षा क्षेत्रमा काम गर्ने शिक्षकहरूको क्षमता र जिम्मेवारीको विकास नयाँ स्तरमा गरिनुपर्दछ । अहिले निजामती कर्मचारीमा अयोग्य मानिएका वा लोकसेवामा अनुत्तीर्ण भएका शिक्षितहरू शिक्षा क्षेत्रमा उपयुक्त मानिने गलत र हानिकारक संस्कार रहेको छ । यो संस्कारको व्यावहारिक रूपले अन्त्य गरिनुपर्छ र शिक्षण पेसालाई सम्मानित, मर्यादित र जिम्मेवारीपूर्ण बनाइनुपर्छ।

१०. विद्यार्थीको मूल्याङ्कन र परीक्षाप्रणाली उसको प्रगतिलाई रोक्ने, निरुत्साहित गर्ने र मानसिक रूपले अपाङ्ग बनाउने नभईकन सरल, विद्यार्थीलाई शिक्षामा विकास गर्न उत्साहित गर्ने र प्रगतिउन्मुख बनाइनुपर्छ । स्कुल तथा कलेज तहसम्म पुग्दा पाठ्यसामग्रीको तर्जुमा तल्लो तहको शिक्षा सर्वतोमुखी र बहुआयामिक बनाइनुपर्छ र उच्च तहलाई विशिष्टीकरण गरिनुपर्छ।

११. परीक्षाप्रणालीलाई सहज र सामान्य बनाउन विद्यार्थीको निरन्तर मूल्याङ्कन र प्रगतिका आधारमा कक्षा चढाउने नीतिलाई व्यवस्थित गरिनुपर्दछ । यसका लागि अव्यवस्थित र अवैज्ञानिक परीक्षाप्रणाली समस्त आधारहरूलाई ध्वस्त पार्दै विद्यार्थीको वास्तविक सिकाइ प्रगति, व्यवहार र अभिवृत्तिमुखी विकासको मापन गर्ने गरी परीक्षा र मूल्याङ्कन प्रणालीको विकास गरिनुपर्दछ।

१२. विद्यार्थीको स्कुल, कलेज र विश्वविद्यालयको अध्ययन अवधि सकेसम्म कम हुनुपर्दछ। सामान्यतया यो अवधि २० वर्षमा स्नातकोत्तर र २३ वर्षमा विद्यावारिधिको उपाधि प्राप्त गर्न सक्ने गरी निर्धारण गर्नुपर्छ।

१३. राज्यको गलत शिक्षा नीतिका कारण औपचारिक शिक्षाबाट वञ्चित नागरिकहरूलाई उनीहरूले जीवनमा आर्जन गरेको सीप र ज्ञानका आधारमा निश्चित मापदण्ड भएको औपचारिक शिक्षास्तर प्रदान गर्नुपर्छ र त्यसप्रकारका व्यक्तिहरूले आफ्नो क्षमताअनुसार कलेज वा विश्वविद्यालयमा अध्ययन-अनुसन्धान गर्न पाउने व्यवस्था गरिनुपर्छ।

१४. जनयुद्धका क्रममा औपचारिक शिक्षा प्राप्त गर्न नपाएका योद्धाहरू, कलाकर्मीहरू, साहित्यकार तथा आम जनसमुदायहरूका लागि निश्चित समयको पोलिटेक्निकल कोर्स गराइनुपर्छ र उसको ज्ञान र सीपलाई उच्च शिक्षासम्मको निश्चित मापदण्ड निर्धारण गरी औपचारिक शिक्षाको मान्यता दिनुपर्दछ।

१५. पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, पाठ छनोटजस्ता विधिहरूलाई वैज्ञानिक र व्यवस्थित बनाउन पाठ्यक्रम निर्माता र लेखकहरूलाई तालिम सञ्चालन गर्न पाठ्यक्रम विकास केन्द्रहरूलाई सक्षम र सशक्त बनाउनुपर्दछ।

१६. शिक्षकहरूलाई सक्षम र सीपयुक्त शिक्षणमा संलग्न गराउन उपयुक्त तालिमको व्यवस्था गरिनुपर्दछ। यसका लागि शिक्षकको तालिम पाठ्यक्रमलाई व्यावहारिक वैज्ञानिक र राष्ट्रको समग्र आवश्यकतालाई सम्बोधन गर्ने गरी विद्यार्थी केन्द्रित ढङ्गको बनाउनुपर्दछ र शिक्षक तालिम शिक्षण-सिकाइको अङ्ग बनोस् भन्नका लागि विद्यालयीय वा विद्यालयमा आधारित तालिमहरू सञ्चालन गर्नुपर्दछ। शिक्षण पेसा मर्यादित बनोस् भन्ने उद्देश्यले योग्य शिक्षकहरूलाई मात्र शिक्षा क्षेत्रमा प्रवेश गराउनुपर्दछ र तिनको क्षमता विस्तारका लागि सङ्घीय राज्यहरूमा समेत केन्द्रीय र स्थानीय स्तरमा तालिम केन्द्रहरू सञ्चालन गरिनुपर्दछ । यसका लागि तालिम केन्द्र र तालिमलाई प्रमाणपत्र थाप्ने थलो नभई पेसागत सक्षमतामा आधारित विषय बनाउनुपर्दछ।

१७. संविधानसभाको चुनाव भइसकेपछि नयाँ संविधानमा शिक्षासम्बन्धी यी नीतिहरूलाई स्पष्ट किटान गरिनुपर्छ र त्यसको व्यावहारिक कार्यान्वयन तुरुन्त गरिनुपर्छ।

यसरी मात्र शिक्षासम्बन्धी देखा परेका अहिलेका समस्याहरूको समाधान गर्न सकिने छ।

***(नयाँ नेपालको शिक्षा नीतिबारे यही २१ असार २०६५ मा ज्ञानकुञ्ज कलेजमा आयोजित सेमिनारमा प्रस्तुत कार्यपत्रको सम्पादित स्वरूप)***

# वर्णविभेद उन्मूलनको अन्तिम औषधी सांस्कृतिक क्रान्ति

'हरेक प्रकारका धर्म मानिसको दिमागमा ती बाह्य शक्तिहरूको काल्पनिक प्रतिबिम्बबाहेक अरू केही होइन जसले उनीहरूको दैनिक जीवनमाथि शासन गर्दछ । यो प्रतिबिम्बमा पार्थिव शक्तिहरूले अलौकिक शक्तिहरूको रूप धारण गर्दछन् । इतिहासको आरम्भमा पहिले प्रकृतिका शक्तिहरू यसप्रकार मानिसको दिमागमा प्रतिबिम्बित भएका थिए । पछि जुन विकास भयो त्यस क्रममा यिनै शक्तिहरूले विभिन्न जातिहरूमा विभिन्न प्रकारले मूर्त रूप धारण गरे । तुलनात्मक पुराण विधाले कम्तीमा पनि भारोपेली जातिहरूका बारेमा प्रारम्भिक प्रक्रिया क्रमको मूल बिन्दुसम्म पत्ता लगाएको छ । यो प्रक्रिया भारतीय वेदहरूमा आरम्भ भएको थियो र त्यसपछि यसको जसरी विकास भयो, त्यसको भारतीयहरू, फारसीहरू, युनानीहरू, रोमेलीहरू र जर्मनेलीहरूको इतिहासमा विस्तारपूर्वक निरूपण गरिसकिएको छ । अनि जहाँसम्म उपलब्ध सामग्रीले सम्भव बनायो, त्यहाँसम्म केल्टहरू, लिथुआनियालीहरू र स्लाबहरूको इतिहासमा पनि निरूपण गरिसकेको छ । ...जब मानिसले केवल इच्छा मात्र गर्दैन, बरु त्यसको फल पनि निश्चित गर्न लाग्दछ, तब मात्र त्यो अन्तिम परायी शक्तिको लोप हुनेछ, जुन आज पनि धर्ममा प्रतिबिम्बित भइरहेको छ र त्यसका साथसाथै स्वयम् धार्मिक प्रतिबिम्बको पनि लोप हुनेछ किनभने तब यस्तो कुनै चीज रहनेछैन जसको प्रतिबिम्बन हुन सकोस् ।'

-एङ्गेल्स, ड्युहरिङ मत खण्डन, १८७६-७८ नेपालीमा अनुवादक- रमेश सुनुवार र नारायण गिरी, मार्क्सवादी अध्ययन-अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित, पृष्ठ ४०४-६ ।

'ब्राह्मणोस्य मुखमासीद् बाहु राजन्य कृतः ।

उरू तदस्य यदैश्य : पद्भ्यां शूद्रो अजायत ॥ १२ ॥'

- ऋग्वेद, दशमं मण्डलम्, संस्कृतबाट नेपालीमा भावानुवादक-तिलकप्रसाद लुइँटेल, सुक्त-९०, पृष्ठ ९६० ।

आजको विश्वसम्म आइपुग्दा पनि वर्गविभेद, राष्ट्रियता विभेद, नश्लविभेद, धर्मविभेद भौगोलिक विभेद इत्यादि चर्को रूपमा नै रहेका छन् । हाम्रो दक्षिणएसियामा थप वर्णविभेद पनि अस्तित्ववान् रहेको छ । यहाँ हामीले वर्णविभेद प्रथाअन्तर्गत अछूत वा दलित वर्णबारे छलफल गर्ने कोसिस गरेका छौँ ।

यहाँ माथि हामीले एङ्गेल्सको प्रसिद्ध कृति 'ड्युहरिङ मतखण्डन' बाट एउटा सानो पाठ उद्धृत गरेका छौँ । यो पाठ मार्क्स-एङ्गेल्सले पूर्वीय समाज र दर्शनबारे केही पनि बुझेका थिएनन् भन्ने महानुभाव र निम्नपुँजीवादी कोणबाट समाजवादी व्यवस्थाको व्याख्या गर्ने तथा समाजवादमा धर्मको ऐतिहासिक स्रोत र त्यसको सांस्कृतिक जग नभत्काईकन त्यो कानुनद्वारा हटाउन सकिहाल्छ भन्ने त्यसबेलाको ड्युहरिङलाई जोडदार जबाफ हो । मार्क्स-एङ्गेल्सका अनुसार मानव जातिको इतिहासमा आदिम साम्यवाद वर्गविहीन, धर्मविहीन, राज्यविहीन, लिङ्गभेदविहिन, राष्ट्रियताविहीन थियो किनभने त्यहाँ निजी सम्पत्ति थिएन । मानिसको जीविकाको साधन र स्रोत भनेको मानव श्रम र प्रकृति थियो । जब जनसङ्ख्या बढ्दै गयो तब प्राकृतिक उत्पादन मानिसको जीवन पुनर्उत्पादनका लागि पर्याप्त भएन । सीमित फलफूल, कन्दमूल र सिकारका लागि विभिन्न क्षेत्रहरूमा रहने मानव समूहहरूका बीच लुछाचुँडी हुन थाल्यो । बलियो समूहले निर्बललाई हराएर प्राकृतिक खाद्य वस्तुहरू सञ्चय गर्न सुरु गऱ्यो । निर्बलियाहरूलाई आफ्नो प्रभुत्वमा राख्न थाले । आदिम साम्यवादको अन्तिमसम्म त महिलाहरूले नै मातृसत्ता चलाएका थिए । बिस्तारै निजी सम्पत्तिको उत्पत्ति भयो । पशुपालनको प्रक्रियामा पुरुषले महिलालाई घरको रेखदेख गर्ने नाममा भाग लिनबाट वञ्चित गऱ्यो । त्यहीँबाट परिवारमा महिला र पुरुषबीच वर्गविभाजन भयो । मानव समाजको पहिलो वर्गविभाजन यही थियो । त्यसपछि दास-मालिक युग सुरु भयो । निजी सम्पत्तिले वर्गविभेद, लिङ्गविभेद, धर्म, जातपात, भूत-प्रेत, बोक्सी, धामीझाँक्री इत्यादि विभेद र विसङ्गति जन्मायो । आदिम साम्यवादको अन्त्य र दास युगको सुरुमा प्राकृतिक वस्तुहरू र प्रकृतिका क्रियाकलापहरूको अज्ञानताबाट पैदा भएका विचित्र चित्रहरू मानिसको दिमागमा प्रतिबिम्बित भएका थिए । ती भ्रमपूर्ण चित्रहरूले एकातिर भगवान्को रूप धारण गरे भने अर्कोतिर राक्षसको । उदाहरणका लागि विभिन्न रोग लागेर मानिस बिरामी पर्दथे र औषधीको ज्ञान थिएन । यसले झारफुके र धामी-झाँक्री जन्मायो । सुरुमा मानिस जीवन बचाउने पानी, जीवनलाई न्यानो दिने घामलाई पूजा गर्दथे । हामी ऋग्वेदलगायत वेदहरू र अन्य विभिन्न हिन्दु ग्रन्थहरूमा वायु, जल, अग्नि, पृथ्वी, आकाशजस्ता पञ्चभूतहरूमा देव जोडेर भौतिकवादलाई आध्यात्मिक बनाउने काम गरिएको छ । वेदलाई तीन हजार वर्षभन्दा पहिलेदेखि लेख्न थालिएको थियो । त्यसबेलासम्म आइपुग्दा दासयुगले अन्तिम सास फेर्दै थियो र दासमालिकको स्थानमा जग्गाजमिनमा कब्जा जमाउँदै गएको सामन्ती वर्ग उदायो र दासहरूको स्थानमा जमिन खनजोत गरी अन्न फलाउने किसानको विकास भयो । एङ्गेल्सका अनुसार भारतीय वेदहरूबाट नै धर्म र जाति प्रथाको आरम्भ भएको थियो । माथि हामीले ऋग्वेदको दसौँ मण्डलबाट उद्धृत गरेका छौँ । त्यसअनुसार एउटा त्यस्तो विराट पुरुषको मुखबाट विधाको अधिकारी ब्राह्मण पाखुराबाट सेनाको अधिकारी भएको क्षेत्री, पेटबाट खेतीपाती गर्ने वैश्य र खुट्टाबाट श्रम गर्ने शूद्र जन्मेका थिए । ऋग्वेदको यही जात विभाजनलाई हिन्दु समाजमा अकाट्य धर्मका रूपमा लादियो । त्यसपछि अगाडि बढेको वर्णव्यवस्था अन्ततः एउटा संस्कृति नै बन्यो । भारतमा सुरु भएको यो वर्णव्यवस्था दक्षिणएसियामा नै बढी फैलियो । ईसापूर्व पाँचौँ शताब्दीदेखि ईशाउत्तर १६ औँ शताब्दीसम्मको मध्ययुगमा धर्मले दर्शनशास्त्रलाई आफ्नो मातहतमा कैद गऱ्यो र अध्यात्मवादी दर्शनको बोलवाला रह्यो । जब १६ औँ शताब्दीमा पश्चिम युरोपमा औद्योगिक क्रान्ति भयो तब सामन्तवादको अन्त्य र पुँजीवादको आरम्भ भयो । भौतिकवादलाई स्वीकार गर्दै श्रमजीवी तथा सर्वहारा वर्गलाई साथ लिएर सामन्तवादमाथि विजयी भएको पुँजीवादले शोषणप्रक्रियालाई गुणात्मक बनायो र त्यस प्रक्रियालाई कायम राख्न धर्मको सहारा लिँदै नश्लभेद, जातिभेद, रङ्गभेद, क्षेत्रीयतावाद, भाषाभेद अन्ततः वर्गभेद कायम राख्यो । दक्षिणएसियाको वर्णभेद पनि कायमै छ ।

करिब एक हजार वर्षपहिले भारतमा इरानी मुस्लिमद्वारा पराजित हिन्दुहरू नेपाल आएपछि एकातिर गोरखाका सामन्त रामशाहले 'चार वर्ण छत्तीस जात' को व्यवस्थालाई कानुनी रूप दिए भने अर्कोतिर भारतको वैशालीबाट उपत्यकामा आई किराँत वंशलाई हटाएर उदाएको लिच्छवी वंश हुँदै मल्ल वंशका राजा जयस्थिति मल्लले ६४ जातको व्यवस्था चलाए । तेस्रो वर्ण व्यवस्था नेपालको दक्षिणी सीमाभित्र भारतबाट छिरेको छ । खासगरी तराई क्षेत्रमा आएर बसेका दलितहरूको अवस्था देशका अरू दलितहरूको जस्तै छ । नेपाली समाजको अध्ययन गर्दै जाँदा र वर्णव्यवस्थाको जन्मस्थल भारतलाई पनि जोड्दा यसको इतिहास तीन हजार वर्षभन्दा लामो देखिन्छ । वेदलाई हिन्दु आर्यहरूले धर्मग्रन्थमा स्थापित गरेपछि वर्णव्यवस्था र वर्णविभेदलाई भगवान्को अकाट्य वाणीका रूपमा लिइयो र आज यो एउटा जब्बर संस्कृति बनेर रहेको छ । सुरुमा वर्णव्यवस्था भनेको श्रमविभाजन थियो । दास युगको अन्तिम अवस्थामा यो व्यवस्था जन्मियो । सामन्तवादी व्यवस्थामा यसले चरम रूप लियो र त्यहाँ आएपछि श्रमसँग जोडिएको शूद्रलाई तिनको विद्रोह दबाउन विभिन्न दण्डहरू दिन थालियो । त्यही दण्ड दिने प्रक्रियामा नै तिनलाई अछूत बनाइयो । अछूत भनेपछि समाजबाट अलग्याउन पाइयो र अलग्याएपछि विद्रोह कमजोर बन्न गयो । यही प्रक्रियामा नै दलितहरूभित्र पनि उपदलितहरू बनाइयो । अछूतहरूको जनसङ्ख्या बढ्दै जाँदा तिनलाई जुट्न नदिन दलितभित्र पनि दलित बनाइयो । तिनको पनि श्रमविभाजन गरियो । फलामको काम गर्नेलाई कामी, दमाहा बजाउनेलाई दमाई, तामाको भाँडा बनाउनेलाई ताम्राकार, गाउने-बजाउनेलाई गाइने र बादी भनियो । राज्यसत्ता चलाउने नीति बनाउने, निर्देशन गर्ने र ज्ञान वितरण गर्नेलाई ब्राह्मण, शासन चलाउने र शासन क्षेत्रको रक्षा गर्नेलाइ क्षेत्री, व्यापार र खेतीपातीको व्यवस्था गर्नेलाई वैष्णव र कृषिमा श्रम गर्ने तथा कृषि श्रममा विभिन्न औजार हरूको निर्माण गर्नेलाई सुरुमा शूद्र भनियो । वर्ण व्यवस्थामा नै अछूत भनेर शूद्रलाई भनिएको होइन । माथि भनिएझैँ श्रमिकहरूको विद्रोह दबाउने क्रममा नै अछूत जातिको जन्म भएको हो । त्यसकारण वैदिक धर्म र त्यस दर्शनबाट निर्देशित सामन्तवाद नै छुवाछूत प्रथाको जिम्मेवार रहेको छ ।

युरोप, अमेरिका, अफ्रिका, दक्षिणअमेरिका, पूर्वीएसिया, मध्यपूर्वमा यसखाले वर्णभेद वा छुवाछूत प्रथा छैन । त्यहाँ नश्लभेद, धर्मभेद, राष्ट्रभेद, भाषाभेद र रङ्गभेदजस्ता कुराहरू रहेका छन् । त्यसैले दक्षिणएसियाली समाजको विशिष्ट विशेषता भनेको वर्णभेद हो । यसका जराहरू धार्मिक रूढिवादमा गाडिएका छन् । पुँजीवादी राज्यसत्ता भनेको अतिरिक्त मूल्यको शोषणबाट अस्तित्ववान् राज्यसत्ता हो । त्यसलाई शोषणका लागि धार्मिक रूढिवादी, जातीय भेदभाव र भ्रमहरूको आवश्यकता पर्दछ । त्यसकारण पुँजीवाद वर्गभेद, जातीय भेद, लिङ्गभेद र वर्णभेदको उन्मूलन गर्ने व्यवस्था होइन, बरु यो त त्यससम्बन्धी भ्रमपूर्ण र देखावटी कानुन बनाएर शोषण गर्ने भेदहरूलाई संस्कृतिका रूपमा हुर्काइराख्ने व्यवस्था हो भन्ने कुरा विश्वइतिहासले पुष्टि गरिसकेको छ । त्यसैगरी नेपालमा विद्यमान दलाल पुँजीवादी संसदीय व्यवस्था पनि त्यही विश्व व्यवस्थाकै विकृत रूप हो । यसको ठोस समाधान भनेको सांस्कृतिक क्रान्तिसहितको एकीकृत जनक्रान्ति र त्यसद्वारा



हेमन्तप्रकाश ओली 'सुदर्शन'

स्थापित हुने वैज्ञानिक समाजवादी व्यवस्था हो ।

हामीले देखिरहेका छौँ- वि.सं. १९९७ देखि २०६३ सम्म चलेका जनसङ्घर्ष, जनक्रान्ति, जनआन्दोलन र जनयुद्धले नेपालमा राजतन्त्रको बिदाइ भयो, तर विकृत पुँजीवाद अर्थात् दलाल पुँजीवादी संसदीय परिपाटी स्थापना भयो । २०४७ सालमा नेपाली काङ्ग्रेसले 'संवैधानिक राजतन्त्र' स्वीकार गरी बहुदलीय व्यवस्था मानेपछि दलाल पुँजीवादी संसदीय व्यवस्था अघि बढ्यो । त्यसपछि राष्ट्रिय पुँजी विकासका आधारहरू भत्काउन सुरु गरियो । हेटौँडादेखि काठमाडौँको टेकुसम्म सिमेन्ट ओसार्ने रज्जुमार्ग काट्नेबाट सुरु भएको राष्ट्रिय उद्योग हटाऊ अभियान बाँसबारी छालाजुत्ता कारखाना, जनकपुर चुरोट कारखाना, वीरगन्जको औजार निर्माण कारखाना, बुटवल धागो उद्योग, हेटौँडा कपडा कारखाना, बालाजु र पाटनका उद्योगहरू, हरिसिद्धि इँट-टायल कारखाना, चोभार सिमेन्ट कारखाना हुँदै भृकुटी कागज कारखानासम्म पुग्यो । त्यसपछि बल्ल दलाल पुँजीपतिहरूले चैनको सास फेरे र आफ्ना विदेशी पुँजीपतिहरूको माल बिक्रीको बजार बनाए नेपाललाई । उनीहरू माल जनतासँग महँगोमा बेचिदिएर दलाल पुँजीपति बने । यही अर्थतन्त्रको रखबारी अहिलेसम्मको राज्यव्यवस्थाले गरेको हुनाले नै यसलाई दलाल संसदीय व्यवस्था भनिएको हो । दलाल पुँजीवादी राज्यसत्तालाई त वर्गविभेद, लिङ्गविभेद, राष्ट्रिय विभेद र वर्णविभेद जति राम्रोसँग जरा गाडेर बस्छ, त्यति नै नाफा हुन्छ । विद्यमान व्यवस्थापिकाले जेजति संविधान र कानुनमा दलितको अधिकार र मुक्तिको कुरा गरे पनि व्यवहारमा त पश्चिम रुकुममा ठकुरीकी छोरीसँग प्रेम गर्न खोज्ने नरेन्द्र विश्वकर्मा र उनका ५ जना साथीलाई निर्ममतापूर्वक मारेर भेरीमा फ्याँकेको छ । दलितहरूलाई मन्दिरमा प्रवेश गर्न रोक लगाइएकै छ । ठूला जाति भन्नेले साना जातिका छोरीबुहारीहरूलाई यौन शोषण गरिरहेकै छन् । स्वयम् दलितहरूभित्र पनि विभेदहरू देखा परिरहेकै छन् । स्वयम् पुँजीवादी प्रजातन्त्र र मानवअधिकारको मसिहा ठान्ने अमेरिकामा गोरा पुलिसले काला जातिको जर्ज फ्लोइडलाई घुँडाले च्यापेर सासै फेर्न नदिई प्राणपखेरू उडाउँछ । यी तथ्यहरूले पनि के देखाउँदछ भने पुँजीवादले वर्गविभेद, जातिय विभेद र वर्णविभेदको अन्त्य गर्न सक्दैन । सामान्य सुधारहरू जे भइरहेका छन्, ती त क्रमिक समाज विकासका सुधार मात्र हुन् ।

वर्णविभेद अन्ततः वर्गविभेदकै एउटा विशिष्ट रूप हो । दक्षिणएसिया, खासगरी भारत र नेपालमा ऋग्वेदले विभाजन गरिदिएको चार वर्णमा तथाकथित विराट पुरुषको मुखबाट जन्मेको ब्राह्मणले राज्यको नीति नियम बनाउने, ज्ञान दिने र स्वर्गमा रहने भगवान्सँग मानिसको सम्बन्ध स्थापना गर्ने कार्य गर्न थाले, बाहुबाट जन्मेका क्षेत्रीले राज्यसत्ता सञ्चालन गर्ने कार्यलाई अघि बढाए, पेटबाट जन्मेका वैश्य (जनजाति) ले उत्पादन र वितरण गर्ने कार्यलाई अघि बढाए । कृषि कार्यमा आवश्यक औजारको निर्माण गर्ने र आफूभन्दा माथिल्लो भागबाट जन्मेको भनिएका तीन वर्णको सेवा तथा मनोरञ्जन दिने कार्य पैतालाबाट जन्मेका शूद्रले गर्न थाले । श्रमिक वर्ग जहिले पनि प्रगतिशील र नयाँ कुराको आविष्कारक पनि हुन्छ । राज्यसत्तामा रहने सत्ताधारी वर्ग जनताबाट अलग र माथि रहेको हुन्छ । उसले पैतालाको चरम दुःख बुझ्न छोड्छ । अति पीडाबाट आजित भएपछि उत्पीडितले उत्पीडकका विरुद्ध विद्रोह गर्छ । जसले विद्रोह गर्दछ तिनलाई सत्ताधारीले अथवा तत्कालीन धर्माधिकारीहरूले कतिपयलाई मार्ने र मारेर मात्र काम नचल्ने भएपछि सामाजिक बहिष्कार गर्ने दण्ड दिन थालियो । त्यसपछि नै शूद्रलाई अछूत वा दलित बनाउन थालियो । कालान्तरमा छुवाछूतका विरुद्ध वास्तविकताको ज्ञान हुँदै गएका र आफू पनि वर्गीय उत्पीडनमा परेका बाहुन, क्षेत्री र वैश्यले पनि यो कुरा उठाउन थाले । भारतमा १९ औँ शताब्दीको पाँचौँ दशकमा दलितका पक्षमा बोल्ने महाराष्ट्रका ज्योतिराव फुले गैरदलित ब्राह्मण परिवारका थिए भने त्यही शताब्दीमा फुलेपछि आवाज उठाउने र त्यस कार्यमा अघि बढ्ने अयंकाली थिए । त्यही शताब्दीको सातौँ दशकमा नेपालमा दलित मुक्तिका पक्षमा वा छुवाछूतका विरुद्ध आवाज उठाउनेहरू ज्ञान दिलदास, शशिधर, योगमायाहरू पनि गैरदलित थिए । भारतमा सुधारवादी दलित नेता भीमराव अम्बेडकरले चलाएको दलित मुक्ति आन्दोलनले नेपालमा पनि प्रभाव पाऱ्यो । सन् १९४६ देखि बागलुङका सर्वजित विश्वकर्माले नेपालमा सङ्गठित दलित आन्दोलन सुरु गरेका थिए । त्यसपछि सन् १९५६ सम्म भएका अछूत जाती भनिएका जातिहरूको आन्दोलनले सामान्य सुधार त ल्यायो तर अछूत जातिमाथिको भेदभावलाई पूर्ण रूपमा हटाउन सकेन । १३ फरवरी १९९६ देखि २००६ सम्म चलेको माओवादी जनयुद्धले दलितमाथि शासन गर्ने धार्मिक रूढिवाद र संस्कृतिको जरा नराम्रोसँग हल्लाइदिएको थियो । त्यसले वास्तवमा दलित सङ्घर्षलाई वर्गसङ्घर्षसँग नजोडीकन दलित जनसमुदायको वास्तविक मुक्ति हुन सक्दैन भन्ने कुराको बोध गरायो । मन्दिर प्रवेश, गैरदलितहरूसँगको सहभोज, जातीय भेदभावमाथि कानुनी कारबाही अभियान साधारण सुधारका लागि मात्र हुन्छन् । आमूल परिवर्तनका लागि समग्र उत्पीडित वर्गको उत्पीडक राज्यसत्ताविरुद्धको वर्गसङ्घर्ष आवश्यक छ भन्ने कुराको शिक्षा यसले दियो । यसले दलितहरूको व्यापक सहभागिता प्राप्त गऱ्यो र एक हजार पाँच सयभन्दा बढी दलित जनसमुदायका छोराछोरीले सहादत प्राप्त गरे । यसले धार्मिक तथा वर्णविभेदको नेतृत्व गरिरहेको राजतन्त्रलाई किनारा लगायो तर त्यो वैदिक धर्म र वर्णभेदमाथि आधारित राज्यसत्ता चकनाचुर पारेर त्यसको ठाउँमा उत्पीडित वर्गको राज्यसत्ता प्राप्त गर्न सकिएन । 'कम्युनिस्ट' र 'काङ्ग्रेस' भनिएका दलबाट गएका ब्राह्मणवादी नेताहरूले उही पुरानै वैदिक धर्मअनुसारको राज्यसंयन्त्र सञ्चालन गरे । ती ब्राह्मणवादी नेता पुष्पकमल दाहाल, बाबुराम भट्टराई, खड्गप्रसाद वली, शेरबहादुर देउवा, रामचन्द्र पौडेल, माधवकुमार नेपाल इत्यादिले उत्पीडित वर्गलाई धोका दिए । उनीहरूले पुनः दलाल पुँजीवादी राज्यसत्तालाई नै आफ्नो गन्तव्य बनाए । त्यसकारण दलित समुदायले आफ्नो उत्पीडनको कारण र उत्पीडनबाट मुक्तिको सही कार्यदिशा पत्ता लगाउनुपर्छ ।

अब हामी दलित, अछूत वर्गलगायत समग्र उत्पीडित वर्गको मुक्तिको कार्यदिशा के हुन सक्छ भन्ने प्रश्नमा विमर्श गरौँ । राष्ट्रिय, लैङ्गिक, क्षेत्रीय, भाषिक, वर्णीय आदि भेदका आआफ्ना विशिष्ट विशेषताहरू त छन् नै । शोषक राष्ट्रप्रति शोषित राष्ट्रियताको सङ्घर्ष चलिरहेको छ, उत्पीडक पुरुषका विरुद्ध उत्पीडित महिलाहरूले सङ्घर्ष गरिरहेका छन्, उत्पीडक केन्द्रीय शासनका विरुद्ध उत्पीडित क्षेत्रहरू लडिरहेका छन्, शासक भाषाका विरुद्ध शासित भाषाहरू बोलिरहेका छन् । त्यसरी उत्पीडक वर्णका विरुद्ध उत्पीडित वर्णहरू अथवा उत्पीडक वर्ग व्यवस्थाका विरुद्ध उत्पीडित अछूतहरू लडिरहेका छन् । यसबाट उत्पीडितहरूको अवस्थामा केही सुधार हुन सक्छ तर राज्यसत्ताको वर्गीय रूप परिवर्तन हुँदैन । राज्यसत्तामा आमूल परिवर्तन गरी उत्पीडितहरूको राज्यसत्ता कायम गर्न सम्पूर्ण उत्पीडितहरूले वर्गीय लडाइँ लड्नुपर्छ । त्यसकारण विप्लव कमरेडको नेतृत्वमा नयाँ कार्यदिशा र कार्यक्रम बनाइएको छ । हामीले उत्पीडित वर्गको यो कार्यदिशालाई एकीकृत जनक्रान्ति र कार्यक्रमलाई वैज्ञानिक समाजवाद भनेका छौँ । एकीकृत जनक्रान्ति वास्तवमा लेनिनले रूसमा विकास गरेको सशस्त्र विद्रोह र माओले चीनमा विकास गरेको दीर्घकालीन युद्धको पछिल्लो विकास हो । यो कार्यदिशामा राजनीतिक, आर्थिक र सांस्कृतिक क्रान्ति सँगसँगै जोडिएका छन् । हामीलाई कार्ल मार्क्सले के सिकाउनुभएको छ भने जब उत्पादक शक्तिको विकासका लागि विद्यमान उत्पादन सम्बन्ध छेकबार बन्दछ तब क्रन्ति सुरु हुन्छ । लेनिनको पालामा पुँजीवाद एकाधिकार पुँजीवादमा पुग्यो भने आज त्यो अति एकाधिकारवादी र अति केन्द्रीयतावादी उत्पादन सम्बन्ध बनेको छ । उदाहरणका लागि लेनिनको पालामा सिन्डिकेटहरू, कार्टेलहरू र ट्रस्टहरू हजारौँ धनीहरूको हातमा थिए भने आज सयजनाको हातमा रहेका छन् । आज सिन्डिकेटहरू, कार्टेलहरू र ट्रस्टहरू निगमहरू बनेका छन् । यसलाई निगम पुँजीवाद पनि भन्न सकिन्छ । दोस्रो, आजको पुँजीवादको उत्पादनप्रणालीको उत्पादन विकेन्द्रित र वितरण केन्द्रित छ । यसको कारण मजदुर वर्गलाई विकेन्द्रित गर्नु र अतिरिक्त मूल्यलाई मुठीभर व्यक्तिको हातमा केन्द्रित गर्नु हो । तेस्रो, आज राजनीतिमाथि अर्थतन्त्र हावी भएको छ । यसको अर्थ पुँजीपतिले चाहेअनुसार राज्यसत्ता घुमाउन सक्छ । चौथो कुरा आजको उत्पादक शक्तिमा विज्ञान र प्रविधि जोडिएको छ । यो विज्ञान र प्रविधि एकीकृत छ भन्ने कुरा हकिन्सको 'एकीकृत भौतिकशास्त्र' र युभल योह हरारीको 'सबै थोकको सञ्जाल' ले पुष्टि गरिसकेको छ । तर उत्पादन सम्बन्ध अति एकाधिकारवादी छ । आजको अर्थतन्त्र यी चारवटै विशेषताले मजदुर, किसान, सिपाही, न्यून वैतनिक कर्मचारी, राष्ट्रिय पुँजीपति र मध्यम वर्गको ठूलो तप्का अति एकाधिकारवादका विरुद्ध लड्न एकजुट हुँदैछन् । यो इतिहासको आवश्यकता बनेको छ । यही अर्थतन्त्रका आधारमा एकीकृत जनक्रान्ति खडा भएको छ । आजको कथित अछूत समुदायका मानिसहरू दक्षिणएसियामा मात्र सीमित छैनन्, बरु विश्व श्रम बजारमा पनि पुगेका छन् । उनीहरू वर्णव्यवस्थाको जातीय शोषणमा मात्र होइन, बरु वर्गीय राज्यसत्ताको शोषणमा पनि रहेका छन् । त्यसकारण राजनीतिक क्रान्ति नगरीकन दलित जनसमुदायको मुक्ति हुन सक्दैन । यसका साथसाथै क्रान्तिका क्रममा नै आदतको सत्तामा क्रान्ति भएन भने क्रान्तिबाट प्राप्त भएको वैज्ञानिक समाजवाद बचाउन सकिँदैन । अतः एकीकृत जनक्रान्ति भनेको राजनीतिक, आर्थिक र सांस्कृतिक क्रान्तिको समग्र क्रान्ति हो । यो क्रान्तिले मात्र आफ्नो तयारी-रिहर्सल-विद्रोहको गतिशील प्रक्रियाबाट वैज्ञानिक समाजवाद प्राप्त हुन्छ । यही नै दलितलगायत सम्पूर्ण उत्पीडित जनसमुदायको मुक्तिका लागि न्यूनतम् कार्यक्रम हो ।

त्यसो भए वैज्ञानिक समाजवाद भनेको के हो त ? यो दलितलगायतको उत्पीडित वर्ग, पूर्ण प्रजातन्त्र र मानवतावाद भएको साम्यवादमा पुग्ने पहिलो खुट्किलो हो । पुँजीवाद र साम्यवादबीचको सङ्क्रमणकाल हो । यसलाई वैज्ञानिक भन्नुको कारण के हो भने हामी धनी र गरिबबीचको असमानता धनीको व्यवस्थामा रहेर मेट्ने कल्पना गर्दैनौँ । दलितलाई दलित बनाइरहने, शोषितलाई शोषण गरिरहने दलाल पुँजीवादी संसदीय व्यवस्थामा पूर्ण जनतन्त्र र मानवतावादको कल्पना गरी दुनियाँलाई पुष्पकमल दाहाल र बाबुरामले जस्तै ढाँट्न सक्दैनौँ । हामी मालेमावादीहरू वर्तमान पुँजीवादी व्यवस्थाका दोषहरू जनतासामु वैज्ञानिक विश्लेषण गरेर देखाइदिन्छौँ । वैज्ञानिक समाजवादी क्रान्तिका लागि हामीलाई वर्गसङ्घर्ष गर्नुपर्ने आवश्यकता हुन्छ । यसका लागि उत्पीडित वर्गको अग्रदस्ता साम्यवादी दल, त्यो दलको नेतृत्वमा रणनीतिक र कार्यनीतिक संयुक्त मोर्चा र त्यो अग्रदस्ताको आदेशमा चल्ने सेना आवश्यक हुन्छ । यी तीन जादुगरी हतियारसहितको एकीकृत जनक्रान्तिद्वारा मात्र मुठीभर पुँजीपति वर्गको राज्यसत्तालाई ढालेर मात्र उत्पीडित वर्गले 'जसले गर्दैन काम, उसले पाउँदैन माम' भन्ने वैज्ञानिक समाजवाद ल्याउन सक्दछ । उत्पीडित वर्गका लागि क्रान्ति किन आवश्यक छ ? मार्क्स-एङ्गेल्सले आफ्नो संयुक्त कृति जर्मनेली विचारधारामा भन्नुभएको छ, '...क्रान्ति यसकारणले मात्र आवश्यक छैन कि शासक वर्गको तख्ता अरू कुनै तरिकाले उल्ट्याउन सकिँदैन, बरु यसकारणले पनि आवश्यक छ कि तख्ता उल्ट्याउने वर्गले केवल क्रान्तिद्वारा युगौँ-युगको सम्पूर्ण फोहोरबाट मुक्ति पाउन सक्छ तथा समाजलाई नयाँ शिराबाट स्थापित गर्न योग्य बन्न सक्छ ।' क्रान्तिकारी वर्ग युगौँ-युगको फोहोरबाट मुक्त हुने र समाजलाई नयाँ शिराबाट सञ्चालन गर्न योग्य बन्ने भनेको आफैँलाई निशाना बनाएर सांस्कृतिक क्रान्ति गर्ने कुरा हो । त्यसकारणले नै लेनिनले के भन्नुभएको छ भने वैज्ञानिक समाजवादी सङ्क्रमणकाल लामो हुन्छ । मार्क्सले पनि भन्नुभएको छ, समाजवाद स्थायी क्रान्तिको उद्घोष हो । वर्गीय क्रान्तिले अन्ततः सर्वहारा वर्गको अधिनायकत्वमा पुऱ्याउँछ । यो बहुसङ्ख्यक विजयी उत्पीडित वर्गको हिजोको अल्पसङ्ख्यक सत्ताधारी र आज सत्ताच्यूत वर्गको प्रतिक्रान्ति रोक्ने हतियार हो । यसलाई आजका सन्दर्भमा उत्पीडित वर्गको सत्ताच्यूत वर्गमाथिको हुकुम पनि भन्न सकिन्छ । मार्क्सका अनुसार यो सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत सञ्चालित सङ्क्रमणकालीन समाजवादले चार काम गर्नुपर्दछ : पहिलो काम भनेको वर्गविभेदको अन्त्य गर्नुपर्दछ । यसअन्तर्गत लिङ्गभेद, वर्णभेद, राष्ट्रियताभेद, क्षेत्रभेद इत्यादिको पनि उन्मूलन गर्नुपर्दछ । दोस्रो काम भनेको यो वर्गविभेद जन्माउने उत्पादन सम्बन्धको पूर्ण रूपले अन्त्य गर्नुपर्दछ । यसको अर्थ सामाजिक उत्पादनको व्यक्तिगत स्वामित्वको स्थानमा सामूहिक स्वामित्व कायम गर्नुपर्दछ । यही प्रक्रियामा सम्पूर्ण रूपले निजी सम्पत्तिको अन्त्य भई सामूहिक स्वामित्व भएको विश्व-साम्यवादको उदय हुनेछ । तेस्रो कुरा पुँजीवादी उत्पादन सम्बन्धबाट जन्मेको सामाजिक सम्बन्धलाई पनि उन्मूलन गर्नुपर्दछ । चौथो कुरा यसले यो सामाजिक सम्बन्धबाट बनेका सम्पूर्ण विचार हरूलाई क्रान्तिकारीकरण गर्नुपर्नेछ । यही नै सर्वहारा अधिनायकत्वको कार्य हो । यसबाट नै 'योग्यताअनुसार काम गर्ने र आवश्यकताअनुसार लैजाने' साम्यवादमा पुग्न सकिन्छ । सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको प्रक्रियामा नै मानव जातिका लागि पर्याप्त उत्पादन हुनेछ । उत्पादनको अभावले सुरु भएको वर्गीय र वर्णीय भेदभावको धार्मिक तथा सांस्कृतिक रूढिवाद बिलाएर जानेछ किनभने अब त्यस्तो कुनै अज्ञात चीज रहनेछैन जसको प्रतिबिम्ब हुन सकोस् ।

(यो सामग्री हामीले लालदिशा, अङ्क २ बाट लिएका हौँ- सम्पादक ।)

यात्रा डायरी

## जनगणतन्त्र कोरिया यात्रा डायरी

# नानी, हाम्रो वर्गप्रेम साम्यवाद आएपछि पनि अटल रहनेछ...



अशोक सुवेदी

उसले हामीलाई अब एक-डेढ घन्टा आराम गरेर ५ तारे होटेल कोरियोको रेस्टुरेन्टमा डिनरका लागि तयार हुन पनि आग्रह गरी । एकाएक मिस जिनको अनुहार मलीन देखियो । मैले सोधेँ, 'मिस जिन, तिमी अघिसम्म त हँसमुख थियौ, एकाएक किन अँध्यारो भयो तिम्रो मुहार ?' उसले समूहबाट मलाई अली पर लगी र भनी, 'सरी मिस्टर अशोक, आजको तिम्रो डिनर हाम्रो पार्टीका वरिष्ठ नेताहरू र सम्मलेन आयोजक संस्थाका अग्रज नेताहरूका साथ हुँदैछ । सोच्थेँ, एक दिन, एक छाक भए पनि तिमीहरूसँगै खाना खाऊँ, गम्भीर कुराहरू गरूँ र अझै रमाऊँ तर... तर यो डिनरमा हामी सँगै हुनेछैनौँ... ।'

उसले अलि पर उभिएकी अग्ली, गोरी, गोलो अनुहार भएकी एक युवतीतिर औँल्याउँदै भनी, 'आज तिमीलाई ऊः ती कमरेडले सहयोग गर्नेछिन् । उनको नाम मिस किम सु च्योन हो ।'मिस जिनले मलाई ती युवतीनजिकै लगेर परिचय गराई, 'उहाँ मिस्टर अशोक सुवेदी । नेपालका क्रान्तिकारी कम्युनिस्ट लेखक/पत्रकारहरूको संस्था नेपाल-कोरिया लेखक/पत्रकार मञ्चको अध्यक्ष र यो टोलीको संयोजक पनि । आज तिमीले यो टोलीको संयोजन गर्नुपर्नेछ... ।' मिस किम सु च्योनले 'हाई अशोक' भन्दै न्याना र सुकोमल हातहरू मिलाई र भनी, ' मिस्टर अशोक, अहिले तिमी आफ्नो समूहलाई लिएर आफ्नो कोठामा जाऊ र आराम गर । ठीक सात बजे लबीमा झरेर डिनरका लागि जानुपर्छ । त्यहाँ विशेष कार्यक्रम, परिचय र बहस हुँदैछ । साथमा भोजन पनि...।' मिस किम सुसँग छुट्टिएर अलि वर आएपछि फेरि मिस जिनले भनी, 'मलाई माफ गर्छौ नि ! स्थानको सीमितताले गर्दा आज म तिमीसँग डिनर र होस्टसहितको कार्यक्रममा जान पाउँदिनँ क्या ! किम सुले मेरोभन्दा बढी हेरचाह र सहयोग गर्नेछिन् । उनी मभन्दा सिनियर हुन्...।'

मलाई अलि खिन्न लागिरहेको थियो, दुई दिनमै यो केटी कति झ्याम्मिई भने मानौँ बर्सौंदेखि एउटै आन्दोलनमा छे र लामो समयसम्म दुःखसुख साटिरहेकी छे । मैले गतसाल सेप्टेम्बरको यही डिनर कार्यक्रम सम्झिएँ । त्यतिबेलाको इन्टरप्रेटर मिस्टर ओ पनि हामीसँग जान पाएको थिएन र हामीलाई अर्को शङ्कर भरती समूहकी इन्टरप्रेटरले सहयोग गरेकी थिई । 'म रिसाएको वा दुःखी भएको छैन मिस जिन तर आजको कार्यक्रममा हामी सँगै भएको भए कति रमाइलो हुन्थ्यो ! तर पनि केही छैन । बरु तिमी दुःखी नहोऊ । तिमी जान पाइनौ, अर्को साथीको व्यवस्था गरिदियौ । यो त हाम्रा लागि खुसीको कुरा हो नि, हैन र ?'

कोठामा पुगेर एक छिन आराम गरेपछि कार्यक्रम र डिनरमा जान तयार हुनुअघि केही पुस्तक, संस्थाको लोगो, टोपी, गन्जी र ब्यानर एउटा झोलामा खाँदेर बोकेँ । कोरियासम्बन्धी मेरो पुस्तकको लोकार्पण र परिचर्चा कोरियामा संसारभरबाट भेला भएका समाजवादका पक्षधर र जुछे विचारका समर्थकहरूका बीचमा हुनेछ भनेर थोरै सङ्केत मात्र गरेको थिएँ मिस जिनलाई । नेपालस्थित कोरियाली दूतावासका कन्सुलर मिस्टर किम सु होले उहीँ पुगेर आफ्नो इन्टरप्रेटरसँग कुरा मिलाऊ र कार्यक्रम तय गर भनिसकेका थिए । यो पुस्तकको प्रथम संस्करणको लोकार्पण कास महासचिव री सोङ चोल, कोरियाका राजदूत कमरेड किम योङ हक, नेकपाका स्थायी समिति सदस्य क. धर्मेन्द्र बास्तोलाले धुलिखेलमा गत नोभेम्बरमा संयुक्त रूपमा गर्नुभएको थियो । पुस्तक लोकार्पणको औपचारिक प्रक्रिया त्यति जान्दा रहेनछन् कोरियालीहरू भन्ने लाग्यो मलाई किनकि पुस्तक लोकार्पण गर्न लाग्दा कसरी गर्ने, कता देखाउने, कतिवटा देखाउने ? यस्ता प्रक्रिया पनि हामीले सिकाउनु परेको थियो । मिस जिनलाई पनि पुस्तक लोकार्पण र परिचर्चाका बारेमा बुझाउन गाह्रो हुन्छ कि भन्ने लागिरहेको थियो । आजको कार्यक्रममा आउने प्रमुख अतिथि को होला ? पोहोरजस्तै कोरियाली वर्कर्स पार्टीका वरिष्ठ उपाध्यक्ष किम की नाम आउने होलान् कि अरू नै ? मनमा यस्तै कुरा खेलाउँदै म साथीहरूलाई लिएर लबीमा झरेँ । सबै देशका प्रतिनिधिहरू धमाधम भेला भइरहेका थिए । अलि पल्लो छेउबाट अग्ली, पुतली/खेलौनाजस्तै लाग्ने मिस किम सु च्योन हात्तीजस्तै लमकलमक गरेर हामीतिरै आइरहेकी थिई । हातभरि सामान देखेर अल्मलिई होला सायद, सोधी, 'तिमीले सामान पो बोकेका छौ त मिस्टर अशोक !' मैले आजको औपचारिक कार्यक्रममा समय मिले पुस्तक लोकार्पणसम्म गर्ने बताएँ । ऊ झन् अलमलमा परी । पुस्तकका बारेमा उसलाई केही थाहा छैन । सायद मिस जिनले पनि उसलाई केही भनेकी छैन । दिउँसोसम्म ऊ अर्कै समूहकी इन्टरप्रेटर थिई । तहमा ऊ अलि वरिष्ठ थिई होली र आजको डिनर होस्ट कार्यक्रममा हाम्रो संयोजन गर्ने जिम्मा पाई । गतसाल मिस्टर ओले पनि यस्तै नमीठो अनुभूति गरेको महसुस गरेको थिएँ । आजको जस्तो कार्यक्रम र राष्ट्रिय दिवसमा ऊ पनि जान पाएको थिएन ।



'बेला भयो मिस्टर अशोक, हिँड डिनरमा । साथीहरूलाई पनि बोलाऊ...', मिस किम सु च्योनले भनी । यो अलि गमिली छे । धेरै बोल्न पनि खोज्दिन र धेरै जिज्ञासा पनि राख्दिन । उसको स्वभाव नै अलि भिन्न लाग्छ मलाई । केही सोध्यो भने मुसुक्क हाँसिदिन्छे र १/२ शब्द तौलेर बोलिदिन्छे । गतसाल रामप्रसाद ज्ञवाली समूहकी दोभासेजस्ती कडा छैन यो । अलि बढी नै भलाद्मी देखिन्छे । उमेर मिस जिनको जस्तै होला ! हलक्क बढेकी छे । कालो रङको पोसाकमा असाध्यै सुहाएको छ उसलाई । थपक्क कुर्सीमा बसिरहँदा मूर्ति वा कपडा पसलमा सजाएर राखेकी 'डमी' जस्ती लाग्छे । 'भोलि कुनै देशका राजदूत वा कन्सुलर बन्ने होलान् मिस जिन, मिस्टर ओ र मिस किम सुहरू...' यस्तै सोच्छु । कूटनीतिज्ञहरू धेरै बोल्दैनन्, सुन्छन् र तौलेर बोल्छन् भन्ने सुनेको छु मैले । हामी लेखक र पत्रकारहरूलाई धेरै बुझ्नुपर्छ । कतिपयलाई त बुझेको भन्दा पनि धेरै बोल्नुपर्छ, सबैभन्दा जान्ने आफैँ मात्र भएजस्तो । कोरियालीहरूबाट हामीले यो पनि सिक्नुपर्छ । टेबुल नम्बर ७ मा पुऱ्याई हामीलाई मिस किम सु च्योनले । भव्यतापूर्वक सजाइएको छ रेस्टुरेन्ट । हरेक टेबुलमा किसिमकिसिमका खाना सजाइएको छ, चौरासी व्यञ्जन यसैलाई भनिन्छ सायद । पूर्वउत्तरतर्फ सामान्य मञ्चजस्तो बनाइएको छ । एउटा छोटो कार्यक्रम हुन्छ, कासका अध्यक्ष, उपाध्यक्षहरू देखिन्छन् । हेर्दाहेर्दै निकै अग्ला, पाका, व्यक्तित्वका धनी, कोरियाली वर्कर्स पार्टीका वरिष्ठ उपाध्यक्ष कमरेड किम की नाम आउँछन् । सबैले जोडदार तालीले स्वागत गर्छन् उठेर । १० मिनेटजति प्रवचन चल्छ । सबै आआफ्नो गोल कुर्सीबाट मञ्चतिर फर्किएपछि जुछे विचार, कास, अन्तर ाष्ट्रिय सम्मेलन, साम्राज्यवादको पछिल्लो अवस्था र जनगणतन्त्र कोरियाले गरेको भव्य तयारीबारे जानकारी गराइन्छ । पार्टी उपाध्यक्षले होस्ट गरेपछि सुरु हुन्छ डिनर । डिनरमा साँच्ची नै चौरासी व्यञ्जन छ । वेटरहरू आएर प्लेटप्लेटमा खाना राख्न थाल्छन् । मिस किम सु हामी नजिकै बसेकी छे र ऊ हामीलाई खाना खान प्रोत्साहित गरिरहेकी छे । 'मिस्टर अशोक, तिमी कुन ड्रिङ्क्स लिन्छौ ? स्वास्थ्यलाई ध्यान दिएर राम्ररी इन्जोय गर । मिस जिनले तिम्रो अलि ख्याल गर्नु भनेकी छे...' अहिले भने अलि खुलेर बोली मिस किम सु । उपाध्यक्ष किम की नाम सबै टेबुलमा होस्ट गर्न आउन थाले । भेटघाट र कुराकानी, चिनजान चल्न थाल्यो ।

त्यसपछि हामीले कमरेड्ली न्याना हात मिलायौँ

'मिस किम सु, आज पुस्तक लोकार्पण त हुँदैन तर हाम्रो संस्थाका केही उपहार पार्टी उपाध्यक्ष कमरेडलाई हस्तान्तरण भने गर्नुपर्ला...' मैले भनेँ । यसो भन्दाभन्दै कासका एसिया निर्देशक किम चोल हो मनजिकै आएर अँगालो हाले । उनले ठट्टा गर्दै भने, 'मिस्टर अशोकलाई त म चिन्दैचिन्दिनँ क्यारे... !' मिस किम सु अन्योलमा परी । उसलाई मेरो र किम चोल होको परिचय पुरानै हो, नेपालमा पनि हामी केही दिन सँगै बसेर कार्यक्रम गरेका छौँ भन्ने थाहा थिएन । उनले अँगालो मार्दै 'तस्बिर खिचाउन सक्छौँ कि' भनी सोधे । मैले 'यो त हाम्रा लागि राम्रो अवसर पनि हो' भनेँ र हाम्रो समूहका सबैजनालाई एसिया निर्देशकसँग परिचय गराएँ । उनले खुसी हुँदै हात मिलाए । मैले कोरियासम्बन्धी एउटा पुस्तक निकालेर उनलाई देखाएँ । त्यसमा उनी नेपाल आउँदा धुलिखेलमा खिचिएको सामूहिक तस्बिर र उनको



क्यामेराले खिचेको हामी दुईजनाको तस्बिर पनि थियो । उनले पुस्तकका पाना पल्टाउँदै ती तस्बिरहरू पनि हेरे र अचम्मित हुँदै मतिर हात बढाए । हामीले फेरि दोहोऱ्याएर न्याना कमरेड्ली हात मिलायौँ ।

**कोरियाली वर्कर्स पार्टीका उपाध्यक्ष कमरेड किम की नामलाई मञ्चको चिनो**

किम चोलले यो काम आफूबाट गर्दा त्यति उचित नहुने भएकाले पूरै समूहका सदस्यलाई उपाध्यक्ष भएको ठाउँमा पुऱ्याउँदै परिचय गराउने र त्यही बेलामा प्रदान पनि गर्न सकिने सुझाव दिए । हामी उपाध्यक्षलाई भेट्न जान लागेको थाहा पाएर मिस किम सु च्योन हतारहतार आफ्नो कुर्सीबाट उठी र हामीसँगै हिँडी । भीडभाड छिचोल्दै उसले हामीलाई कोरियाली वर्कर्स पार्टीका वयोवृद्ध नेता किम की नामसम्म पुऱ्याई र आदरपूर्वक झुकी । मैले उनैको सुझावअनुसार हाम्रो टोलीका कमरेड पूर्णबहादुर सिंह, क. हस्तबहादुर केसी, प्राडा सुरेन्द्र केसी, सरोज भण्डारीलगायतलाई परिचय गराउन लिएर गएँ र हाम्रो संस्थाका प्रतिनिधिहरूको सङ्क्षिप्त परिचय गराउँदै गतसाल पनि हाम्रो भेट भएको र आनन्द लागेको सुनाएँ । पुस्तकमा प्रकाशित हाम्रो संयुक्त तस्बिर देखेर कमरेड किम की नाम औधी खुसी भए । मैले संस्थाको लोगो, लोगो अङ्कित टोपी, टिसर्ट र पुस्तक प्रदान गरेँ । उनले खुसी हुँदै भने, 'यो हाम्रा लागि खुसीको कुरा हो । तपाईंको संस्थाका प्रतिनिधिहरूसँग परिचय गर्न पाउँदा धेरै खुसी लाग्यो ।' अरू सदस्यहरू आआफ्नो टेबुलमा फर्किएपछि वृद्ध नेताले इन्टरप्रेटर मिस किम सुमार्फत थप जिज्ञासा राखे । मैले हामी अधिकांश माओवादी कम्युनिस्ट रहेको, सबै लेखकका साथै पत्रकारसमेत रहेको र समूहमा एकजना मात्र पार्टी सदस्यता नलिएका राजनीतिक विश्लेषक रहेको सुनाएँ । उनले नेपालमा के हुँदैछ भनेर जिज्ञासा राखे । मैले 'हामी एकीकृत जनक्रान्तिमा छौँ' भनेँ । कोरियाली जनताले विश्वसाम्राज्यवादको नाइकेलाई थरथर कपाएको सन्दर्भले नेपाली देशभक्त र क्रान्तिकारीहरूलाई पनि ऊर्जा प्राप्त भएको निष्कर्ष राख्दै गर्दा किम सु च्योन मसिनो आवाज निकालेर आफ्ना अग्रज नेतालाई आफ्नो भाषामा मेरो भनाइको परी लगाउँदै थिई । फेरि हात मिलाएर म आफ्नो सात नम्बर टेबुलतर्फ फर्किएँ । हामी फर्किंदा कासका एसिया निर्देशक किम चोल हो हामीलाई हेरेर गर्व गरिरहेका थिए भने किम सु च्योन लामो र कठिन उकालो यात्रापछि चौतारीमा बसेर सुस्ताएको थकित बटुवाले यात्रा बाँकी रहेको उकालोतिर हेरेर सुस्केरा हालेझैँ क्वारक्वार्ती मलाई हेरिरहेकी थिई । सोच्दै थिई होली, 'यो समूहको संयोजन गर्न पाएकाले मैले पनि पार्टी उपाध्यक्षलाई यिनका कुरा सुनाउन पाएँ । यी त कत्ति हिम्मतिला रहेछन् । निर्धक्क भएर आफ्ना कुरा राखे...!' निर्देशक किम चोल हो मलाई खाना खान हौस्याइरहेका थिए भने बेलाबेलामा प्रतिक्रिया पनि सोधिरहेका थिए । मिस किम सु अलि लजाउँदै र धकाउँदै चौरासी व्यञ्जनमध्ये २/४ व्यञ्जन मात्र लिइरहेकी थिई । उसले भनी, 'मिस्टर अशोक, अलि खुलेर खाऊ न । अब त त्यति महत्वपूर्ण काम पनि सकिसकेका छौ ।' उसले पनि प्लेटमा केही खानेकुरा थपिदिई । किम चोल होले पनि केही थपिदिए । उपहार दिने काम सकिएकाले म पनि आनन्दित भएर डिनर लिइरहेको थिएँ । ९ बजिसकेको थियो । उपाध्यक्ष सबै समूहसँग भेटघाट र छलफलमा व्यस्त थिए । ९:३० तिर उनको टोली फेरि मञ्च भन्न मिल्ने ठाउँमा एकत्रित भयो । सबैले उनीहरूलाई तालीको गडगडाहटले बिदा गर्न लागे । मैले पनि ताली बजाउँदै सोचेँ, 'कति साधारण मान्छे रहेछन् ! पक्कै यिनले पनि किम इल सुङ र किम जोङ इलको नेतृत्वमा लडाइँका कयौँ मोर्चा लडेका थिए होलान् । हजारौँ, लाखौँ योद्धाका शवहरू कुल्चिएर साम्राज्यवादलाई धुलो चटाउन र कोरियालाई मुक्त बनाउन यिनीहरूले साँच्चै हृदयदेखि ठूलो त्याग, समर्पण, शौर्य र बलिदानीभावका साथ लडेकैले आज उनीहरू देश, विचार, व्यवस्था सबै क्षेत्रमा श्रेष्ठ भएर बाँचिरहेका छन् । यिनको त्याग, समर्पण, निःस्वार्थ भावनाका कारण आज कोरिया मुक्त छ, समृद्ध छ र श्रेष्ठ विचार र शक्तिका साथ विश्वकै उत्पीडित देश र जनताको मुटुको ढुकढुकी बनेको छ । यसकै निःस्वार्थ मायाले हामी लोभिएका छौँ र वर्गीय ममता साटिरहेका छौँ । जनताको आँखाको नानी र मुटुको धड्कन बनेका छन् यी अग्रजहरू । त्यसैले त आदर्श छन्... । उठेर ताली बजाउँदाबजाउँदै म यही सोचिरहेको थिएँ ।

एक्कासि मिस किम सु च्योन आएर मलाई कुर्सीमा बसाई र खाना थपेर खान आग्रह गरी । म भने खाना र उनीहरूको वर्गीय मायाले एकसाथ अघाइसकेको थिएँ । उसले भनी, 'तिम्रो संस्थाको उपहार लिएपछि उपाध्यक्ष कमरेडले धेरै सराहना गर्नुभयो र भन्नुभयो- हाम्रो वर्गप्रेम साम्यवाद नआउँदासम्म र आइसकेपछि पनि अटल रहनेछ ...।' मिस जिन खुसी भई मन र मुटुभरि कोरियाली मायालु नेता र कार्यकर्ता अनि दोभासेहरू र जनताको माया बोकेर त्यो विशेष कार्यक्रमबाट हामी लबीमा निस्कियौँ । 'डिनरपछि लबीमा भेटौँला है !' दिउँसो मिस जिनले भनेकी थिई । लबीमा निस्कँदा रात छिप्पिन लागिसकेको थियो । दोस्रो तलामा एउटा कुर्सीमा मोबाइल खेलाएर बसिरहेकी रहिछे मिस जिन । देख्नेबित्तिकै दगुर्दै आई र सोधी, 'कस्तो भयो कार्यक्रम ? कोको नेतालाई भेट्यौ ? खाना त राम्ररी खायौ नि ? कत्तिको सहयोग गरी मिस किम सु च्योनले ? ऊ मभन्दा सिनियर हो, पक्का पनि तिमीलाई राम्ररी बुझी होली... ।'

मैले सविस्तार घटनाहरू बताइदिएँ । कासका एसिया निर्देशक डिनरभरि हाम्रै समूहमा बसेको, उपाध्यक्ष कमरेडसँग सामूहिक परिचय गर्दै उपहार प्रदान गरेको, किम सुले राम्रो सहयोग गरेको बताएपछि ऊ मभन्दा खुसी देखिई । मैले यसै खुसीयालीमा दोस्रो तलाको भित्ताको आकर्षक दृश्यलाई पृष्ठभाग बनाएर संयुक्त तस्बिरका लागि अनुमति मागेँ । ऊ तयार भई । कमरेड पूर्ण र मिस जिन, मिस जिन र म, सुरेन्द्र के.सी. र म... यसरी हामीले कार्यक्रम सफलताको खुसीयालीमा तस्बिर खिचायौँ । बङ्गलादेशकी अधबैंसे महिला प्रतिनिधि आइन् र 'हेलो नेपाली कमरेड्स' भन्दै सुरेन्द्र दाइ र मेरा हात आफ्नो काँधमा राखेर तस्बिर खिचाइन् । सुरेन्द्र हच्किँदै हुनुहुन्थ्यो, उनले आफ्नो क्यामेरामा पनि त्यो दृश्य हामीसँग कैद गरेरै छोडिन् । त्यसपछि हामी बिदा हुनुभन्दा अघि मिस जिनले भनी, 'अब खुरुक्क कोठामा गएर आराम गर । तिमी आज सफल भएका छौ । भोलि बिहानको कार्यक्रमका लागि म तिमीलाई कोठामा फोन गर्नेछु', यति भनेर बाई गर्दै ऊ अलप भई ।

**मिस जिन हुईलाई नाउँ उपहार**

अप्रिल १५ कोरियामा विशेष उत्सवको दिन हो । सन्स डे अर्थात् सूर्योदय दिवस । मिस जिनले भोलि सन्स डेमा जानका लागि रित्तो शरीर मात्र लान पाइने जानकारी दिँदै ब्रेकफास्ट लिएर पौने आठ बजे लबीमा समूहसहित आइपुग्न उर्दी जारी गरी । फोन राख्दाराख्दै उसले भनी, 'भोलि हाम्रो विशेष दिन हो । तिमीले विशेष दिनमा आफ्ना आँखा र हृदयले विशेष कार्यक्रमहरू हेर्नेछौ । मोबाइल, क्यामेरा, धातुजन्य पदार्थ केही नबोक नि ! साथीहरूलाई पनि यही सुनाइदेऊ, गुडनाइट !'

बिहान ब्रेकफास्टपछि मिस जिन लबीमा राष्ट्रिय पोसाक लगाएर पुतलीजस्ती बनेर देखापरी । उसले भनी, 'यो हाम्रो राष्ट्रिय पोसाक हो, तिमीलाई कस्तो लाग्यो त ? राष्ट्रिय पोसाकमा मिस पाक जिन हुई असाध्यै खुलेकी थिई । हाम्रो समूहका अरू साथीहरूले पनि उसको राष्ट्रिय पोसाकको प्रशंसा गरे । हाम्रो शेर्पा समुदायकी किशोरीजस्तै देखिई ऊ । मैले उसलाई एउटा प्रस्ताव राखेँ, 'मिस जिन, तिमीलाई एउटा नेपाली नाउँ उपहार दिऊँ है ?

'के हो त्यस्तो नाउँ ! खिसी गर्न लागेका त हैनौ नि ? उसले जिज्ञासा राखी ।

'नानी भन्छौँ ल तिमीलाई हामी आजदेखि । तिमीलाई समस्या हुँदैन भने कुनै पनि बेला यही नाउँले बोलाउँछौँ । समस्या हुन्छ भने औपचारिक नाउँले बोलाउँछौँ । समस्या हुन्छ भने अनौपचारिक यात्राहरूमा मात्र नानी भन्छौँ ।' मैले भनेँ ।

'हुन्छ । सुन्दा त राम्रै लाग्यो तर के हो यो नानी भनेको ?', उसको जिज्ञासा स्वाभाविक थियो ।

'नानी भनेको प्रिय नाउँ हो । बाबुआमाले छोरीलाई, दाजुदिदीले बहिनीलाई, साथीहरूले आफ्नी प्यारी साथीलाई मायाले बोलाउने नाउँ हो यो । तीन दिनमै तिमी हाम्रो समूहको हृदयमा बसिसक्यौ र हामीलाई पनि आफ्नो मनमा बसाल्यौ । त्यसैले तिमीलाई एउटा नेपाली नाउँ उपहार दिन मन लाग्यो', मैले भनेँ । उसले गुनगुनाउँदै एकदुईपल्ट नाउँ दोहोऱ्याई, 'नीना, नीना...।'

'सुन्दा कस्तो सुनिन्छ ?' उसले जिज्ञासा राखी ।

'निना हैन लाटी नानी हो नानी । भन्दा, सुन्दा र अर्थ लगाउँदा राम्रो छ', मैले थपेँ ।

पूर्ण, सरोज, हस्त दाइ, सुरेन्द्र दाइ सबैले एकसाथ 'नानी, नानी' भन्नुभयो । ऊ फुरुङ्ग परी । दोहोऱ्याई, 'ल, म आजदेखि नानी भएँ ।' उसले फेरि भनी, 'म के भएँ रे ?'

(शक्तिशाली समाजवाद : जनगणतन्त्र कोरियाको दोस्रो यात्रा, २०७४ बाट साभार)

## पोखरामा राता मान्छेहरु ....

र देश चलाउन नसक्ने अवस्थामा पुगेका कयौँ उदाहरण प्रस्तुत गर्दै महासचिव विप्लवले भने, 'आफू पनि सत्ता चलाउन नसक्ने, देशलाई असफल बनाउने, चलाउन सक्नेहरूलाई पनि नदिने ? अब जनताले कुनै व्यक्ति वा पार्टी होइन, व्यवस्था चुन्न पाउनुपर्छ । जनताले यो असफल, भ्रष्ट, तस्कर, दलाल संसदीय व्यवस्था फाल्नेछन् र समानतामूलक वैज्ञानिक समाजवादी व्यवस्था रोज्नेछन् । लडाइँको योद्धा र प्रतिस्पर्धामा उत्रिएको खेलाडीले हार हुन्छ भनेर डराउने होइन, जित हुन्छ भन्ने आत्मविश्वासले मैदानमा उत्रिनुपर्छ । नेपाली जनताले हामीलाई, वैज्ञानिक समाजवादलाई अर्थात् आफूलाई विजयी गराउनेछन् । जनमतसङ्ग्रहबाट दलाल पुँजीवादी व्यवस्था फालेर वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नेछन् । यसमा हामीलाई विश्वास छ ।'

आफ्नो पार्टीसँग बन्दुकभन्दा शक्तिशाली जनता, श्रमिक वर्ग, सहिद तथा बेपत्ता योद्धा परिवारहरू भएकाले कुनै पनि हालतमा बन्दुकदेखि नडराउने, नझुक्ने, बरु सहिद बन्न तयार हुने तर देश र जनतालाई यो बर्बर र आततायी व्यवस्थाको चङ्गुलबाट मुक्त पारेरै छोड्ने उद्घोष महासचिव विप्लवले गरे । उनले भने, 'हामी बन्दुकमा विश्वास गर्ने शक्ति होइनौँ । कम्युनिस्टहरू नै सबैभन्दा बढी शान्तिप्रिय हुन्छन् । बन्दुक हातमा लिएका सत्ताधारीहरूले कहीँ पनि जितेका छैनन् । युद्ध हाम्रा लागि रहर होइन । हामीलाई थाहा छ, सहयोद्धाहरू सहिद हुँदा कति पीडा हुन्छ ! आफ्नो सहयोद्धालाई खाडलमा पुर्नुपर्दा कति पीडा हुन्छ ! सहयोद्धा घोइते हुँदा र छट्पटाउँदा कति असैह्य हुन्छ ! त्यसैले हामी युद्ध होइन, शान्ति चाहन्छौँ । हामी जनताको मत प्रयोग गरेर व्यवस्था रोज्ने जनमतसङ्ग्रह चाहन्छौँ । यो सत्ताले हामीलाई जनताको मत प्रयोग गरेर व्यवस्था रोज्न पनि दिएन भने, सहमति नै पालना गरेन भने, युद्ध नै लाद्यो भने अर्को विकल्प रोज्नुपर्ने अवस्थालाई त हामीले स्वीकार गरेकै छौँ । '

एमसीसी पारित गर्ने षड्यन्त्रप्रति जनतालाई सावधान गराउँदै महासचिव विप्लवले भने, 'एमसीसी पारित गरियो भने एमसीसी सम्झौतासँगै त्यो पारित गर्ने पार्टीका नेताहरू पनि जल्छन् । यो पक्का हो ।'

राज्यद्वारा बेपत्ता पारिएका अखिल क्रान्तिकारीका तत्कालीन महासचिव पूर्ण पौडेलकी आमा मोतीमाया पौडेल र हजारौँ सहिद-बेपत्ताका आमाहरूलाई सम्बोधन गर्दै महासचिव विप्लवले भने, 'आमा, हामी तपाईंले दिएको सन्देश शिरोपर गर्नेछौँ । खुट्टा कमाउनेछैनौँ । हामी पूर्ण पौडेलहरू हिँडेको बाटोमा हिँडिरहेका छौँ । हामी जित्छौँ आमा, विश्वस्त रहनुस्, हामी देश र जनतालाई धोका दिनेछैनौँ, बरु बलिदान हुनेछौँ ।'

राज्यको सम्पत्ति लुटेर खाने, दलाली गर्ने, युवा, महिला, विद्यार्थीलाई बेचेर कमिसन तथा रेमिट्यान्समा बाँच्ने र देशमाथि घात गर्ने सत्ता जनताको हुन नसक्ने उद्घोष गर्दै महासचिव विप्लवले अब युवा, विद्यार्थी भ्रष्टाचारी, राष्ट्रघातीहरूको सूची बनाउँदै र किसान, मजदुर, महिला, सुकुमबासीको सुन्दर भविष्यको रेखा कोर्दै वैज्ञानिक समाजवादी शिक्षाका लागि आन्दोलित भइरहन विद्यार्थीलाई आह्वान गरे ।

सम्मेलन उद्घाटन कार्यक्रममा अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष तथा नेकपाकी केन्द्रीय सदस्य बन्धु चन्द, बेपत्ता विद्यार्थी नेता पूर्ण पौडेलकी आमा मोतीमाया पौडेल, पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री, अखिल पाँचौँका अध्यक्ष घनश्याम मिश्र, अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेल, अखिल छैटौँका उपाध्यक्ष गणेश अधिकारी, अखिल क्रान्तिकारीका संयोजक सुन्दर रायमाझी, समाजवादी विद्यार्थी युनियनका उपाध्यक्ष नेत्र चापागाईं, अखिल नेपाल विद्यार्थी युनियनका मनीष भट्टराई, नेविसङ्घका महामन्त्री युवराज पाण्डे, बेपत्ता योद्धा विपीन भण्डारीका बुबा वरिष्ठ अधिवक्ता एकराज भण्डारी, वैज्ञानिक समाजवादी विद्यार्थी सङ्गठनकी अध्यक्ष राजेश्वरी सुवेदीलगायतले सम्मेलन सफलताको शुभकामना दिँदै वैज्ञानिक समाजवादी शिक्षा स्थापनाको आन्दोलनमा एक साथ रहेको धारणा राखेका थिए ।

२२ औँ राष्ट्रिय सम्मेलन आयोजक समितिका संयोजक चिरञ्जीवी ढकालको अध्यक्षता, उपाध्यक्ष रुद्र भट्टराईको स्वागत र महासचिव प्रकाश शाहीको सञ्चालनमा सम्पन्न सम्मेलन उद्घाटन समारोहमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय सांस्कृतिक परिवार सामना परिवारले जनवादी गीत र नृत्य प्रस्तुत गरेको थियो ।

यसअघि राता पोसाक लगाएका पार्टी नेता, विद्यार्थी र जनसमुदायको जुलुस पृथ्वीचोकबाट पोखराका मुख्यमुख्य चोकको परिक्रमा गरी चिप्लेढुङ्गा पुगेको थियो ।

कार्यक्रममा नेकपाका प्रवक्ता प्रकाण्ड, केन्द्रीय सचिवालयका सदस्यहरू कञ्चन, सुदर्शन, विषम, केन्द्रीय सदस्यहरू उमा भुजेल, ओमप्रकाश पुन, चिरन पुन, पूर्णबहादुर सिंह, देवनारायण शाह, प्रेम दर्नाल, अधिवक्ता कपिलचन्द्र पोखरेल, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदी, जनगणतान्त्रिक सम्पर्क मञ्चका अध्यक्ष रत्न मगर, विभिन्न जवस, मोर्चाका अध्यक्ष, संयोजक र प्रतिनिधिहरू अतिथिका रूपमा सहभागी थिए ।

यसअघि बुधबार बिहान अखिल क्रान्तिकारी राष्ट्रिय सम्मेलन आयोजक समितिका पदाधिकारी, प्रतिनिधि, पर्यवेक्षकलगायत तीन सयभन्दा बढी नेता-कार्यकर्ता पार्टी, सङ्गठन, राष्ट्रिय सम्मेलनका पक्षमा नारा लगाउँदै र भूमाफियाविरुद्ध आक्रोश पोख्दै फेवाताल अतिक्रमणविरुद्ध आयोजित ऱ्याली र कोणसभामा सहभागी भएका थिए । कोणसभामा सङ्गठनका संयोजक ढकाल र महासचिव शाहीले सम्बोधन गरेका थिए । क्रान्तिकारीले राष्ट्रिय सम्मेलनको पूर्वसन्ध्यामा फेवाताल किनारमा रहेको हल्लनचोकमा हजारौँ मैनबत्ती प्रज्वलन गरेको थियो । सम्मेलनमा देशका ९० भन्दा बढी भूगोल र क्याम्पस-विश्वविद्यालय जिल्लाबाट ५५५ जना प्रतिनिधि-पर्यवेक्षक सहभागी थिए ।

## अखिल क्रान्तिकारीको ....

त्यसैगरी नवनिर्वाचित अन्य सदस्यहरूमा श्रीराम बस्याल, लक्ष्मण विक, प्रकाश गिरी, दिलबहादुर तिरुवा, खगेन्द्र राई, मीन रेग्मी, सुदीप पौडेल, बीपी उपाध्याय, खिमलाल बुढाथोकी, निगम भट्टराई, देवशङ्कर लामा, विनोद जोशी, कृष्ण घर्ती, गजेन परियार, रमेश रावल, धनराज विक, उपेन्द्र परियार, पुरन पुन, उपेन्द्र रावल, उदयराम विक, नरसुर बुमी, विराजन शाही, डीबी शाही, लोकेश जोशी, धनजित विक, अमृत श्रेष्ठ, मदन चापागाईं, महेश अधिकारी, विशाल जिरेल, नगेन्द्र चौलागाईं, रवीन केसी, प्रेम सिँजापति, बलराम लोहार, मेगेन्द्र न्यौपाने, राजकुमार तामाङ, पर्वत रुम्बा, डीबी चन्द, ललिजन बम, रमेश सुनार, गोविन्द बिष्ट, विशाल ठकुरी, विजय खड्का, राजन साउद, पदम विश्वकर्मा, खगेन्द्र सिटौला, विनोद मगर, हरि बिष्ट, निराजन किराँती, विकास राई (जेल), विनोद बराल, केशव भट्टराई, लङ्क राना, विष्णु राउत, विकल्प खत्री, नवीन खड्का, हरि पुन, अमर खड्का, प्रेमप्रशान्त बोहोरा, टङ्क केसी, केशव कुँवर, अनिल केसी, प्रकाश, रमेश बीसी, सुरेन्द्र धानुक, ललित एसके, सुवास जोशी, नरेन्द्र भाट, प्रकाश कठायत, शङ्कर खाती, प्रभात भट्टराई, ईश्वर पाण्डे अटल, पुष्प न्यौपाने, मदन केसी, प्रकाश जप्रेल, प्रेम शाही, सुरेन्द्र बस्नेत, दीपक बिष्ट, नवराज भट्ट, ललित विक, बाबुराम नेपाली, प्रकाश तिरुवा रहेका छन् ।

सम्मेलनबाट पूर्वअध्यक्ष चिरञ्जीवी ढकाल, पूर्वउपाध्यक्ष रुद्र भट्टराई, सचिव सन्तोषी भट्टराईसहित ३० भन्दा बढी केन्द्रीय सदस्य विद्यार्थी सङ्गठनको जिम्मेवारीबाट बिदा भएका छन् । पार्टी केन्द्रीय सचिवालय सदस्य एवम् प्रवक्ता प्रकाण्डले नवनिर्वाचित पदाधिकारीसहित केन्द्रीय समितिका सदस्यहरूलाई बधाई दिँदै र पुरानालाई बिदाइ गर्दै सङ्गठनबाट बिदा भएकाहरूलाई पार्टीले अन्य महत्वपूर्ण जिम्मेवारीमा रहने जानकारी दिए । बिदा हुने अन्यमा वीरेन्द्र विक, कमल बडुवाल, मुकुन्द श्रेष्ठ, डा. प्रकाश चन्द, सुमन तिमल्सिना, दिनेश सारु, ममता रुचाल, प्रकाश बास्कोटा, बद्री अधिकारीलगायत २० भन्दा बढी विद्यार्थी नेता छन् ।

सम्मेलनले केन्द्रीय सदस्य रहेकै अवस्थामा पार्टी कामका सिलसिलामा सहिद बनेका प्रज्वल शाहीका बुबाआमा र बहिनी कलसा शाहीलाई अभिनन्दन गरेको छ । त्यसैगरी जनयुद्धमा राज्यले बेपत्ता बनाएका अखिल क्रान्तिकारीका महासचिव पूर्ण पौडेलकी आमा मोतीमाया पौडेललाई पनि अभिनन्दन गरेको छ । त्यसैगरी अखिल क्रान्तिकारीका पूर्वअध्यक्ष पूर्णबहादुर सिंहलाई पनि अभिनन्दन गरेको छ । सम्मेलनले बेपत्ता योद्धा विपीन भण्डारीका बाबा वरिष्ठ अधिवक्ता एकराज भण्डारीलाई पनि अभिनन्दन गरेको छ । क्रान्तिकारीले नेकपाका महासचिव विप्लवलाई मायाको चिनो प्रदान गरेको छ ।

नयाँ कार्यसमिति निर्वाचित हुनुअघि सम्मेलन आयोजक समितिका संयोजक चिरञ्जीवी ढकालले प्रतिवेदनमाथि उठेका प्रश्नको र महासचिव प्रकाश शाहीले विधानमाथि उठेका प्रश्नको जबाफ दिएपछि प्रतिवेदनहरू एक मतले मुठी उठाएर र ताली बजाएर पारित भएका थिए ।

सम्मेलनमा सहभागी विद्यार्थीलाई प्रशिक्षण दिँदै पार्टी केन्द्रीय सचिवालय सदस्य एवम् प्रवक्ता प्रकाण्डले यसरी समकालीन सम्पूर्ण विद्यार्थी सङ्गठनलाई नेतृत्व गर्नु, मन जित्नु र पाँच सयभन्दा बढी प्रतिनिधि/पर्यवेक्षकको उपस्थितिमा सम्मेलन गर्न सक्नु अखिल क्रान्तिकारी र एकीकृत जात्रान्तिको कार्यदिशा विजयी बन्दै गएको प्रमाण रहेको बताए । विद्यार्थीलाई निर्देशन दिँदै उनले दलाल व्यवस्था पल्टाएर वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने कार्यदिशा लिएर गाउँमा पुगेपछि किसान, मजदुर, विपन्न, आमबाबाको पीडा बुझ्न, सहकार्य गर्न र दलालविरुद्ध निरन्तर लड्न प्रोत्साहन गरे । विरोधीहरूले हिजो प्रचण्डले मान्छे माऱ्यो, अब विप्लव त्यो दिशामा हिँड्दैछन् भनेर फैलाएको भ्रमका बारेमा आमा मोतीमाया पोडेलले दिएको सुझाव अघि सार्दै उनले भने, 'हामी मान्छे मार्ने मान्छे होइनौँ । कम्युनिस्टजति शान्तिप्रिय कोही हुँदैनन् । बन्दुक बोकेका शासकहरूले बन्दुकले दुःख दिइरहे र जनतालाई आजित पारिरहे भने आवश्यकताअनुसार बन्दुकबाट तह लगाउने मान्छेहरू हौँ ।'

प्रवक्ता प्रकाण्डले प्रचण्डले देश र श्रमजीवी जनताको आवश्यकता पूरा गरिदिएको भए र जनता र श्रमिक वर्गलाई धोका नदिएको भए आफ्नो पार्टीको जन्म नै नहुने प्रस्ट पारे । उनले क्रान्तिकारीमाथि जथाभावी अनर्गल प्रचार नगर्न चेतावनी दिँदै संसद्वादी दलहरू तीन महिनासम्म पनि सरकार बनाउन नसक्ने गरी छिन्नभिन्न हुँदै विघटनको दिशातर्फ अग्रसर भएको र संयुक्त प्रगतिशील सरकारले गराउने जनमततसङ्ग्रहको चुनावले गर्लम्म ढालिदिने विश्वास व्यक्त गरे ।

विद्यार्थी नेताहरूलाई निरन्तर देश र जनताको सेवा तल्लीन रहन निर्देशन दिँदै प्रकाण्डले भने, ' तपाईंहरूले राम्रो काम गर्दै गएपछि काङ्ग्रेस, एमालेलगायत दलमा भ्रमित भएर बसेका विद्यार्थी र जनता सबै नेकपामा आउनेछन् ।' व्यवस्थाका बीच जनमतसङ्ग्रह गर्दा अवश्य आफूहरूको विजय हुने सुनिश्चित रहेको उनले बताए । वैज्ञनिक समाजवादी शिक्षाबारे चर्चा गर्दै प्रवक्ता प्रकाण्डले यो दलाल पुँजीवादी सत्ता अन्त्य गरेर मुलुकमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने शिक्षा रहेकाले वैज्ञानिक समाजवादका पक्षधर विद्यार्थी गाउँ प्रवेश गर्दा नै जनताले राहत र न्यानो अनुभूति गर्नुपर्ने धारणा राखे ।

२२ औँ राष्ट्रिय सम्मेलनबाट निर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यको नामावली प्रस्तुत गर्दै नेकपा केन्द्रीय सदस्य एवम् विद्यार्थी सङ्गठनका फ्र्याक्सन इन्चार्ज चिरन पुन 'मिलन' ले समाजवादी शिक्षाका वाहक राता मान्छेहरूले अब विचारजस्तै समाज र श्रमिक जनताको विचार पनि रातै बनाउनुपर्ने बताए । खुला उद्घाटन कार्यक्रम, समाजवादी शिक्षाको खाका हुँदै राता मान्छेहरूको नयाँ नेतृत्व घोषणा भएपछि प्रतिक्रियावादीहरू मात्र नभएर अवसरवादीहरूसमेत तिल्मिलाइरहेको उनले बताए ।

निवर्तमान अध्यक्ष चिरञ्जीवी ढकालले नवनिर्वाचित सम्पूर्ण टिमलाई बधाई ज्ञापन गर्दै तालिबानी विद्रोहीहरूसँग क्रान्तिकारी विद्यार्थीले पाठ सिक्नुपर्ने र साम्राज्यवादी हस्तक्षेपको अन्त्य गर्नुपर्ने बताए ।

नयाँ कार्यसमिति घोषणा भएपछि कार्यक्रम सञ्चलन गर्दै नवनिर्वाचित महासचिव मिलन राईले आफ्नो टिमले वैज्ञानिक समाजवादी शिक्षा र समाजवादी व्यवस्था स्थापना गर्न ऐतिहासिक कार्यभार पूरा गर्ने बताए ।

नवनिर्वाचित महासचिव मिलन राईले सञ्चालन गरेको समापन कार्यक्रममा नवनिर्वाचित अध्यक्ष प्रकाश शाहीले सम्मेलन सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद दिए । उनले आफू नेतृत्वको केन्द्रीय समितिले दलाल पुँजीवादी व्यवस्था अन्त्य गर्ने वैज्ञानिक समाजवादी शक्ति निर्माण गर्ने बताए ।

कार्यक्रममा सामना सांस्कृतिक परिवारका कलाकारहरूले जनवादी गीतसङ्गीत प्रस्तुत गर्नुका साथै सामनाका कलाकार समर भुसेले प्रहसन प्रस्तुत गरेका थिए ।

सम्मेलन समापनका अवसरमा पार्टी प्रवक्ता प्रकाण्डका साथै नेकपाका केन्द्रीय सदस्यहरू उमा भुजेल शिलु, चिरन पुन, आस्था, दीपेश राई, सङ्गमलगायत सहभागी थिए ।

यसअघि सम्मेलनमा सहभागी प्रतिनिधिले राष्ट्रिय सम्मेलन आयोजक समितिका संयोजक चिरञ्जीवी ढकाल र महासचिव प्रकाश शाहीले प्रस्तुत गरेको साङ्गठनिक प्रतिवेदन र विधानका साथै भूगोल र आआफ्नो कार्यक्षेत्रको रिपोर्ट प्रस्तुत गरेका थिए ।

गत शुक्रबार सुरु भएको बन्द सत्रमा सेती-महाकाली, भेरी-कर्णाली, राप्ती, लुम्बिनी, गण्डक, धौलागिरि, नारायणी, उपत्यका, ताम्सालिङ, जनकपुर, सगरमाथा, मेची-कोसी ब्युरो भूगोलका ७७ जिल्लाका प्रतिनिधिहरूले चयन गरेका संयोजकले साङ्गठनिक प्रतिवेदन र विधानमाथिको रिपोर्ट प्रस्तुत गरेका थिए ।

गैरभौगोलिक जिल्लाका रूपमा रहेका आईटी विभाग, कृषि विभाग, इन्जिनियरिङ विभाग, मेडिकल विभाग, सीटीईभीटी, केन्द्रीय कार्यालय, पूर्वाञ्चल, काठमाडौँ विश्वविद्यालय, पोखरा विश्वविद्यालयलगायत जिल्ला र विभागका प्रतिनिधिले पनि आआफ्नो क्षेत्रको प्रतिवेदन प्रस्तुत गरेका छन् ।

बन्द सत्रमा नेकपाका प्रवक्ता प्रकाण्ड, केन्द्रीय सदस्यहरू शिलु, मिलन, अटल, एटमलगायत नेताहरू उपस्थित थिए ।

बन्द सत्रमा सम्मेलन सफलताको शुभकामना दिँदै अखिल नेपाल जनस्वास्थ्यकर्मी महासङ्घका महासचिव एवम् स्वास्थ्य क्षेत्रका शैक्षिक माफियाविरोधी आन्दोलनका अभियन्ता डा. प्रकाश चन्दले युवा विद्यार्थीहरूलाई प्रतिफल निकाल्ने किसिमको अध्ययन, अनुसन्धान र सङ्घर्षको तयारी गर्न जोड दिए । उनले विद्रोही तालिबानहरूले कसरी सत्ता कब्जा गर्न सके भन्ने उदाहरण प्रस्तुत गर्दै बौद्धिक युवाहरूले नयाँ विषयवस्तु, नयाँ शैली, विकसित विश्व-परिस्थिति र सामाजिक-राजनीतिक-शैक्षिक अन्तरविरोधहरूको गहन अध्ययन र संश्लेषण गर्दै त्यसलाई क्रान्तिमा अभिव्यक्त गर्नुपर्ने बताएका थिए । क्रान्तिकारी पार्टीको सशक्त बौद्धिक दस्ता विद्यार्थी सङ्गठनले वैज्ञानिक नीति र सक्षम नेतृत्व चयन गरी निरन्तर सिर्जनात्मक शैलीको आन्दोलन अघि बढाए क्रान्ति छिट्टै विजयमा पुग्ने सन्देश पनि दिए ।

कार्यक्रममा सामना परिवारका कलाकारका साथै सम्मेलनमा सहभागी प्रतिनिधि, पर्यवेक्षकहरूले पनि उत्साहित भएर गायन, नृत्य, सिर्जना वाचनलगायत जनवादी सांस्कृतिक/साङ्गीतिक अभियानमा भाग लिएका छन् ।

## वैज्ञानिक समाजवादबारे ....

र साङ्गठनिक रूपले विशाल जनाधार भएको पार्टी आवश्यक भएकाले उक्त पार्टी निर्माणको दिशामा आफ्नो पार्टी अघि बढिरहेको उनको भनाइ थियो ।

प्रशिक्षण कार्यक्रममा पार्टीका प्रवक्ता प्रकाण्डले पुराना चिन्तन र आदतहरूलाई नभत्काएसम्म नयाँ क्रान्तिकारी पार्टी निर्माण हुन नसक्ने भन्दै प्रकाण्डले नयाँ क्रान्तिकारी पार्टी निर्माणकार्यमा अहिले भइरहेको प्रशिक्षण एक ऐतिहासिक प्रक्रिया भएको बताएका छन् । दलाल संसदीय व्यवस्थाका विरुद्ध सङ्घर्ष गर्ने क्रममा २ वर्ष लामो प्रतिबन्ध बेहोरेर आएपछिको यो प्रशिक्षणमा नेता-कार्यकर्ताबीच जीवन्त छलफल हुने र त्यो छलफलको निष्कर्ष पार्टी र क्रान्तिका लागि ऊर्जा बन्ने उनले बताए ।

उक्त प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले वर्तमान संसदीय व्यवस्था दिनप्रतिदिन सङ्कटमा पर्दै गएको बताएका छन् । नेता कञ्चनले वर्तमान संसदीय व्यवस्था अब जतिसुकै कोसिस गरे पनि उठ्न नसक्ने अवस्थामा पुगेको बताए । यो व्यवस्थामा समाजमा हत्या, हिंसा बलात्कार र मुख्य गरी भ्रष्टाचार बढेर गएको प्रस्ट पार्दै नेता कञ्चनले वैचारिक हतियार ठीक ढङ्गले समातेर जनतालाई गोलबन्द गर्दै अघि बढ्न र देशलाई निकास दिन आवश्यक रहेको बताए ।

नेकपाको तनहुँमा सम्पन्न ११ औँ पूर्ण बैठकपछि पहिलोपटक सुरु भएको उक्त प्रशिक्षणमा देशैभरिबाट तीन सय हाराहारी जिल्ला इन्चार्ज, सेक्रेटरी र विशेष समितिका नेता-कार्यकर्ता सहभागी भएका छन् । प्रशिक्षणमा नेकपाका महासचिव विप्लव, प्रकाण्ड, कञ्चन र सुदर्शनले सहभागीहरूलाई राजनीतिक-वैचारिक प्रशिक्षण दिनेछन् ।

प्रशिक्षण कार्यक्रमको पहिलो र दोस्रो दिन देशका विभिन्न जिल्लाका सेक्रेटरीले जिल्लामा भएगरेका कामको रिपोर्ट राखेका छन् । रिपोर्ट राख्ने क्रममा काठमाडौँबाट तुल्सीनारायण, रोल्पाबाट दिनेश, कालीकोटबाट रणदीप, कपिलवस्तुबाट कमल, मकवानपुरबाट विनोद, भोजपुरबाट नवीन, बझाङबाट विराट, जाजरकोटबाट अनन्त, दाङबाट प्रदीप, रूपन्देहीबाट विश्वास, बर्दियाबाट गणेश, सप्तरीबाट रेखा, कास्कीबाट गोकुल, काभ्रेबाट प्रताप, उदयपुरबाट लक्ष्मण, ताप्लेजुङबाट असल, कञ्चनपुरबाट जीवन, सुर्खेतबाट ध्रुव, सल्यानबाट नारायण, अर्घाखाँचीबाट माहुरी, म्याग्दीबाट दीपा, दार्चुलाबाट सुवास, सिन्धुलीबाट गोपाल, मोरङबाट नरेश र सङ्खुवासभाबाट युवराजले रिपोर्टिङ गरेका छन् ।

त्यसैगरी मङ्गलबार रिपोर्ट पेस गर्नेहरूमा झापाबाट प्रशान्त, कैलालीबाट सङ्गम, बाँकेबाट अनिल, मुगुबाट सङ्ग्राम, पश्चिम रुकुमबाट चन्द्र, बागलुङबाट आकाश, चितवनबाट मीनप्रसाद, ललितपुरबाट विशाल, दोलखाबाट माधव गौतम 'आकाश', रौतहटबाट कुमार, सिराहाबाट सुशील, खोटाङबाट जीवन, इलामबाट जितमान, सुर्खेत विशेष जिल्ला डी वानबाट सरिता, बैतडीबाट लक्ष्मण, जुम्लाबाट प्रभावित, प्युठानबाट अजय, नवलपुरबाट शीतल, गोरखाबाट कपिल, उत्पादन विभागबाट मनिराज, भक्तपुरबाट विजय, मकवानपुर डीवानबाट मिङ्मार, सिन्धुपाल्चोकबाट युगीन, बाराबाट रक्तिम, धनुषाबाट सन्तोष, सोलुखम्बुबाट निमा, पाँचथरबाट सन्तोष, विशेष जिल्ला कैलालीबाट विमल, प्रवास भारतबाट दामोदर, दैलेखबाट दीपेन्द्र, पाल्पाबाट भुवन, पर्वतबाट अनन्त, लमजुङबाट आक्रोश, प्रवासबाट गोविन्द, काठमाडौँ डी वानबाट कुमाल, रामेछापबाट इन्द्र, पर्साबाट गणेश, प्रवास मुम्बैबाट झरना, धनकुटाबाट नवीन, बाजुराबाट एन्डिज, अछामबाट सङ्घर्ष, डोटीबाट ध्रुव, उत्तरप्रदेशबाट दीपक र डँडेल्धुराबाट विजय छन् ।

रिपोर्टका क्रममा उनीहरूले जिल्लाहरूमा भएगरेका कामहरूको सूची प्रस्तुत गर्दै आगामी दिनमा गर्नुपर्ने कामहरूका बारेमा पार्टीलाई सुझाव दिएका छन् । रिपोर्टमा उल्लेख गरिएअनुसार नेकपाले देशव्यापी रूपमा कोरोना महामारी फैलिसकेपछि त्यसको नियन्त्रण र रोकथामका लागि अत्यावश्यक स्वास्थ्य सामग्री वितरण गर्नुका साथै जनचेतना फैलाउने काम भएको छ । यस्तै पार्टीले अघि सारेको जनमतसङ्ग्रहको कार्यदिशाका बारेमा जनतालाई बुझाउने र सङ्गठन निर्माण गरेको प्रतिवेदन प्रशिक्षणमा प्रस्तुत गरिएको छ । यस्तै पार्टीको केन्द्रीय कार्यक्रमअनुसार ठाउँठाउँमा उत्पादनका कामहरू पनि गरिएका छन् भने केही जिल्लामा कार्यालय स्थापना गरिएको छ । यस्तै रिपोर्टिङ गर्नेहरूले एमसीसी र जयसिंह धामी हत्याकाण्डविरुद्ध निरन्तर सङ्घर्ष जारी राखेको पनि बताएका छन् ।

सोमबार सुरु भई बुधबार समापन हुने प्रशिक्षण कार्यक्रमको अध्यक्षता पार्टी महासचिव विप्लवले गरिरहेका छन् भने सहजीकरण प्रवक्ता प्रकाण्डले गरिरहेका छन् । अन्तर्राष्ट्रिय गीतबाट सुरु भएको प्रशिक्षण कार्यक्रममा सामना परिवारले जनवादी सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिरहेको छ । कार्यक्रममा देशभरिबाट नेकपाका ३ सय नेता-कार्यकर्ताको सहभागिता रहेको जानकारी केन्द्रीय समितिले दिएको छ ।

## पोखरा र चितवनमा ....

बैठक सकेर विद्यार्थीको राष्ट्रिय सम्मेलन उद्घाटन गर्न पोखरा आएका नेकपा महासचिव विप्लवलाई नेकपा कास्की, अखिल क्रान्तिकारी राष्ट्रिय सम्मेलन आयोजक समिति, सम्मेलनमा सहभागी प्रतिनिधि/पर्यवेक्षक, पार्टी जवस, मोर्चाहरूका साथै पोखरेली जनसमुदाय र पर्यटन व्यवसायीले भव्य स्वागत गरेका हुन् । पोखरामा महासचिवलगायत सचिवालय सदस्यहरूको स्वागतका लागि नेकपा केन्द्रीय सदस्य एवम् कास्कीकी इन्चार्ज शिलु, नेकपा केन्द्रीय सदस्य एवम् विद्यार्थी सङ्गठनका फ्र्याक्सन इन्चार्ज मिलन, नेकपा केन्द्रीय सदस्य आस्था, सम्मेलन आयोजक समितिका संयोजक चिरञ्जीवी ढकाल, उपाध्यक्ष रुद्र भट्टराई, महासचिव प्रकाश शाही, सचिव सन्तोषी भट्टराई, कोषाध्यक्ष नरेन्द्र विकलगायत केन्द्रीय सदस्यहरू, नेकपा कास्कीका सेक्रेटरी गोकुल पराजुलीलगायत नेता-कार्यकर्ता खटिएका थिए ।

विद्यार्थी सङ्गठनको बन्दसत्र सञ्चालन हुने बैदाम, लेकसाइडस्थित कुटी २ होटेलदेखि तालबाराही मावि हुँदै ओलम्पस होटेलसम्म राता पोसाक लगाएर सडकका दुई किनारमा लाम लागेका पार्टी, विद्यार्थी, अन्य जवस मोर्चा, अतिथि र स्थानीय व्यवसायी तथा जनसमुदायले हाईहाई विप्लव, विप्लव आऊ देश बचाऊ, नेकपा जिन्दावाद, एकीकृत जनक्रान्ति जिन्दावाद, वैज्ञानिक समाजवाद जिन्दावादलगायत गगनभेदी नारा लगाएर महासचिव विप्लवको भव्य स्वागत गरेका हुन् ।

महासचिव विप्लवसँगै प्रवक्ता प्रकाण्ड, सचिवालय सदस्यहरू सुदर्शन, कञ्चन र विषम पनि कुटी २ आइपुगेका थिए ।

कोरोना सङ्क्रमणका कारण पर्यटकीय चहलपहल ठप्प रहेको पोखरामा नेकपाको सचिवालय, केन्द्रीय समिति, विद्यार्थी सङ्गठनका ५५५ जना प्रतिनिधि/पर्यवेक्षक, सम्मेलनलाई शुभकामना दिन उपस्थित विभिन्न जवस/मोर्चा प्रतिनिधि र अन्य पार्टी, विद्यार्थी सङ्गठनबाट सहभागी भएका अतिथिसहित झन्डै दुई हजार आन्तरिक पर्यटकको एक सातासम्म हुने चहलपहल र यसले पर्यटन व्यवसायलाई पर्याप्त सहयोग पुऱ्याउने भन्दै पोखरेलीहरूले अत्यन्त हर्ष र उत्साहका साथ कार्यक्रमलाई सहयोग गरेका छन् । सम्मेलन उद्घाटनका दिन चिप्लेढुङ्गामा भेला भएका हजारौँ सहभागीलाई पोखरेलीहरूले खुसीसाथ यातायात र पसलसमेत बन्द गरेर आमसभाका लागि सहयोग गरेका थिए ।

पोखराको आगमनलाई अझै स्मरणीय बनाउन सम्मेलनपछि अखिल क्रान्तिकारीले अतिथि र सहभागीहरूलाई औपचारिक रूपमै पोखराका मुख्यमुख्य पर्यटकीय स्थल भ्रमण गराएको थियो ।

यसैगरी पार्टीको केन्द्रीय प्रशिक्षणका लागि चितवन पुगेका पार्टी महासचिव विप्लवलगायत पार्टी सचिवालय सदस्यहरुलाई केन्द्रीय सदस्य सन्देश, चितवन जिल्ला पार्टीका कार्यकर्ता र जनसमुदायले डाइनेस्टी पार्क रिसोर्टमा भव्य स्वागत गरेका छन् ।

हुलाक द. नं. ०२/०७७/७८ काठमाडौं जि.का. द. नं. १०७/०७१/७२ वर्ष ७, अङ्क १३, पूर्णाङ्क २८३

रातो खबर

## पुँजीवाद कि ....

राजनीतिक सङ्कट भनेको अर्को अर्थमा वर्गसङ्कट हो र हरेक निकासले वर्गहित बोकेको हुन्छ।

जति नै सङ्कट आए पनि सत्तासीन वर्ग त्यो सङ्कटलाई आफ्नो असफलता र विस्थापनसम्म पुग्न दिन चाहँदैन । सकेसम्म उसले आफ्नो सङ्कटलाई आफ्नै निरन्तरतामा बदल्न चाहन्छ । परन्तु सङ्कटको सारतत्व बुझेर समाधान गर्न अगाडि आउने अग्रगामी एवम् क्रान्तिकारी शक्तिले पुरानै सत्तामा घुम्ने निकासलाई स्वीकार्दैन। उसले आफ्नो सम्पूर्ण विवेक र सामर्थ्य प्रयोग गरेर सङ्कटलाई नयाँ सत्ता, नयाँ व्यवस्था, नयाँ नेतृत्वमा रूपान्तरण गर्न चाहन्छ । अन्ततः सापेक्षतामा जुन वर्ग र नेतृत्व अग्रगामी, परिवर्तनकारी एवम् क्रान्तिकारी हुन्छ उही नै हाबी हुन्छ र निकासलाई आफ्नो अनुकूल बनाउन सफल हुन्छ।

यति बेला राजनीतिक सङ्कटको निकासबारे मुख्यतः तीनवटा दृष्टिकोण देखापरेका छन् भने तीन दृष्टिकोणभित्र विविध प्रवृत्तिहरू रहेका छन् । पहिलो, वैज्ञानिक समाजवाद, दोस्रो, दलाल पुँजीवादी एवम् संसदीय व्यवस्था र तेस्रो राजतन्त्रसहितको संसद्वाद । वैज्ञानिक समाजवादभित्रै पर्ने तर केही फरक मतका रूपमा नयाँ जनवाद रहेको छ भने संसद्वादभित्र लोकतान्त्रिक समाजवादी, समाजवाद उन्मुख लोकतन्त्र, सङ्घीय समाजवाद आदि छन्।

**१) वैज्ञानिक समाजवादको निकास**

यति बेलाको सङ्कटको वस्तुवादी, अग्रगामी एवम् क्रान्तिकारी निकास वैज्ञानिक समाजवाद हो अर्थात् सङ्कटलाई वैज्ञानिक समाजवादद्वारा निकास दिनुपर्छ भन्ने दृष्टिकोण नेपाल कम्युनिस्ट पार्टी, रणनीतिक संयुक्त मोर्चालगायतको रहेको छ । यो दृष्टिकोण एवम् निष्कर्ष कुनै अनुमानित एवम् काल्पनिक होइन, न त यो कुनै पार्टीविशेषको आग्रहपूर्ण दृष्टिकोण नै हो । यो नेपाली समाजको ऐतिहासिक विकासक्रम, अर्थराजनीतिक व्यवस्थाहरूको अभ्यास र परिणामहरूका साथै अगाडिका सम्भावनाहरूको तथ्यगत निष्कर्ष हो।

वैज्ञानिक समाजवाद नै सङ्कटको उचित निकास हो भन्ने निष्कर्षका पछाडि सैद्धान्तिक दृष्टिकोण सबैभन्दा बलियो एवम् मुख्य आधार हो । राजनीतिक सिद्धान्तका जुनसुकै विद्यार्थीलाई थाहा छ, पुँजीवादभित्र विकास भएका अर्थराजनीतिक अन्तरविरोध एवम् सङ्कटलाई उसले समाधान दिन नसकेपछि राज्यको अग्रगामी रूपान्तरणका लागि वैज्ञानिक समाजवादी-साम्यवादी राजनीतिक व्यवस्थाको अनुसन्धान भएको हो जुन अनुसन्धानले मानव जातिलाई इतिहासमै अद्वितीय प्रभाव मात्र पारेन, पुँजीवादको समाधान पनि दियो।

मार्क्स-एङ्गेल्सले साम्यवादी सिद्धान्तको अनुसन्धान गर्दै के साबित गर्नुभयो भने हरेक प्राकृतिक वस्तुको जन्म र मृत्यु अनिवार्य हुन्छ। त्यसैगरी राजनीतिक व्यवस्थाहरूको पनि जन्मसँगै मृत्यु हुन्छ। यो बाह्य कारणले भन्दा वस्तु आफैँभित्र पैदा हुने अन्तरविरोध र सङ्घर्षका कारण जन्मन्छन् र मर्छन्। पुरानाको विघटन हुन्छ भने नयाँले जन्म लिन्छ। ढुङ्गेयुगको मृत्युमा दासयुगको जन्म, दासयुगको मृत्युमा सामन्ती युगको जन्म, सामन्ती युगको मृत्युमा पुँजीवादी युगको जन्म भएबाट यसको पुष्टि हुन्छ। यही नियम पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवादको जन्ममा पनि लागू हुन्छ।

नेपालमा सामन्तवादको ठाउँ दलाल पुँजीवादले लियो तर यो आफैँभित्र कति गम्भीर अन्तरविरोधहरूबाट गाँजिएको छ भने यसैभित्रबाट यसको समाधान सम्भव देखिँदैन । वस्तुगत नियमबाट हेर्दा यसको अन्त्य र वैज्ञानिक समाजवादको जन्म आवश्यक बन्न पुगेको छ।

वैज्ञानिक समाजवाद निकास बन्ने दोस्रो आधार राजनीतिक प्रवृत्तिसँग सम्बन्धित छ। पुँजीवादी-दलाल पुँजीवादी राज्यसत्ता जन्म कालदेखि नै श्रमिक वर्गप्रति शोषणकारी, उत्पीडनकारी, दमनकारी रहँदै आएको छ। मुठीभर शासक वर्गबाहेक अन्य नागरिकका लागि तानाशाही, निरङ्कुश प्रवृत्तिको छ। यसले विदेशी पुँजीवादी शक्तिको आडमा देशको स्रोत-साधनमाथि लुट मच्चाउने गर्दछ जसले गर्दा पुँजीवादी व्यवस्था र समाजका अत्यधिक नागरिकहरूका बीचमा सङ्घर्ष चलिरहन्छ। अर्कोतिर पुँजीवादी सत्ता र व्यवस्थाभन्दा राजनीतिक, आर्थिक, सांस्कृतिक रूपले जनवादी, अग्रगामी, लोकतन्त्रिक, क्रान्तिकारी व्यवस्थाका रूपमा वैज्ञानिक समाजवाद अगाडि आएको छ।

वैज्ञानिक समाजवादले प्रथमतः राज्यसत्तालाई शोषक वर्गको हातबाट श्रमिक एवम् बौद्धिक वर्गको हातमा सारिदिन्छ। सत्तामा पुँजीवाल वर्गको पकड नरहेर आमश्रमिक जनता मजदुर, किसान, महिला, दलित, सेना, उत्पीडित समुदाय, क्षेत्रको समान र समानुपातिक सहभागिता वा प्रतिनिधित्व रहन्छ । सबै नागरिकका लागि राजनीतिक स्वतन्त्रता, जनअधिकार, शिक्षा, स्वास्थ्य, सूचना, यातायात अधिकारहरू सुनिश्चित हुन्छन् । राज्यले जनताविरुद्ध कुनै पनि तानाशाही, निरङ्कुश दमन चलाउँदैन । त्यसैगरी विश्वमा पुँजीवादी हस्तक्षेप र अतिक्रमण रहँदासम्म राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै विश्वका श्रमिक वर्गीय आन्दोलनका पक्षमा उभ्याउँछ। राज्यव्यवस्थाको व्यवस्थापिका र कार्यकारी प्रमुखमा जनताको प्रत्यक्ष मतलाई प्रयोग गरिन्छ। यस्तो राजनीतिक विशेषताका कारण वैज्ञानिक समाजवाद नै आजको निकास बन्न सक्छ।

वैज्ञानिक समाजवाद निकास हुने दोस्रो आधार दलाल पुँजीवादभित्र पैदा भएको आर्थिक अन्तरविरोधलाई अग्रगामी एवम् क्रान्तिकारी रूपान्तरण गर्न सक्नुमा रहेको छ। दलाल पुँजीवादी सत्ताले जसरी आर्थिक परनिर्भरता, दलालीकरण, सूदखोरी, माफियागिरीलाई प्रोत्साहन गरेको छ र यसैका कारण बहुसङ्ख्यक जनता गरिबीको मारमा पर्नुपरेको छ त्यसको समाधान वैज्ञानिक समाजवादले मात्र दिन सक्नेछ।

वैज्ञानिक समाजवादभित्र आमनागरिकहरूलाई गाँस, बास, रोजगारीलगायत आर्थिक अधिकार सुनिश्चित गरिएको हुन्छ। कुनै पनि नागरिकलाई शोषण गर्न पाइँदैन। विदेशबाट निगम पुँजी वा एकाधिकारवादी पुँजी भित्र्याएर श्रमिक जनतामाथि शोषण लाद्न र देशका स्रोत-साधनमाथि लूट मच्चाउन दिँदैन । अर्थ आयका लागि शोषणको सट्टा श्रम, ज्ञान र प्रविधिलाई उपयोग गरिन्छ।

वैज्ञानिक समाजवाद सङ्कटको निकास बन्ने चौथो आधार सामाजिक एवम् सांस्कृतिक समस्याहरू र तिनको समाधानको विषय हो । नेपाली नागरिकहरूले हरेक क्रान्ति, आन्दोलन र परिवर्तनपछि मौलिक, प्रगतिशील एवम् वैज्ञानिक संस्कृतिको रक्षा, विकास र संरक्षण चाहँदै आएका छन् तर कहिल्यै पूरा हुन सकेको छैन । उल्टो नेपाली जनसंस्कृतिको विचलन, उपभोक्तावादी, छाडा, अश्लील संस्कृतिको वृद्धि, महिला हिंसा, कथित दलितमाथिको दमन जटिल समस्या बन्दै गएका छन् । यी सारा समस्यालाई दीर्घकालिक समाधान दिनका लागि वैज्ञानिक समाजवाद अपरिहार्य छ।

नेपाली जनताको प्रवृत्ति एवम् चाहनालाई दृष्टिगत गर्दा पनि वैज्ञानिक समाजवाद नै निकासको विकल्प साबित हुन्छ। समाजवादका पक्षमा भएका चाहे सशस्त्र विद्रोह, जनयुद्ध, एकीकृत जनक्रान्ति होस्, चाहे निर्वाचनमा मतदान गरेर होस्, जहिले पनि श्रमिक जनताले वैज्ञानिक समाजवादी धारालाई साथ र सहयोग गरेका छन्।

नेपालका हरेक राजनीतिक पार्टीहरूले अख्तियार गरेको समाजवादी राजनीतिक सिद्धान्तका दृष्टिले पनि वैज्ञानिक समाजवाद नै उचित विकल्प साबित हुन्छ जस्तो कि कम्युनिस्ट नामका सबै पार्टीहरूले समाजवाद भनिरहेका छन्। नेपाली काङ्ग्रेसले लोकतान्त्रिक समाजवाद भन्छ, जनता समाजवादी पार्टीले सङ्घीय समाजवाद भन्छ भने राप्रपाले पनि संवर्द्धनवाद भन्न थालेको छ । यसको अर्थ एउटै हुन्छ- नेपालमा श्रमिक जनता समाजवाद चाहन्छन् । अर्थात् आमूल परिवर्तनका लागि मात्र होइन, सुधारवादी राजनीतिका लागि पनि समाजवाद भन्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ।

यसरी समग्रमा हेर्दा सैद्धान्तिक दृष्टिकोणबाट होस् वा व्यावहारिक आवश्यकताबाट, ऐतिहासिक आवश्यकताबाट होस् वा स्वतन्त्रताबाट, निजी चाहना होस् वा सामाजिक दायित्वबाट होस्, वस्तुगत वास्तविकताबाट होस् वा भविष्यको सम्भावनाबाट जताबाट विश्लेषण गर्दा पनि वैज्ञानिक समाजवाद नै सबैभन्दा सही निकास देखिन्छ। क्रमशः

## अखिल नेपाल महिला सङ्घ रूपन्देहीमा उषा

**बुटवल** । अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी रूपन्देहीको दोस्रो जिल्ला भेलाले उषा पाठकको अध्यक्षतामा १९ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ।

भेलाले उपाध्यक्षमा देवी भट्टराई, सचिवमा लक्ष्मी घिमिरे, सहसचिवमा लक्ष्मी थापा, कोषाध्यक्षमा पूजा खरेल र सदस्यहरूमा मीना पाण्डे, जायरा बानु, इन्दिरा सुवेदी, इन्दिरा जीसी, कमला थापा, विद्या कुर्मी, राधा कुँवर, प्रेमकुमारी थारू, निर्जला, वसन्ती भट्टराई, रेखा चौधरी, दिलकुमारी विक रहेका छन्।

भेलालाई सम्बोधन गर्दै नेकपा केन्द्रीय सदस्य तथा सङ्गठनकी केन्द्रीय अध्यक्ष बन्धु चन्दले राजनीतिक सत्तामा महिलाको समान अधिकार प्राप्त नहुँदासम्म महिला मुक्ति सम्भव नभएकाले त्यसका लागि पुँजीवादी राज्यसत्ताको अन्त्य हुनुपर्ने बताइन्।

अध्यक्ष चन्दले अहिलेको परिस्थितिमा इतिहासको विवेचना गरेर मात्रै महिला मुक्ति सम्भव नहुने भन्दै एकीकृत जनक्रान्तिको राजनीतिक कार्यदिशामार्फत प्राप्त हुने वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र महिलाहरूको समस्या समाधान गर्ने बताइन् । उनले लैङ्गिक उत्पीडन र विभेदको अन्त्यको सुरुआत अक्टोबर क्रान्तिले गरेको भन्दै यसलाई हामीले अनुसरण गर्नुपर्ने पनि बताइन् । चन्दले दलाल पुँजीवादी सत्ता रहँदासम्म महिलाहरूको अवस्था उस्तै रहने भएकाले जनमतसङ्ग्रहमार्फत वैज्ञानिक समाजवाद प्राप्तिका लागि सम्पूर्ण महिला एकीकृत जनक्रान्तिमा गोलबन्द हुन आवश्यक रहेको बताइन्।

भेलामा नेकपा रूपन्देही सेक्रेटरी विश्वासले पुँजीवादी व्यवस्था कि समाजवादी व्यवस्था ? भन्ने विषयमा जनताले आफूलाई मन परेको व्यवस्था छान्न पाउनुपर्ने बताए । उनले महिलामाथिको उत्पीडनको अन्त्य वैज्ञानिक समाजवादी व्यवस्थाबाट मात्र सम्भव रहेको बताए। उनले महिलामाथि सयौँ वर्षदेखि उत्पीडन थोपरिँदै आएको र अन्यायविरुद्ध नलड्नेहरू कायर भएको बताए।

भेलामा नेकपाका नेता कञ्चन सियारी गाउँपालिकाका सेक्रेटरी नवीन थारु र अखिल नेपाल लेखक सङ्घका महासचिव खोमा तरामु मगरले महिला मुक्तिको सङ्घर्षलाई वर्गसङ्घर्षसित जोड्दै अगाडि बढ्नुपर्ने बताए।

रूपन्देही जिल्लाका विभिन्न स्थानबाट सहभागिता रहेको भेलाको अध्यक्षता रेखा खनाल, स्वागत देवी भट्टराई, प्रमुख आतिथ्य बन्धु चन्द र सञ्चालन उषा पाठकले गरेका थिए।

भेलामा सङ्ग्रामी सांस्कृतिक परिवारले अन्तर्राष्ट्रिय गीतसहित सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । कवि प्रकाशसिंह राना र विमला विकले कविता वाचन गरेका थिए। युवा सङ्गठन नेपाल लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषणले नवनिर्वाचित समितिलाई धन्यवाद ज्ञापन गरेका थिए भने प्यानल प्रस्ताव सङ्गठनकी केन्द्रीय सदस्य तथा लुम्बिनी ब्युरो संयोजक ममताले गरेकी थिइन्।

## योगेन्द्रलाई तत्काल रिहा गर्न युवा सङ्गठनको माग

**कपिलवस्तु** । युवा सङ्गठन नेपाल कपिलवस्तुले भारतको सिमानाबाट अबैध तस्करी गरेर ट्रकमा ल्याउँदै गरेको १६० भन्दा बढी बाख्रा कब्जा गरी प्रहरीलाई बुझाउने क्रममा सङ्गठनका जिल्ला सदस्य योगेन्द्र पुनलाई बिनाकारण वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रहरी इन्स्पेक्टर शङ्कर आचार्यको टोलीले गिरफ्तार गरेको भन्दै तत्काल रिहा गर्न माग गरेको छ।

सङ्गठनका जिल्ला अध्यक्ष सागरले वक्तव्य जारी गरी जिल्लामा भएको अवैध तस्करी, कमिसनखोर र बिचौलियाहरूका विरुद्ध सङ्घर्ष गर्दा गृहप्रशासनले निकृष्ट हर्कत गरेको भन्दै गिरफ्तारीको कडा निन्दा एवम् भर्त्सना गरेका छन्।

अध्यक्ष सागरले वक्तव्यमा भनेका छन्, 'हाम्रो सङ्गठनले २०७८ असोज ८ गते भारतको सिमानाबाट अवैध तस्करी गरेर ट्रकमा ल्याउँदै गरेको १६० भन्दा बढी बाख्रा कब्जा गरी प्रहरी प्रशासनलाई बुझाउने क्रममा हाम्रो सङ्गठनका जिल्ला सदस्य योगेन्द्र पुनलाई बिनाकारण वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रहरी इन्स्पेक्टर शत्त र आचार्यको टोलीले गिरफ्तार गरेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

वक्तव्यमा भनिएको छ, 'जिल्लामा भएको अबैध तस्करी, कमिसनखोर र बिचौलियाहरूका विरुद्ध सङ्घर्ष गर्दा गृहप्रशासनले गरेको निकृष्ट हर्कत र गिरफ्तारीको कडा निन्दा एवम् भर्त्सना गर्दै कमरेड योगेन्द्र पुनलाई तत्काल रिहा गर्न चेतावनी दिन चाहन्छौँ । जिल्लामा हुने सबैखाले अबैध तस्करी, भ्रष्टाचार र कमिसनखोर तत्काल नरोके थप कडा सङ्घर्ष गर्नेसमेत जानकारी गराउँदछौँ ।'

## भन्सार विभागको अनुरोध

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृति गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं
टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९
इमेल : prasasan.customs@gmail.com

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ